# अध्याय - एक
# अनुसन्धान परिचय

## १.१ परिचय

नेपालको दक्षिणमा रहेको समथर भू-भागलाई तराई प्रदेश भनिन्छ । यो तराई प्रदेश पहाडी नदीनालाहरूले बगाएर ल्याएको मलिलो माटोले बनेको छ (श्रेष्ठ, २००७ ई., पृ. १) । पूर्वमा मेची नदीदेखि पश्चिमा महाकाली नदीसम्म यो भू-भाग इँटाकारमा फैलिएर रहेको छ । यो नेपालको सबैभन्दा बढी अन्न उत्पादन हुने ठाउँ हो (गेज, २००९ ई., पृ. २) । नेपालको तराई क्षेत्रमा वर्तमान समयमा बीसवटा जिल्लाहरू रहेका छन् । यो क्षेत्रले नेपालको कूल कृषियोग्य जमिनको ५७ प्रतिशत भाग ओगटेको छ । नेपालको कुल भू-भागमध्ये १७ प्रतिशत भाग यही तराई क्षेत्रमा रहेको छ । नेपालको तराई क्षेत्रमा पहिले औलो, हैजा जस्ता महामारी रोगहरू लागेर मानव बस्ती नै सखाप हुने गरेका कारण औलो प्रकोप क्षेत्रका रुपमा चिनिन्थ्यो । वि.सं. २००७ साल पछि क्रमशः नेपाल अधिराज्यव्यापी औलो उन्मूलन कार्यक्रम लागु भएपछि त्यस क्षेत्रमा प्रसस्त बस्ती विस्तार भएको थियो (चौधरी, २०६४ वि.सं., पृ. २१६-१७) । नेपालको पहाडी क्षेत्र र भारतबाट समेत यस क्षेत्रमा धेरै मानिसहरू आएर बसेका थिए ।

नेपालको तराई क्षेत्रमा आवादीको सुरूवात धेरै पहिलेदेखि नै भएको पाइन्छ । ईशापूर्वकै समयमा नेपालको तराई क्षेत्र र भारतको उत्तरी क्षेत्रका केही भागहरू समेटिएका किचकदेश, विराट, कोचिला, कपिलबस्तु, कोलीय, मिथिला जस्ता राज्यहरू विकसित भइसकेका थिए । तथापि ती राज्यहरू कहिले शक्तिशाली हुन्थे त कहिले विलयको अवस्थामा पुग्दथे । प्राचीन र मध्यकालमा नेपालको पूर्वीतराईमा मानव बस्ती कायम रहे पनि पश्चिमी तराईका अधिकाङ्श भाग भने जङ्गलले ढाकिएका थिए । राणाशासनकालसम्म आइपुग्दा नेपालको तराई क्षेत्रमा व्यापक जङ्गल फडानी गरी बस्ती बसाल्ने कार्य तिब्र गतिले अगाडि बढेको थियो ।

तराईमा औलो उन्मूलन कार्यक्रम लागू भएपछि नेपालको पहाडी क्षेत्र र भारतका विभिन्न ठाउँहरूबाट समेत मानिसहरू त्यसक्षेत्रमा केही बढी मात्रामा बसाइँ सरेर आउन थालेका थिए । त्यसपछि नेपालको तराई क्षेत्रका सबैजसो ठाउँहरूमा बस्ती बसाल्ने क्रम तिब्र गतिले बढ्दै गएको थियो । त्यसरी नेपालको तराई क्षेत्रमा बस्ती बिस्तार हुँने क्रममा विभिन्न जातीय समुदायका मानिसहरू फरकफरक ठाउँहरूबाट आएर बसेका थिए । त्यसरी विभिन्न ठाउँहरूबाट आएका मानिसहरूमध्ये दलित समुदायका मानिसहरू पनि एक थिए । अहिले नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका दलित समुदायलाई 'तराई दलित' भनेर चिन्ने गरिन्छ (रिजाल, २००६ ई., पृ. ६) । त्यस्ता 'तराई दलित' समुदायहरूमध्ये चिडिमार जातिका मानिसहरू पनि एक हुन् ।

वर्तमान समयमा नेपालको तराई क्षेत्रमा पहाडी क्षेत्रबाट बसाइँ सरेका ब्राह्मण, क्षेत्री, कामी, दमाई, बादी, सार्की, गुरूङ्ग, मगर, राई, लिम्बुजस्ता विभिन्न जातजाति तथा जनजातिका अतिरिक्त पाण्डे, मिश्र, झा, भूमिहार, झाँगड, मेडी, कुम्हार, नाऊ, तेली, माली, तमोली, माझी, धोवी, बरई, मेहता, मलाहा, मारवाडी, बंगाली, अग्रवाल, थारू, राजबंशी, धिमाल, बाँतर, सतार, दराई, दनुवार, मुसलमान, चिडिमार, कुशवाडिया, मगन्ता, सोनाहा, किंघरिया, धानकुट्टा, घँसियारा, राजी, गडरिया, केवट, कलवार, काँदु, ठाकुर, लोनिया, कहार, खटिक, लोध, कोरी, वेडुवा, धानुक, खत्वेजस्ता अनेक जातजाति र थर भएका तराई मूलकै मानिसहरूको बस्ती रहँदै आएको छ ।

वि.सं.२०५३ सालमा गठित दलित विकास समितिले नेपालका २३ वटा जातिलाई दलितमा गणना गरेको थियो । ती दलितहरू लोहार, सुनार, कामी, दमाई, सार्की, बादी, गाइने, कसाई, कुसुले, कुचे, च्यामे, पोडे, चमार, धोवी, पासवान(दुसाध), तत्मा, डोम, बातर, मुसहर, सन्थाल, सतार, हलखोर थिए (डंगोल, २००६ ई., पृ. ३) । तर पछि गएर त्यो आंकडा गलत सावित हुन पुगेको थियो किनकी पहाडी दलितमा सुनार र कामी एउटै जातिका भएको र तराईका दलितमा पनि केही जातिहरू छुटेका र केही जनजातिका मानिसहरूलाई पनि दलितमा राखिएको हुँदा त्यो आंकडा गलत सावित हुन पुगेको थियो । पछि नेपालको तराई क्षेत्रमा १७ वटा मात्र दलित समुदायका मानिसहरू भएको आंकडा राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन २०६३/६४ मा गरिएको छ (बराह र घिमिरे, २०६४ वि.सं., पृ. १३५) । त्यसै गरी राष्ट्रिय दलित आयोगले नेपालको तराई क्षेत्रमा १९ वटा दलित समुदायका मानिसहरू बसोबास गर्ने कुरा वि.सं.२०६८/०६९, २०६९/७० र २०७०/७१ का वार्षिक प्रतिवेदनहरूमा उल्लेख गरेको छ । ती तराईका दलित समुदायअन्तर्गतका जातिहरू कलर, ककैहिया, कोरी, खटिक, खत्वे, चमार, चिडिमार, डोम, तत्मा, दुसाध, धोवी, पत्थरकट्टा, पासी, बाँतर, मुसहर, हलखोर र सरभङ्ग पहिलेदेखि उल्लेखित र पछि पहिचान भएका नटुवा, ढाँडी र धनिकार वा धन्कार हुन् (विश्वकर्मा, २०६९ वि.सं., पृ. ४१) । त्यसमा पहिलेदेखि नै दलितमा गणना गरिदै आएको पत्थरकट्टालाई भने समावेस गरिएको छैन (तिम्सिना, २०७० वि.सं., पृ. ६२-६३) । यो कुराको उल्लेख राष्ट्रिय दलित आयोगको वि.सं.२०७०/७१ को प्रतिवेदनमा पनि समान रुपले उल्लेख गरिएको छ (तिमिल्सिना, २०७१ वि.सं., पृ. ५८) । यसरी नेपालकै तराई क्षेत्रमा बस्दै आएका दलित समुदायका जातिहरूको सङ्ख्या अझै किटान गर्न नसकिएको वर्तमान अवस्थामा त्यस क्षेत्रका जातजातिहरूका विषयमा गहन अध्ययनको खाँचो रहेको देखिन्छ ।

नेपालमा जातीय विविधतासँगै भाषिक, धार्मिक, सांस्कृतिक, वर्गीय विविधताहरू पनि रहेका छन् । फरकफरक भाषा, धर्म, संस्कृति, रीतिरिवाज भएका मानिसहरू एकापसमा मिलेर बस्ने गरेका कारण नेपाली समाजलाई 'विविधतामा एकता' भएको समाजका रूपमासमेत चिन्ने

गरिन्छ । नेपालमा बसोबास गर्ने मानिसहरूमा भएको जातीय विविधता जस्तै देशको भौगोलिक क्षेत्रमा पनि विविधता रहेको छ । नेपाली समाजमा जातीय विविधता हुनुमा देशको भौगोलिक विविधताको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ । पहाडी धरातलीय स्वरूपको विकटताका कारण विभिन्न समयमा शरणार्थीका रूपमा वा अन्य कारणबाट नेपाल प्रवेश गरेका मानिसहरूको जातीय अस्तित्व जोगिन सम्भव भएको थियो । भौगोलिक कठिनाइका कारण यहाँ जातीय घुलन कम हुनगई सबै जातजातिका मानिसहरूले आफ्नो वंशाणुगत अस्तित्व कायम राख्न सफल भएका थिए । उत्तरी सीमाना पूर्वदेखि पश्चिमसम्म नै चीनको स्वशासित क्षेत्र तिब्बतसँग र बाँकी पूर्व, पश्चिम र दक्षिणतिरका सीमानाहरू भारतसँग जोडिएका छन् । ती सीमानाहरूका निकटवर्ती क्षेत्रहरूमा बसोबास गर्ने धेरैजसो मानिसहरूका रूपरङ्ग, सामाजिक, सांस्कृतिक अवस्थाहरू, स्वभाव, व्यवहार, चालचलन, भाषा, धर्म, जाति, पेसाजस्ता मानवीय क्रियाकलापहरू छिमेकी मुलुकका मानिसहरूसँग मिल्दाजुल्दा रहँदै आएका छन् । तथापि नेपाली समाजमा घुलमिल भइसकेका यस्ता जातजातिहरूले समाजमा आफ्नो मौलिक अस्तित्व भने कायम राख्न सफल भएका छन् । यस्तो विविधतायुक्त सामाजिक स्वरूप र जातीयता भएको नेपाली समाजमध्ये तराईको समाज पनि एक हो । यस समाजको निर्माणमा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने धेरै जातिहरूमध्ये चिडिमार जातिको पनि महत्वपूर्ण योगदान रहेको पाइन्छ । यी चिडिमार जातिका मानिसहरू प्रमुख रूपले पश्चिम तराईको बाँके जिल्लामा बसोबास गर्दै आएका छन् ।

भारतमा आर्य सभ्याताको विकासका क्रममा अस्तित्वमा आएको वर्णव्यवस्था हिन्दू समाजमा लागु भएपछि त्यसमा गरिएको कार्यविवरणका आधारमा शूद्र वर्णमा गणना हुँदै आएका शिकारी जातिहरू ब्राह्मण साहित्यकालसम्ममा शूद्रमा गणना भइसकेका थिए । त्यतिबेला शिकारीहरूले छोएको खानासमेत ब्राह्मण, क्षेत्री र वैश्यले खाँदैनथे (दत्त, १९६८ ई., पृ. ५१) । प्राचीनकालमा कुनै एक जातिको परम्परागत पेसा जङ्गली पशुपक्षी समात्ने/मार्ने र बिक्रीवितरण गरी जीविका चलाउने रहँदै आएको थियो (दत्त, १९६८ ई., पृ. ५१) । त्यसभन्दा पनि अगाडिको मानव विकासको क्रमलाई हेर्ने हो भने आजभन्दा करिव ५०-५२ हजार वर्ष अगाडितिरै जर्मनीको डुसल्डर्फ नजिकै रहेको नियन्डरथल भन्ने ठाउँमा बस्ने गुफामानवहरूले समेत चराको शिकार गर्ने र मासु खाने गर्दथे (डेविस, १९६८ ई., पृ. २) । हुनत त्यतिवेला त्यस्तो चरा मार्ने, समात्ने वा जङ्गलमा शिकार गरी जीविका चलाउने जातिको नाम चिडिमार भनी कतै पनि उल्लेख गरेको पाइँदैन । त्यस्तो चरा मार्ने कामले त्यतिबेला व्यावसयिक रुप पनि लिइसकेको थिएन । मात्र उनीहरू जीविकोपार्जनका लागि त्यो काम गर्दथे । भारतमा सभ्यताको विकासका क्रममा पशुपालन तथा कृषियुगको विकास हुँदै गएपछि पनि एकथरी मानिसहरूले शिकारी व्यवसायलाई अंगालिरहेका र त्यस्ता व्यवसाय अंगाल्ने मानिसहरू व्याधा, शिकारी आदिका नामले परिचित हुँने

गरेका थिए । हिन्दू समाजमा वर्णव्यवस्थाको सुरुवात भएपछि त्यस्तो व्यवसायलाई सामाजिक रुपमा तल्लो स्तरको मान्ने गरिएका आधारमा त्यतिबेलादेखि नै उनीहरू पनि त्यही स्तरका रुपमा गणना हुन थालेको पाइन्छ । परम्पागत रुपमा चरा मार्ने पेसा अंगाल्दै आएका चिडिमार जातिका मानिसहरू वर्तमान अवस्थामा विभिन्न कारणले आफ्नो पुर्ख्यौली पेसाबाट विमुख हुँदै जान बाध्य भएको हुनाले व्यावसायिक पहिचान कायम राख्न नसकी चुनौतिपूर्ण अवस्थाको सामना गरिरहेका छन् ।

नेपालको तराई क्षेत्रमा दिनानुदिन जङ्गलको विनास हुँदै गएको र राज्यले पनि कानुनी रूपमा जङ्गलमा शिकार खेल्न, चराचुरूङ्गी समात्न,/मार्न प्रतिबन्ध लगाउदै गएपछि चिडिमार जातिको जातीय पेसा सङ्कटमा पर्दै गएको थियो । प्राचीनकालदेखि नै खासगरी भारतमा राजामहाराजाहरू जङ्गलमा शिकार खेल्न जाने  प्रचलन कायम रहँदै आएको थियो । त्यो समयमा हात्ती, घोडा, शिकारी कुकुर आदिको लावालस्करका साथ माउतेहरू र चरामार्न/समात्न सिपालु व्यावसायिक शिकारी जातिहरूलाई पनि सहयोगिका रुपमा लैजाने गरिन्थ्यो । त्यस्ता चरा शिकारीहरूले चरा समात्दा रूखका चोपबाट तयार पारिएको अहिले 'लासो' भनिने एकप्रकारको खोटोलाई लामालामा लट्ठीका टुप्पामा दलेर जङ्गलमा लुकिछिपि बस्ने र त्यसले छोइदिनासाथ चरा त्यसैमा टाँसिएर आउने प्रविधिको प्रयोग गर्ने गर्दथे । त्यसै गरी 'नरकूल' भनिने एक प्रकारको धनुष तथा जालको माध्यमबाट पनि चरा समात्ने/मार्ने प्रविधि विकसित हुँदै आएको थियो । प्राचीनकालमा त्यस्तो चरा समात्ने/मार्ने र बेचविखन गरी जीविका चलाउने जातिलाई 'शकुनिक' भनिन्थ्यो (प्रश्रित, २०६३ वि.सं., पृ. ८७) । ती प्राचीन सकुनिकका सन्तान नै वर्तमान चिडिमार जातिका मानिसहरू भए नभएको प्रमाणित गर्न नसकिए पनि त्यही पेसा अगाल्ने वर्तमान जातिलाई चिडिमार भन्ने गरिएको पाइन्छ ।

चिडिमार १५० देखि २०० वर्ष अगाडितिर भारतबाट बसाइँ सरेर नेपालको तराई क्षेत्रमा आएर बसोबास गर्दै आएको जाति हो (गौतम र थापा मगर, १९९४ ई., पृ. १२१) । भारतको उत्तर प्रदेशका बाबागञ्ज, नवाबगञ्ज, लखनऊ, बहराइच जस्ता ठाउँहरूमा मुख्य बसोबास रहेका बहेलियाहरूकै एक शाखा मानिदै आएका मानिसहरू नेपालमा भने 'चिडिमार' को नामले परिचित हुन पुगेका हुन् । नेपालको तराई क्षेत्रका विभिन्न ठाउँहरूमा फैलिएर रहेका यस जातिका मानिसहरू भारतबाट नै नेपालमा स्थानान्तरण हुँदै आएको मानिन्छ । व्यावसायिक रूपमा चरा मार्ने यो जाति हिन्दी र अवधी भाषामा समेत 'चिडी' वा 'चिडिया' मार्ने जातिको नामबाट परिचित रहेको पाइएको छ (गौतम र थापा मगर, १९९४ ई., पृ. १२१) । हिन्दी तथा अवधी दुवै भाषाहरूमा चरालाई 'चिडी' भन्ने गरिन्छ । त्यही 'चिडी' मार्ने हुनाले यस जातिलाई 'चिडिमार' भन्ने गरिएको हो (चौलागाई, २०६३ वि.सं., पृ. ६) । व्यावसायका आधारमा नेपालमा यस जाति

'चिडिमार'को नामले परिचित भए तापनि भारतमा यस्तै प्रकारको जातिलाई अहिले पनि 'बहेलिया' नै भन्ने गरिएको पाइन्छ ।

नेपालमा रहेका विभिन्न जातजातिहरूको तुलनामा सङ्ख्याका दृष्टिले यो अल्पसङ्ख्यक अवस्थामा रहेको जाति हो । आर्थिक दृष्टिले विपन्न, सामाजिक दृष्टिले राष्ट्रिय मूलप्रवाहमा आउन नसकेको, कानुनी दृष्टिले राष्ट्रको कानुनबाट समेत अनभिज्ञ रही त्यसलाई उपयोग गर्न नसकेको, शैक्षिक रूपमा राज्यद्वारा प्रदान गरिएका विभिन्न सुविधाहरूको उपभोग नगर्ने तथा त्यस विषयमा अनभिज्ञ रहेको र त्यसप्रति कुनै जिज्ञासा, जानकारी र पहुँच नै नभएको, व्यावसायिक रूपले राज्यका सरकारी निकायहरू सेना, प्रहरी, निजामती, शैक्षिक संस्थाहरूमा प्राध्यापन, बैंक आदि क्षेत्रका पदहरूको उपभोग गर्न नजानेको वा पहुँच पुग्न नसकेको चिडिमार जाति वर्तमान अवस्थामा आफ्नो परम्परागत पेसाबाट विचलन भई आजीविकाको दीगो माध्यमको खोजिमा रहँदै आएको छ । यस जातिका नयाँ पुस्ताका मानिसहरूले ज्याला मजदुरी गर्ने, कृषि मजदुरी गर्ने, रिक्सा चलाउने, घरायसी लुगा, भाँडावर्तन धुनेजस्ता कामहरू गर्ने गरे तापनि यस जातिका बुढापाकाहरू भने अझै पनि आफ्नो परम्परागत पेसा बाहेकका कामकाजहरू गर्न हिचकिचाउने गर्दछन् । भारतबाट नेपालको तराई क्षेत्रसम्म फैलिएको समयतिर चिडिमार जातिका मानिसहरू घुमन्ते फिरन्ते अवस्थमा रहेका थिए । नेपालको तराईका जङ्गलहरूमा घुम्दैफिर्दै चरा मार्ने पेसा अंगाली रहेका चिडिमारहरूले विभिन्न कारणले आफ्नो परम्परागत पेसा छोड्दै गएपछि मात्र यिनीहरू स्थाई रूपले बसोबास गर्न थालेका थिए । त्यसभन्दा अगाडिसम्म उनीहरू घुमन्ते अवस्थामा रहेका थिए ।

नेपालको तराई क्षेत्रमा रहेका चिडिमार जातिको जनसङ्ख्या वि.सं.२०६८ सालको जनगणनाअनुसार १२५४ रहेको छ । जसमा पुरूषको सङ्ख्या ६५१ र महिलाको सङ्ख्या ६०९ रहेको छ (राष्ट्रिय तथ्याङ्क विभाग, २०१२ ई., पृ. १४८-१५२) । त्यसमध्ये ९७ प्रतिशतभन्दा बढी यस जातिका मानिसहरूको बस्ती मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा नै रहेको छ । त्यसमा पनि यस जातिका मानिसहरू भेरी अञ्चलको बाँके जिल्लामा बसैभन्दा बढी सङ्ख्यामा बसोबास गर्दै आएको पाइएको छ । बाँके नेपालको पश्चिमी तराईमा पर्ने जिल्ला हो । नेपालको तराई क्षेत्रमा बस्ने हुनाले त्यहाँका दलितहरूलाई 'तराई दलित' भन्ने गरिएको हो । नेपालको तराई दलितका विषयमा निकै कम मात्र अध्ययन अनुसन्धान भएको पाइन्छ । सोहीअनुरुप चिडिमार जातिका बारेमा पनि अहिलेसम्म खासै अध्ययन अनुसन्धान हुन नसकेको हुँदा त्यही खाँचोलाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत अनुसन्धान कार्य तराई दलितमध्ये चिडिमार जातिका विषयमा केन्द्रीत गरिएको हो ।

## १.२ समस्या कथन

चिडिमार जातिका मानिसहरूको बसोबास क्षेत्र, तराईका दलित समुदायका रूपमा चिडिमार जातिको चिनारी तथा यस जातिको सामाजिक, सांस्कृतिक अवस्थाको नेपाली समाजमा पहिचान हुन सकेको छैन ।

तराईका दलित समुदायका चिडिमार जातिको सामाजिक-सांस्कृतिक स्तर, यस जातिका शैक्षिक, धार्मिक, स्वास्थ्य, महिला, बालबालिकाको अवस्थाका बारेमा पनि यथोचित जानकारी प्राप्त हुन सकिरहेको छैन ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका धेरै जातजातिका मानिसहरूले दिनानुदिन आफ्नो जीवनस्तरमा समयसापेक्ष सुधार गर्न सफल भइरहेको अवस्थामा चिडिमार जातिका मानिसहरूले पुस्तौंदेखि गर्दै आएको आफ्नो पेसालाई छोडेर सङ्क्रमणको स्थितिको सामना गरिरहेका छन् । यस्तो अवस्थामा चिडिमार जातिमा रोजगारीको समस्या छ । यस जातिमा परम्परागत रुपमा रहेको त्यसै समाजद्वारा स्थापित पञ्चायत नामको न्यायीक संगठनप्रतिको विश्वासमा पनि सङ्कट पैदा भएको छ । यसले गर्दा उनीहरू न्याय खोज्न न त सरकारी अदालत जान सक्दछन् न त पञ्चायतका निर्णयमा नै विश्वास गर्दछन् । यसले चिडिमार जातिमा न्यायिक समस्या पनि पैदा गरेको छ ।

शैक्षिक स्तर कमजोर भएका कारण आफ्नो समाजमा रहेका समस्याहरूको पहिचान गर्न सक्ने क्षमताको विकास हुन नसक्नु चिडिमार जातिमा विद्यमान अर्को समस्या हो । यस जातिका मानिसहरूको बस्ती रहेका निकट क्षेत्रमै पनि अन्य जातजातिका मानिसहरूको बस्ती भए पनि ती अन्य जातजातिका मानिसहरूका समय सुहाउँदा परिवर्तित र परिमार्जित संस्कार, संस्कृतिहरूको अनुसरण गर्न यिनीहरूले सकिरहेका छैनन् । यस जातिका आफ्ना मौलिक संस्कृतिहरू भए पनि त्यसका विषमा जानकारी गराउने, उनीहरूका मौलिक संस्कार, संस्कृतिहरू सम्पन्न गर्ने क्रममा कुनै सुविधा, सौलियत प्रदान गर्ने विषयमा न त सरकारको ध्यान पुग्न सकेको छ न त अन्य निकायको । यस्ता समस्याहरूको समाधानको खोजी गर्नु पर्ने प्रस्तुत अनुसन्धानको प्रमुख समस्या कथन रहेको छ ।

प्रस्तुत अध्ययनमा चिडिमार जातिमा सामाजिक-सांस्कृतिक चेतनाको विकास हुन नसक्नु, यस जातिको ऐतिहासिक विकासका बारेमा जानकारी प्राप्त हुन नसक्नु, शिक्षामा समेत पछाडि परिरहनु र यसमा समय सापेक्ष सुधार हुन नसक्नुका कारणहरू के के हुन् ? भन्नेजस्ता समस्याहरूको पहिचान र अध्ययन गरी त्यसका समाधानका उपायहरूको खोजी गरिएको छ ।

## १.३ अनुसन्धान प्रश्न

(क) तराईको सामाजिक विकास, नेपालमा जाति व्यवस्था र चिडिमार जस्ता जातिहरू दलित हुनाका कारणहरूको ऐतिहासिक सन्दर्भ कस्तो छ ? ।

ख) नेपालको तराई दलितका रुपमा चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्था कस्तो छ ?

ग) चिडिमार जातिको परम्परागत सामाजिक-सांस्कृतिक अवस्थामा के कस्ता परिवर्तनहरू आइरहेका छन् ?

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनका सामान्य र विशिष्ट गरी दुई प्रकारका उद्देश्यहरू हुने गर्दछन् । ती उद्देश्यहरू यस प्रकार रहेका छन् ।

**अ) सामान्य उद्देश्य** : तराईको सङ्क्षिप्त चर्चासँगै चिडिमार जातिको परिचयका सम्बन्धमा सामान्य अध्ययन गर्नु ।

**आ) विशिष्ट उद्देश्य** : यस अनुसन्धानमा निम्नानुसारका विशिष्ट उद्देश्यहरू रहेका छन् ।

क) तराईको सामाजिक विकास, नेपालमा जाति व्यवस्था र चिडिमार जस्ता जातिहरू दलित हुनाका कारणहरूको ऐतिहासिक सन्दर्भमा अनुसन्धान गर्नु ।

ख) नेपालको तराई दलितका रुपमा चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्थाको अध्ययन गर्नु ।

ग) चिडिमार जातिको परम्परागत सामाजिक-सांस्कृतिक अवस्थामा आएका परिवर्तनहरूको अध्ययन गर्नु ।

## १.५ शोध अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत विद्यावारिधि अनुसन्धान अध्ययनको शीर्षक *'तराई दलित समुदायका चिडिमार जातिको सामाजिक-सांस्कृतिक अध्ययन'* हो । यस अध्यनको भौगोलिक क्षेत्र नेपालको तराई क्षेत्र, तराई क्षेत्रमा पनि बाँके जिल्ला र बाँके जिल्लामा पनि चिडिमार जातिका मानिसहरूको बस्ती रहेका नेपालगन्ज नगरपालिकाको बेलासपुर, धम्बोझी र शमशेरगन्ज गा.वि.स.को हवल्दारपुर, प्रेमपुर, शंकरपुर, चौधरीया गाउँजस्ता ठाउँहरूलाई प्रमुख रूपमा लिइएको छ । नेपालमा चिडिमार जातिको कुल जनसङ्ख्या १२५४ रहेकोमा बाँके जिल्लाको बेलासपुर क्षेत्रमा मात्र यस जातिको

जनसङ्ख्या झण्डै १००० को हाराहारीमा रहेको छ । ३५-३६ घर चिडिमारहरू शमशेरगन्ज गा.वि.स.मा र १५-२० घर धम्बोझीमा पनि रहेका छन् । बाँके जिल्लाको यही चिडिमार जातिको प्रमुख बस्ती रहेका बेलासपुर, धम्बोझी, शमशेरगन्ज र त्यस क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरू यस अध्ययनको प्रमुख क्षेत्र मानिएको छ ।

यस अनुसन्धानको सीमा अध्ययनको शीर्षकअनुरूप नै नेपालको तराई क्षेत्रको परिचय, दलित, दलितहरूको उत्पत्ति र ऐतिहासिक विकास, ती दलितहरूमध्ये बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुर र शमशेरगन्ज गाविसको हवल्दारपुर, प्रेमपुर, शंकरपुर तथा चौधरीया गाउँमा बस्ने चिडिमार जाति र यस जातिको सामाजिक-सांस्कृतिक अवस्थाको अध्ययन तथा स्वास्थ्य, शिक्षा, जनचेतना, महिला, बालबालिकाको सामान्य अध्ययन गरी समग्र चिडिमार जातिको सामाजिक-सांस्कृतिक जीवनलाई बुझ्न सकिने गरी गरिएको अध्ययन हो । अझ भन्दा तराई दलित समुदायका चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्थाको घेराभित्र अध्ययनलाई सीमाबद्ध गरिएको छ । यस अध्ययनमा नेपालको तराईको परिचय, नेपालमा जाति तथा वर्णव्यवस्थाको ऐतिहासिक अध्ययन र तराईका दलित जातिको विषयमा केही विस्तृत चर्चा गरिएको भएपनि ती सबैलाई चिडिमार जातिको विषय सीमाभित्र समेटिएको छ ।

## १.६ शोध अध्ययनको औचित्य र महत्व

चिडिमार नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका दलित समुदायमध्येको एउटा जाति हो । यस जातिको जनसङ्ख्या निकै कम वा अल्पसङ्ख्यक अवस्थामा रहेको छ । यस जातिका आफ्नै भाषा, पेसा, संस्कृति, चालचलन, रितिरिवाजहरू रहेका छन् । अहिले चिडिमार जातिका ती अवस्थाहरूमा विचलन आएर उनीहरूका सांस्कृतिक सम्पदाहरू मेटिदै जाने र लोप हुने अवस्थामा रहेका छन् ।

वर्तमान अवस्थामा चिडिमार जातिका मानिसहरू आफ्नो पेसाबाट लगभग पलायनको अवस्थामा रहेका छन् । एकातिर यस जातिमाथि अन्य समुदायका मानिसहरूले गर्ने दलितको व्यवहार जस्ताको तस्तै छ भने अर्कातिर उनीहरूका सामाजिक-सांस्कृतिक अवस्थामा पनि समयको परिवर्तनसँगै विकृति र विसङ्गतिहरू थपिदै गएका छन् । यस्तो अवस्थामा रहेका चिडिमार जातिका सामाजिक-सांस्कृतिक अवस्थाहरूको खोज, अध्ययन, अनुसन्धान गर्दा यस जातिका मानिसलाई पनि आफ्नो संस्कृतिको महत्व अनुभूति हुन जाने छ ।

नेपालमा अहिले १२५ भन्दा बढी जातजातिका मानिसहरू बसोबास गर्दै आएका छन् । तिनीहरूमध्ये धेरैजसो जातजातिका मानिसहरूका फरकफरक धार्मिक, आर्थिक, सामाजिक,

सांस्कृतिक, शैक्षिक, पेसा, वेशभूषा, खानपान आदिमा मौलिकता कायम छ । नेपालका केही जातिहरूको सङ्ख्या प्रसस्त भए पनि केहीको अवस्था भने अत्यन्त न्यून र लोपोन्मूख रहेको छ । कुसुन्डा, राउटे, जिरेल, कलार, चिडिमार जस्ता जातिहरू केही लोपै हुने अवस्थामा र केही लोपोन्मुख अवसथामा रहेका छन् । वि.सं.२०६८ सालको जनगणनानुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये चिडिमार जातिको जनसङ्ख्या मात्र १२५४ हुनु यस जातिको अल्पसङ्ख्यकता स्वतः सिद्ध हुन्छ । त्यसमा पनि वर्तमान अवस्थामा चिडिमार जातिका मानिसहरूले अन्तर्जातीय विवाह गर्ने, थर परिवर्तन गर्ने, जातीय अन्तर्घुलन हुने क्रम बढ्दै गएको हुनाले अन्ततः यस जातिको अस्तित्व लोप हुने अवस्थामा पुगेको हो । जातीय अन्तर्घुलन हुनु नराम्रो विषय होइन किनकी दलित मुक्तिका धेरै आधारहरूमध्ये एउटा प्रमुख आधर जातीय अन्तर्घुलन र अन्तर्जातीय विवाहलाई पनि मानिदै आएको छ । तथापि यस्तो कार्यले सम्बन्धित जातिको अस्तित्व भने अवश्य पनि समाप्त हुँदै जाने देखिन्छ । यस्तो अवस्थामा भएको यस अनुसन्धानका माध्यमबाट लोपोन्मुख चिडिमार जातिका बारेमा जानकारी राख्न चाहने आम समुदाय, नेपाल सरकार तथा अन्य निकायहरूलाई विभिन्न नीति निर्माणदेखि लिएर अन्य क्षेत्रमा समेत सहयोग पुग्न सक्ने देखिन्छ । खासगरी सरकारी तहमा नेपालका यस्ता लोपोन्मुख, दलित तथा अल्पसङ्ख्यक अवस्थामा रहेका जातिहरूको उत्थानमा कुनै नीति निर्माण गर्नु पर्ने भएमा यस शोधको माध्यमबाट जानकारी लिन सकिन्छ । त्यस अर्थमा पनि यस शोधको ठूलो महत्व रहेको देखिन्छ ।

एउटा इतिहासको विद्यार्थीद्वारा गरिएको यस अध्ययनको थप महत्व यस अर्थमा पनि रहेको छ कि नेपालमा धेरै पहिलेदेखि नै केन्द्रीय स्तरमा रहेर इतिहास लेख्ने तर सर्वसाधारण र पीछडिएका जातजातिहरूको इतिहास लेखनमा ध्यान नपुग्ने प्रवृत्तिलाई यो अध्ययनले केही हदसम्म भए पनि त्यस कार्यलाई अगाडि बढाउने काम गरेको छ । यसभन्दा बाहेक प्रस्तुत शोधको महत्व र औचित्यलाई केही बुँदाहरूमा उल्लेख गर्दा अझै उपयुक्त र प्रस्ट हुने देखिन्छ ।

क) वर्तमान २१ औं शताब्दीसम्म पनि छुवाछूतजन्य विभेदअन्तर्गत रहेका दलित समुदायका मानिसहरूको उत्पत्ति र ऐतिहासिक विकास सम्बन्धी एक खाका प्रस्तुत गरिएकाले यस विषयमा जानकारी राख्न चाहनेहरूका लागि उपयोगी भएको ।

ख) चिडिमार, जो तराईका दलित समुदायमध्येको एक जाति हो, यस जातिको दलितपना र दलित भएकै कारण चिडिमार जातिका मानिसहरूले भोग्नु परेका विभेदीकरणका समस्याहरूको पहिचान गरिएको ।

ग) चिडिमार जाति, जसको नाम व्यवसायका आधारमा राखिएको र त्यही व्यवसाय वा पेसाबाट अहिले यस जातिका मानिसहरू विमुख हुन परेको बाध्यात्मक अवस्थाको खोजमूलक विवरण प्रस्तुत गरिएको ।

घ) चिडिमार जातिका सामाजिक-सांस्कृतिक अवस्थाको विशेष खोज गरी नेपाली समाजमा त्यसको महत्व कस्तो रहेको छ भन्ने कुरा दर्शाउनु ।

ङ) यस जातिको शैक्षिक, स्वास्थ्य, पारिवारिक जीवनस्तर, लवाईखवाई, महिला, बालबालिका आदिमा जुन पिछडिएको अवस्था छ, त्यसको यथार्थता चित्रण गरिएको ।

नेपालमा वि.सं.२००७ सालको परिवर्तन पछि देशका विभिन्न भागमा छरिएर रहेका विविध जातजाति, भाषा, धर्म, संस्कृति भएका मानिसहरूका बारेमा बहस, छलफल, खोज, अध्ययन गर्ने र जानकारी हासिल गर्ने परम्परा अगाडि बढ्दै आएको छ । त्यसमा पनि वि.सं.२०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्यपछि यस विषयमा मानिसहरूको रूची अझै बढ्दै गएको हो । अझ भन्ने हो भने वि.सं.२०६२/६३ को जनआन्दोलन र लोकतन्त्रसँगै गणतन्त्रको स्थापना पश्चात त नेपालमा जातीय बहसले अझै तिब्रता पायो । त्यसपछि जातीय अध्ययनमा पनि मानिसहरूको रूची बढ्न थाल्यो । संविधान निर्माणको बहस, संघीयताको बहस वा अन्य विविध विषयहरू नेपालका जातजाति, आदिवासी, जनजाति, दलित, महिला, बालबालिका, पिछडिएका, अल्पसङ्ख्यक, गरिव, अपाङ्ग आदिसँग गाँसेर हेर्न थालिएको छ । सामान्य मानिसहरूले पनि अहिलेको अवस्थामा आफ्ना पूर्खाको इतिहास, जातिको इतिहास, वर्गको इतिहास जान्न, बुझ्न र त्यसमा रूची राख्न थालेका छन् । उनीहरूलाई आफ्नो संस्कृतिको महत्व र त्यसको सङ्रक्षणमा रूची बढ्दै गएको छ । उनीहरूले आफ्ना जातीय पहिचान दिन सक्ने कला संस्कृतिको सङ्रक्षणका लागि जातीय, वर्गीय, लिङ्गीय रूपका संघ सङ्गठनहरूको स्थापना गर्न थालेका छन् । त्यस्ता संघ सङ्गठनमार्फत आफ्नो जाति र वर्गको हकहितका लागि आवाज उठाउँदै आएको वर्तमान अवस्थामा तराईका दलितमध्ये चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्थाको खोजले सम्बन्धित वर्गका लागि मात्र होइन जातीयताका विषयमा अध्ययन गर्न, जानकारी राख्न चाहने जोकोइका लागि पनि यो शोध तथा अनुसन्धान कार्यको ठूलो महत्व र योगदान रहेको स्वतः सिद्ध हुन आउँदछ ।

## १.७ शोध अध्ययनको सङ्गठनात्मक रुपरेखा

अनुसन्धान प्रबन्ध प्रस्तुत गर्दा त्यसमा समेटिएका विषयवस्तुहरूलाई क्रमबद्ध तथा सिलसिलेवार रुपमा प्रस्तुत गर्दा एउटा शीर्षक र अर्को शीर्षकको सङ्योजन मिल्ने हुनाले यस

अनुसन्धान प्रबन्धमा पनि त्यो विधिलाई अवलम्बन गर्ने कार्य गरिएको छ । यस शोध प्रबन्धको सुरुमा शीर्षक र त्यसपछि क्रमशः शोधप्रबन्ध समितिको सिफारिसपत्र, प्रतिवद्धतापत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूचि, सङ्क्षेपिकृत शब्दसूची, तालिकासूची र नक्सासूची राखिएका छन् । यी शीर्षकहरू शोध प्रबन्धको अध्यायहरू सुरु हुनभन्दा अगाडिका हुन् । यस शोध प्रबन्धमा रहेका अध्यायहरू र त्यसभित्रका शीर्षक तथा उप-शीर्षकहरू यस प्रकार रहेका छन् :

**अध्याय एक** : यो अनुसन्धानको परिचय खण्ड हो । यस खण्डमा परिचय, समस्या कथन, अनुसन्धन प्रश्न, अध्ययनको उद्देश्य, अध्ययनको क्षेत्र र सीमा, अनुसन्धानको औचित्य र महत्व तथा अध्ययनको सङ्गठनात्मक रुपरेखालाई प्रस्तुत गरिएको छ ।

**अध्याय दुई** : यस अध्यायमा पूर्वकृतिहरूको समीक्षा प्रस्तुत गरिएको छ । जसमा नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशित कृतिहरू, अन्य केही अप्रकाशित सामग्रीहरू र वेवको फरकफरक समूहमा वर्गीकरण गरी समीक्षा गरिएको छ ।

**अध्याय तीन** : यो अध्यायमा अनुसन्धानको पद्धति राखिएको छ । जसअन्तर्गत अनुसन्धान विधि, स्रोत र स्रोत सामग्री सङ्कलन विधि, द्वितीय स्रोत, प्राथमिक स्रोत, नमुना छनोट, अन्तर्वार्ता, अवलोकन, प्रश्नावली, स्रोतसामग्री सङ्कलनका उपकरणहरू, अध्ययन क्षेत्रको छनोट, प्रस्तुतिकरण र प्रतिवेदन लेखन तथा स्रोतसामग्रीहरूको सङ्कलनमा देखिएका समस्याहरू रहेका छन् ।

**अध्याय चार** : यस अध्यायमा तराईको सामाजिक विकास र नेपालमा जाति व्यवस्था भन्ने मूल शीर्षक रहेको छ । यसअन्तर्गत अध्ययन क्षेत्रको भौगोलिक परिचय, नेपालको तराई क्षेत्रको परिचय, इतिहासमा नेपालको तराई, नेपालको तराई क्षेत्रको जातीय संरचना, बाँके जिल्लाको परिचय, इतिहासमा बाँके जिल्ला, नेपालको जातिव्यवस्थामा दलित र तराईका दलित समुदाय, मानव विकास र प्रजाति, वर्णव्यवसस्थाको उत्पत्ति र विकास, जाति, जातिव्यवस्थाको उत्पत्ति र विकास, शूद्र वर्णमा छुवाछूतको उत्पत्ति र विकास, नेपालमा वर्णव्यवस्था र छुवाछूतको ऐतिहासिक विकास, दलितको वर्गीकरण, तराईका दलितहरू र निष्कर्ष जस्ता शीर्षकहरू राखिएका छन् ।

**अध्याय पाँच** : यस अध्यायमा चिडिमार जातिको इतिहास, सामाजिक र शैक्षिक अवस्था प्रमुख शीर्षक राखिएको छ । यसअन्तर्गत चिडिमार जातिको ऐतिहासिक विकास र बसोबास क्षेत्र, चिडिमार जातिको उत्पत्ति, चिडिमार जातिको बसोबास क्षेत्र र जनसङ्ख्या, चिडिमार जातिको नेपाली समाजमा समिश्रण, नेपाली समाजमा चिडिमार जातिको पहिचान, नेपाली समाजको पृष्ठभूमिका रुपमा हिन्दू सामाजिक सङ्गठनको स्वरुप र चिडिमार जातिको सामाजिक अवस्था, चिडिमार जातिको पारिवारिक स्वरुप, चिडिमार जातिको परिवारको आकार, चिडिमार समाजमा महिलाको स्थान, चिडिमार समाजमा बालबालिकाको अवस्था, चिडिमार जातिको परिवारमा घरमूली, चिडिमार जातिमा घरवासको अवस्था, चिडिमार जातिको सामाजिक सङ्गठन, सामाजिक

सङ्गठनको स्वरुप पञ्चायत सङ्गठन, सामूहिक भावना र दायित्व, चिडिमार जातिमा विद्यमान सामाजिक मूल्य र मान्यताहरू, चिडिमारको अन्य समुदायसँगको सम्बन्ध, नाता कुटुम्ब, दलित समुदायका रुपमा चिडिमार समाज, समाजिक क्षेत्रमा आएका परिवर्तनहरू, अन्य समुदायसँगको हेलमेलमा वृद्धि हुनु, महिलाप्रतिको दृष्टिकोण र व्यवहारमा आएको परिवर्तन र निष्कर्ष भन्ने शीर्षक र उपशीर्षकहरू राखिएका छन् ।

**अध्याय छ** : यस अध्यायमा चिडिमार जातिको संस्कृति र यसमा आएका परिवर्तनहरू राखिएको छ । यसअन्तर्गत संस्कृतिको परिचय, चिडिमार जातिको संस्कृतिका विविध पक्षहरू, भाषा, धर्म र धार्मिक जीवन, चिडिमार जातिका संस्कारहरू, नामाकरण संस्कार, मुण्डन संस्कार (क्षवर), विवाह संस्कार र यसअन्तर्गत मगनी, विवाह (सादी) गौना, थौना, मृत्यु संस्कार, सम्मान सत्कारको संस्कार, चाडपर्वहरू, नयाँ वर्ष, अक्षेतृतीया, भौंरी, नागनागिन पूजा, नागपञ्चमी(गुडिया पूजन) पर्व, सनिनो (रक्षाबन्धन), कृष्ण अस्टमी, तीज(कजरी), दसैं(दशहरा), करुवा चौथ, तिहार(दीपावली), भुर्की(भुड्की) पूजन, डिठावन(हरिबोधनी एकादशी) पूजा, खिचडी(माघेसङ्क्रान्ति), सकट पूजा, फागुपूर्णिमा(होली), रामनवमी(चैतेदसैं), खानपान, वेशभूषा र गरगहना, भाँडावर्तन र औजारहरू, मनोरन्जन तथा मेला पर्व, स्वास्थ्य र सरसफाई, चिडिमार समुदायमा आएको परिवर्तन, आर्थिक क्षेत्रमा आएका परिवर्तनहरू, बचत, आयआर्जन र रोजगारिमा आएका परिवर्तनहरू, संस्कृतिमा आएको परिवर्तन तथा निष्कर्ष जस्ता शीर्षक र उपशीर्षकहरू राखिएका छन् ।

**अध्याय सात** : यस अध्यायमा उपलब्धी र निष्कर्ष राखिएको छ ।

शोध प्रबन्धको अन्त्यमा परिशिष्टहरू र सन्दर्भसामग्रीहरूको सूची पनि प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको परिशिष्ट एकमा दलित जातीय अनुसूची विवरण, परिशिष्ट दुईमा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली सूची, परिशिष्ट तीनमा प्रश्नावलीसूची, परिष्टि चारमा अवधी नेपाली भाषिक शब्दसूची, परिशिष्ट पाँचमा विश्व मानचित्रमा नेपाल र नेपालको नक्सामा अध्ययन क्षेत्र, परिशिष्ट छमा स्थलगत अध्ययनका क्रममा लिइएका फोटाहरू राखिएको छ ।

यसरी समग्रमा सातवटा अध्यायहरूमा शोधप्रबन्ध तयार पारेर प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई
# पूर्वकृतिहरूको समीक्षा

वर्तमान समयसम्म पनि चिडिमार जातिका बारेमा लेखिएका स्रोत सामग्रीहरू, पुस्तकहरू, लेख-रचनाहरू, शोधपत्रहरू तथा अनुसन्धानात्मक कृतिहरू अत्यन्त कम मात्र रहेका छन् । शुक्ष्म ढङ्गले यस जातिका बारेमा कुनै अनुसन्धान नै भएको छैन भन्दा पनि हुन्छ । नेपालको तराई क्षेत्रका बारेमा भएका केही अनुसन्धानात्मक कृतिहरूमा चिडिमार जातिलाई पनि समेटेर गरिएका सङ्क्षिप्त अध्ययन र समाजशास्त्र केन्द्रीय विभागले प्रकाशन गरेको सानो वुलेटिन स्वरुपको अनुसन्धान प्रतिवेदन बाहेक यही जातिका बारेमा गहन अध्ययन अनुसन्धान गरी पुस्तक प्रकाशन गर्ने कार्य भएको देखिदैन । स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि केही शोधपत्रहरू तयार पारिएका र विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा हुने लघु अनुसन्धानका रूपमा प्रस्तुत गरिएको एक प्रतिवेदनबाहेक यस जातिका बारेमा छुट्टै र व्यवस्थित रूपमा शोध तथा अनुसन्धान गर्ने कार्य भएको पाइदैन । उपलब्ध कृतिहरूको सङ्क्षिप्त विवरणलाई विभिन्न भागमा वर्गीकरण गरेर प्रस्तुत गरिएको छ ।

उपलब्ध महत्वपूर्ण सामग्रीहरूलाई दलितको उत्पत्ति र विकास, नेपालका दलितको सन्दर्भ तथा नेपालको तराईका दलितको सन्दर्भ परेका सामग्रीहरू, जातजातिका सन्दर्भमा लेखिएका सामग्रीहरू, हिन्दू समाजमा गरिएको वर्ण व्यवस्था र जातिको उत्पत्तिका सन्दर्भमा लेखिएका सामग्रीहरू तथा चिडिमार जातिका बारेमा मात्र लेखिएका सामग्रीहरूलाई समेत प्रकाशन मितिको अग्रताका आधारमा क्रमबद्ध रूपले यथास्थानमा राखी समीक्षा गरिएको छ ।

## २.१ नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशित सामग्रीहरू

जी.एस.घुरेद्वारा लिखित *काष्ट, ल्कास एन्ड अकुपेशन* (१९६१ ई.) नामक पुस्तक पपुलर बुक डिपो बम्बैले प्रकाशन गरेको हो । कुल ३५६ पृष्ठ रहेको यस पुस्तकमा हिन्दू समाजमा जाति व्यवस्था कसरी विकसित भयो भन्नेदेखि वर्णको विकास, शूद्र वर्णबाट विकसित भएका अनेक जातजातिहरू, दलित र दलितको अवस्था तथा भारतीय समाजमा आर्य वर्णका मानिसहरूको प्रभाव जस्ता कुराहरू उल्लेख गरिएका छन् । लेखकले पुस्तकलाई १२ वटा अध्यायहरूमा विभाजन गरेका छन् जसमा जाति व्यवस्थाको स्वरूप, स्वभाव, जाति र प्रजातिका भेदहरू, जाति व्यवस्थाको उत्पत्ति, जाति व्यवस्था र भारतमा भएको अङ्ग्रेजी शासन, हिन्दू समाजमा रहेका तल्ला मानिएका जातजातिहरू, व्यवसाय र जातिजस्ता विषयवस्तुहरू समावेश गरिएका छन् ।

घुरेले आफ्नो पुस्तकमा हिन्दू समाजलाई विभिन्न वर्गमा विभाजन गरेको कुरा पनि उल्लेख गरेका छन् । त्यस्ता वर्गहरूको विभाजनको आधार भने उनले व्यवसायलाई मानेका छन् । त्यही वर्गलाई हिन्दू समाजमा 'जात' भन्ने गरिन्छ भन्ने कुरा उल्लेख गरेका छन् । वर्णव्यवस्थामा ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्र गरी चारवटा वर्णहरू रहेका हुन्छन् । त्यसमध्ये सबैभन्दा माथिल्लो मानिएको वर्ण ब्राह्मण र त्यसपछि क्रमशः क्षेत्रीय, वैश्य र शूद्रको तह निर्धारण गरिएको हुन्छ । ती वर्णहरूमध्येको शूद्र वर्णमा रहेका कारणबाट अछूत जातहरू विकसित भएका हुन् । हिन्दू समाजमा मिश्रित विवाह पद्धति अथवा अनुलोम र प्रतिलोम विवाहका कारण जातको सङ्ख्या बढ्दै गएको हो । त्यसमा पनि शूद्र वर्णका मानिसहरूको वैवाहिक सम्बन्धका कारण भारतीय हिन्दू समाजमा अछूत भनिने छुट्टै जाति विकसित भएको थियो र एसियाका धेरै देशहरूमा फैलिदै गएको थियो भन्ने कुरा पुस्तकमा उल्लेख गरिएको छ ।

लेखकले हिन्दू समाजमा जाति व्यवस्था विकसित हुनु तत्कालीन स्थितिमा उचित थियो या थिएन, हिन्दू समाजलाई दलित र गैह्र दलितका रूपमा किन विभाजित गरिएको थियो ? यसका कारण समाजमा सकारात्मक वा नकारात्मक के कस्ता असरहरू पर्न गएका थिए ? भन्ने कुराहरूको चर्चा गरेका छैनन् । नेपालमा बस्ने दलित समुदायअन्तर्गतका जातिहरू भारतबाटै विभिन्न समयमा फैलिदै आएको हुनाले र यस अनुसन्धानको क्षेत्र पनि नेपालको तराईमा बस्ने दलित समुदायकै एक जाति भएको हुनाले जाति व्यवस्थाको सैद्धान्तिक ज्ञानका लागि पुस्तक आंशिक सहयोगीका रुपमा रहेको हुनाले यसलाई समीक्षा गर्न आवश्यक ठानिएको हो ।

नृपेन्द्र कुमर दत्तद्वारा लिखित *ओरिजिन एन्ड ग्रोथ अफ कास्ट इन इन्डिया* (१९६४ ई.) नामक पुस्तक फर्मा के.एल. मुखोपाध्याय नामक संस्थाले भारतको कलकत्ताबाट प्रकाशन गरेको हो । यस पुस्तकमा जातिको उत्पत्ति र विकास हिन्दू समाजमा कसरी हुन गयो भन्ने सम्बन्धमा उल्लेख गरिएको छ । यस पुस्तकमा ६ वटा अध्यायहरू रहेका छन् । जसमध्ये कास्ट सिस्टम, कास्ट इन द वेद, कास्ट ड्यूरिङ्ग द ब्राह्मण पिरियड, कास्ट इन द सुद्रज, भेरिफिकेसन फ्रम द नन् ब्राह्मनिकल राइजिङ्ग रहेका छन् ।

पुस्तकमा जातिको उत्पत्ति, वर्णको उत्पत्ति, ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्रको अवस्थाका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा लेखक दत्तले वर्णको उत्पत्ति भारतीय हिन्दू समाजमा आर्यहरूले त्यहाँको सामजिक व्यवस्थालाई समयानुकुल उपयुक्त तुल्याउनका लागि गरेका थिए भन्ने कुरा उल्लेख गरेका छन् । यसमा शूद्र वर्णका मानिसहरूमाथि भएका विभेदका आधारहरू उनीहरूले गर्ने व्यवसाय र ती व्यवसायलाई मानिएको हीनताका विषयमा लेखकले प्रस्ट्याउने प्रयत्न गरेका छन् ।

प्रस्तुत अनुसन्धान नेपालको तराई क्षेत्रमा बसोबास गर्ने हिन्दू वर्ण व्यवस्थाअन्तर्गतको शूद्र वर्णमा दरिएका 'तराई दलित' भनिने समुदायअन्तर्गतको चिडिमार जाति भएका कारण यस जातिको ऐतिहासिक सन्दर्भ प्रस्तुत गर्दा भारतमा आर्य वर्णका मानिसहरूले प्राचीनकालमा ई.पू. १५०० तिर निर्माण गरेको वर्ण व्यवस्थालाई आधार मानिएको हुँदा यो पुस्तक भारतमा जाति र वर्ण व्यवस्थाको उत्पत्तिका सम्बन्धमा अध्ययन गर्ने क्रममा सहयोगी सावित भएको छ । लेखकले पुस्तकमा अन्य विद्वानहरूका धारणाहरू पनि अगाडि सार्दै वर्ण र जातिको विकासका सम्बन्धमा भएका विवादहरूका सम्बन्धमा चर्चा गरेका छन् । तसर्थ जाति र वर्णको उत्पत्ति र विकासका सम्बन्धमा जानकारी प्राप्त गर्न पुस्तक उपयोगी रहेकाले यसलाई समीक्षा गर्न आवश्यक ठानिएको हो । यो पुस्तक मात्र वर्ण र जातिका सम्बन्धमा अध्ययन गर्न सहयोगी रहेको छ ।

रामशरन शर्माद्वारा लिखित *लाइट अन अर्लि इन्डियन सोसाइटी एन्ड इकोनोमी* (१९६६ ई.) नामक पुस्तक बम्बैको मनकतला एन्ड प्रा. लि. ले प्रकाशन गरेको हो । कुल १६८ पृष्ठ रहेको यस पुस्तकमा १२ वटा अध्यायहरू रहेका छन् । प्राचीन भारतमा इतिहास लेखन कला, महिलाको सम्पत्तिमा अधिकार, शूद्र, महिला र दासको अवस्था, जाति र विवाह पद्धति, आर्थिक अवस्था आदि उल्लेख गरिएको छ ।

इशापूर्व ६००-५०० का बीचमा भारतमा यथासक्य आफ्नै वर्णमा विवाह गर्ने र कसैले अन्य वर्णकी महिलासँग विवाह गरेमा तिनीहरूबाट उत्पन्न भएका सन्तानलाई अन्य जातिका रुपमा उल्लेख गर्ने प्रचलनको विकास भएको चर्चा गरिएको छ । पुस्तकमा शूद्र वर्णका मानिसहरू इ.पू. ८०० को आसपासदेखि जातीय विभेदमा पर्दै गएको कुरा पनि उल्लेख गरिएको छ । प्रस्तुत अनुसन्धान शूद्रका विषयवस्तुसँग पनि सम्बन्धित भएका कारण यो पुस्ततकका केही सन्दर्भहरू मात्र सहयोगी भएका आधरमा यसको समीक्षा गर्न आवश्यक ठानिएको हो ।

राजवली पाण्डेद्वारा लिखित *हिन्दू संस्कार* (१९६९ ई.) नामक पुस्तक दिल्लीको मोतिलाल बनासीदासले प्रकाशन गरेको हो । ३२७ पृष्ठ रहेको यस पुस्तकमा हिन्दू धर्ममा वर्ण व्यवस्थाका विषयमा वेद, ब्राह्मण साहित्यहरू, आरण्यक, उपनिषद, गृहशुत्र, धर्मशुत्र, स्मृति ग्रन्थहरू, पुराण आदिको चर्चासँगै भारतीय आर्यहरूको इन्डो-इरानीयन, इन्डो-युरोपीयन र सेमेटीकहरूसँगको निकटता सम्बन्धी कुराहरूको चर्चा गरिएको छ ।

लेखक पाण्डेले पुस्तकमा ऋग्वेद हिन्दू धर्मको सबैभन्दा पुरानो स्रोत पुस्तिका हो । भारत आउनुभन्दा अगावै इन्डो-इरानीयन र इन्डो-युरोपीयनहरू समान स्थलमा बस्दथे । यसको प्रमाण भारतीय आर्यहरूले निर्माण गरेको ऋग्वेद र इन्डो-इरानीयनहरूले निर्माण गरेको अवास्ट ग्रन्थहरूमा धेरै समानता रहेको पइन्छ । पर्सियनहरूले भारतीय आर्यहरूले जस्तै जन्मसंस्कार, अन्न प्रासन, अग्नी पूजा, विवाह विधि सम्पन्न गर्दथे । सेमेटिकहरू र भारतीय आर्यहरूका

संस्कारमा पनि समानता देखिएका आधारमा भारतीय आर्यहरू को थिए भन्ने कुरा प्रस्ट भएको धारणा पुस्तकमा उल्लेख गरिए पनि भारतमा रचना गरिएका वेद, ब्राह्मण साहित्यहरू, पुराण आदिको रचनाकाल तथा तिथिमिति उल्लेख गरिएको छैन । पुस्तकमा शूद्रका सम्बन्धमा चर्चा गरिए पनि उनीहरूमाथि कहिलेदेखि यस्तो विभेदको व्यवहार गर्न थालियो भन्ने कुरा प्रस्ट उल्लेख गरिएको छैन । पुस्तकमा हिन्दू धर्म मान्ने भारतीय आर्य प्रजातिका मानिसहरू र तिनीहरूले भारतमा विकास गरेको जाति व्यवस्थाका सम्बन्धमा चर्चा गरिएको हुँदा यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको हो ।

जोसेफ डब्लु. एल्डरद्वारा सम्पादित *च्याप्टर इन इन्डियन सिभिलाइजेसन* (१९७० ई.) नामक पुस्तक अमेरिकाको केन्डल/हन्ट पब्लिसिङ्ग कम्पनीले प्रकाशन गरेको हो । २४५ पृष्ठ रहेको यो पुस्तकमा चारवटा लेखहरू समावेश गरिएका छन् । ती लेखका शीर्षकहरू वैदिक एन्ड उपनिषदिक वेस अफ इन्डियन सिभिलाइजेसन, संस्कार्स : दियर कन्ल्फीक्ट वीथ ब्रामनिकल सोसाइटी, पिल्ग्रीमेज साइट्स एन्ड इन्डियन सिभिलाइजेसन र क्लासिकल इन्डियन फिलोसोफी रहेका छन् ।

पुस्तकमा उल्लेखित यी लेखहरूमा भारतमा वैदिककालदेखि ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चारवटा वेदहरू जसको रचना ईशापूर्व १००० सम्ममा गरिसकिएको, ब्राह्मण सहित्यहरूको रचना इशापूर्व ८००-६०० का बीचमा गरिसकिएको, उपनिषदहरूको रचना ईशापूर्व ६००-५०० का बीचमा गरिएको र त्यसभन्दा पछाडि अन्य सहित्यिक ग्रन्थहरू महाभारत (ई.पू. ४००) आदिको रचना गरिएको उल्लेख छ । पुस्तकमा आर्य वर्णका मानिसहरू मध्य-एसिया, कालासागरको उत्तरी मैदान, मध्य तथा पश्चिमी जर्मनी वा ती ठाउँहरूमध्ये कतैबाट भारत आएको चर्चा गरिएको छ । पुस्तकमा भारतीय आर्य समाजमा वर्णव्यवस्थाको विभाजनका सम्बन्धमा चर्चा गरिए पनि शूद्र वर्णमा छुवाछूतको विकास कसरी भयो, शूद्र वर्ण र अन्य वर्णका बीचमा के कस्तो सम्बन्ध रहेको थियो भन्ने कुराको चर्चा गरिएको पाइँदैन । तथापि यस पुस्तकमा उल्लेखित केही विषयवस्तुहरू प्रस्तुत अध्ययनमा सहयोगी देखिएका कारण यसलाई पनि समीक्षा गर्न उपयुक्त ठानिएको हो ।

गार्लेण्ड डी.वेरेमेनद्वारा लिखित *हिन्दूज अफ द हिमालयज : इथ्नोग्राफी एन्ड चार्म* (१९७२ ई.) नामक पुस्तक लण्डनको युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेसले प्रकाशन गरेको हो । कुल ४४० पृष्ठ रहेको यस पुस्तकमा दशवटा अध्यायहरू रहेका छन् । भारतको उत्तर प्रदेशको शिरखण्डका आर्य समाजमा गरिएको यो एउटा अनुसन्धानात्मक ग्रन्थ हो । यस पुस्तकमा पृ. १९७ देखि २२९ सम्ममा जाति, जाति विकास र हिन्दू वर्ण व्यवस्थाका आधारमा विकसित भएका जातिहरूका सम्बन्धमा चर्चा गरिएको छ ।

पुस्तकको पृष्ठ १९८ मा भारतमा जाति व्यवस्थाको विकास हुनाका कारण स-वर्णमा हुने विवाह र व्यवसायमा भएको प्राविधिकरणलाई उल्लेख गरिएको छ । प्रारम्भमा वर्ण व्यवस्था कर्मका आधारमा वर्गीकरण गरे पनि पछि विस्तारै मानिसहरू सवर्णमुखी बन्दै गएका, वंश परम्पराका आधारमा व्यवसाय रोज्ने र एउटा वर्णले अर्को वर्णलाई फरक वर्गका रुपमा हेर्ने प्रवृत्ति बढ्दै जाँदा समाजमा हुने र नहुने वर्गभेद पनि जन्मिदै गएको कुरा उल्लेख गरिएको छ । समाजमा जातिको सङ्ख्या बढ्दै जाँदा एउटा जाति र अर्को जातिका बीचमा भेदभावको व्यवहार पनि हुँदै गएको उल्लेख गरिएको छ । नेपालको जाति व्यवस्था र भारतको कास्मीर, कुमाउ, गडवाल जस्ता क्षेत्रमा पनि समान खालको जाति व्यवस्था रहेका आधारमा प्रस्तुत अनुसन्धानात्मक पुस्तक आंशिक सहयोगी देखिएको हुँदा समीक्षा गरिएको हो ।

सुशिला त्यागीद्वारा लिखित *इन्डो-नेपलिज रिलेसन (१८५८-१९१४)* (१९७४ ई.) नामक पुस्तक दिल्लीको डी.के. पब्लिसिङ्ग हाउसले पकासन गरेको हो । कुल १८३ पृष्ठ रहेको यस पुस्तकमा दशवटा अध्यायहरू रहेका छन् । त्यसमा नेपालको भूमि र जनता, प्राचीन र मध्येकालमा नेपाल-भारत सम्बन्ध, आधुनिक नेपाल र भारतस्थित कम्पनी सरकारका बीचको सम्बन्ध, जङ्गबहादुर राणाको शासनकालमा, पुरै राणाकालमा तथा नेपालका राजाहरूसँगको नेपाल-भारत सम्बन्धका विषयमा पनि पुस्तकमा चर्चा गरिएको छ । भारतका विभिन्नकालका शासकहरूको नेपालसँगको सम्बन्ध र व्यवहार, गोर्खाली सेनाको भारतस्थित कम्पनी सरकारमा परेको प्रभाव आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ ।

प्रस्तुत विषयहरूमध्ये पश्चिम नेपालको बाँके जिल्लामा र त्यहाँको बसोबासमा भारतबाट भएको बसाइँसराईको प्रभाव सम्बन्धी कुराहरू प्रस्तुत अनुसन्धानका लागि सहगोगी हुने देखिएको छ । जङ्गबहादुर राणाले भारतको लखनाऊमा वि.सं.१९१४ मा भएको अङ्ग्रेज विरोधी आन्दोलनको दमनपछि त्यहाँकी वेगम हजरत र उनका छोरा व्रिजिस क्वादिरले नेपालको तराईमा शरण लिएको विषय यस अनुसन्धानसँग केही मात्रामा सम्बन्धित रहेका कारण पुस्तक आंसिक सहयोगी भएको आधारमा समीक्षाका लागि छानिएको हो । यस पुस्तकमा जातिका सम्बन्धमा भने चर्चा गरिएको छैन ।

जितेन्द्र नाथ बनर्जीद्वारा लिखित *द डेभलपमेन्ट अफ हिन्दू आइकोनोग्राफी* (१९८५ ई.) नामक पुस्तक नयाँ दिल्लीको मुन्सिराम मनोहरलाल पब्लिसर्स प्रा.लि. ले प्रकाशन गरेको हो । कुल ६५३ पृष्ठ रहेको यस पुस्तकमा १२ वटा अध्यायहरू रहेका छन् । पुस्तकको अधिकांश भागमा दिन्दू समाजमा मूर्तिकलाको विकास, पूजा पद्धति तथा प्राचीन हिन्दू आर्यहरूमा कार्यक्षमताका आधारमा वर्ण व्यवस्था र व्यवसायका आधारमा जातिव्यवस्था विकसित हुँदै आएको थियो भन्ने कुराहरूको चर्चा गरिएको छ । त्यही वर्ण व्यवस्था र जाति विकासका केही विषयवस्तुहरू प्रस्तुत

अध्ययनमा सहयोगी देखिएका आधारमा यसको समीक्षा आवश्यक ठानिएको हो । यस पुस्तकका अन्य विषयहरू मूर्ति पूजा पद्धति, देवी पूजाको प्राचीनता जस्ता विषय भने यस अध्ययनसँग सम्बन्धित रहेका छैनन् ।

लाइन ई. गेटउडद्वारा लिखित *देवी एन्ड द स्पाउज गडेस् : ओमेन सेक्सुअलिटी एन्ड म्यारिज इन इन्डिया* (१९८५ ई.) नामक पुस्तक दिल्लीको मनोहर पब्लिकेशनका लागि रमेश जैनले प्रकाशन गरेको हो । कुल २०५ पृष्ठ रहेको यस पुस्तलाई दुई भागमा विभाजन गरिएको छ जसमध्ये पहिलो भागमा सिन्धुका प्रथम बासिन्दा, मोहन जो-दारो, हरप्पा र त्यहाँ विकसित भएको प्रविधि, कला, धर्म, राजनीतिक सङ्गठन र सिन्धु सभ्यताको चित्रण गरिएको छ । त्यसै गरी भारतमा जाति उत्पत्ति, महिलाको अवस्था, धर्म, उत्तरवैदिककाल, महिला र जातको स्तर निर्धारण आदि कुरा उल्लेख गरिएको छ भने पुस्तकको भाग दुईमा भारतीय आर्यहरूको जातको निर्धारणमा महिलाको भूमिका सम्बन्धी कुरा उल्लेख गरिएको छ ।

वैदिककाल (ई.पू.१५००-८००) को समयावधीमा भारतमा व्यवसायका आधारमा वर्ण र वर्णका आधारमा जातिहरू विकसित हुँदै गएको कुरा पनि पुस्तकमा उल्लेख गरिएको छ । यसका अतिरिक्त पुस्तकमा भारतमा वर्ण विभाजनकालतिर वर्ण र जातिको एउटै रुप थियो । चार जात तथा चार वर्ण पर्यायवाचीका रुपमा रहेका थिए । तिनीहरूका बीचमा छुवाछूत जस्तो भेद थिएन । तर त्यतिबेला सबैभन्दा सानो जात शूद्र, दास र कृषि मजदुर थिए । सम्भवतः असुर र दास पनि पर्यायका रुपमा रहेका थिए । पुराना सिन्धुबासीको छाला कालो थियो । ब्राह्मण, क्षेत्री र वैश्यलाई द्विज भनिन्थ्यो । उनीहरूले पवित्र रक्षाबन्धन बाध्दथे । सम्भवतः वैश्यहरू पुराना भारतीयहरूको मिश्रणबाट विकसित भएका जाति थिए । उनीहरू पछि त्यहाँका व्यापारी भएका थिए । त्यो समाजमा केही माथिल्ला वर्णका अधिनमा रहेका जमिनमा शूद्र र दासहरूले खेतिपाती गर्दथे । क्षेत्रीयहरू लडाकु र प्रशासक थिए भने ब्राह्मणहरू पुजारी थिए भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

भारतमा जाति व्यवस्था विभाजनको मूल आधार व्यवसाय थियो । उत्तर वैदिककालमा यो व्यवसाय वंशाणुगत बन्दै गएको थियो । व्यवसायमा दक्षता भएकालाई कृषि मजदुर बनाइदै गएको थियो । उत्तर वैदिककालपछि पुजारी अन्य वर्णका मानिसहरूभन्दा माथि र त्यसपछि शासक र त्यसभन्दा तल व्यापारीहरू श्रेणीबद्ध हुँदै गएका थिए । तिनीहरूमा विस्तारै ठूला भिन्नताहरू देखिदै र एकले अर्कालाई टाढाको देख्ने प्रवृत्ति बढ्दै गएको थियो । विस्तारै त्यसलाई नियन्त्रण नै गर्न नसक्ने अवस्था सृजना हुँदै गयो । त्यो पहिलेको कर्म र पछिल्लो जन्मको आधारको भिन्नताको परिणाम भारतमा जातिको विकास भई जातीय विभेद पनि उत्तर वैदिककालको अन्त्यसँगै देखा परेको कुरा उल्लेख गरिएको छ । यसरी पुस्तकमा जातीय विभेदको जन्म भएको कुरा उल्लेख

गरिएको भए पनि त्यो समाजमा छुवाछूतको विकास कहिलेदेखि भएको थियो भन्ने सम्बन्धमा उल्लेख गरिएको छैन । पुस्तक प्रस्तुत अनुसन्धानमा आंसिक सहयोगी देखिएका आधारमा समीक्षा गरिएको हो ।

जे.डेनिकरद्वारा लिखित *द रेस अफ मेन एन आउटलाइन अफ एन्थ्रोपोलोजी एन्ड इथ्नोग्राफी* (१९८८ ई.) नामक पुस्तक दिल्लीको के. एम. मित्तल पब्लिकेशन्सले प्रकाशन गरेको हो । कुल ६११ पृष्ठ रहेको यस पुस्तकमा मानिसको उत्पत्ति विकास, मानिसमा भएका प्रारम्भिक समानता र समयको क्रमसँगै आएका भिन्नताहरूका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा १४ वटा अध्यायहरू रहेका छन् । जसमा प्रजातिका स्वरुपहरू जनजाति स्वरुप, भाषिक स्वरुप, समाजशास्त्रीय स्वरुप, सामाजिक जीवन, प्रजातिको वर्गीकरण, युरोपमा प्रजाति, एसियामा प्रजाति, अफ्रिकामा प्रजाति र महासागरीय प्रजाति, अमेरिकन प्रजातिहरूमा वर्गीकरण गरी चर्चा गरिएको छ ।

पुस्तकमा मानव विकासका क्रममा पाषाणकालमा मेक्सिको, दक्षिण अमेरिका, पेरु मानवहरूका बारेमा चर्चा गरिएको छ । ती प्राचीन मानवहरू खानाको खोजिमा विश्वका विभिन्न भागमा पैदल यात्रा गरेका, पछि पृथ्वीमा विभिन्न समयमा हिमयुगहरू आएका कारण लगत्तै मानिसहरूले सुरक्षित स्थलको खोजी गर्दै हिडेको र हिमयुगपछि कोही कहाँ कोही कहाँ पुगेका कारण हजारौं वर्षको अन्तरबसाइँका कारण मानिसको स्वरुप, आकार र प्रकृतिमा भिन्नता आएको हो । अहिले पृथ्वीमा रहेका मानव प्रजातिलाई १९ देखि ३० भाग सम्ममा विभाजन गर्ने गरिएको कुरा पुस्तकमा उल्लेख गरिएको छ । नेपालको जातिव्यवस्थाका सन्दर्भमा अध्ययन गर्दा आर्य प्रजातिको विकासदेखि वर्ण व्यवस्था र त्यसपछि भएको जाति विकासको सन्दर्भलाई समेत हेर्नु पर्ने आवश्यकता रहेको हुँदा यो पुस्तक त्यस सन्दर्भमा केही मात्रामा सहयोगी देखिएका आधारमा समीक्षा गरिएको हो ।

राजेश गौतम र अशोक थापा मगरद्वारा लिखित *ट्राइवल इथ्नोग्राफी अफ नेपाल* (१९९४ ई.) नामक पुस्तक दिल्लीको बुक फेथ इन्डियाले प्रकाशन गरेको हो । नेपालका अन्य जातजातिहरूसँगै चिडिमार जातिलाई पनि समेटेर लेखिएको सम्भवतः यो पहिलो महत्वपूर्ण पुस्तक हो । कुल ३८० पृष्ठ रहेको यस पुस्तकलाई लेखकद्वयले दुईवटा भागहरूमा विभाजन गरेर प्रकाशन गरेका छन् । प्रथम भागमा नेपालका आठपहरिया राई, भाँड, बराम, भुजेल, बोटे, ब्यासी, बादी, बनकरिया, चेपाङ्ग, *चिडिमार,* दनुवार, दराई, धिमाल, डोल्पो, डोम, दुरा, गाइने, गनगाई, गुरूङ्ग, हायु, हुड्के, जिरेल, कामी, कुमाल, कुवर, कुशबाडिया गरी जम्मा २६ वटा जातिहरूको बारेमा उल्लेख गरिएको छ भने पुस्तकको दोश्रो भागमा लिम्बु, लोवा, मगर, माझी, मनाङ्वा, मतवाली क्षेत्री, मुगाल, मुसहर, मुसलमान, नेवार, फ्री, राई, राजवंशी, राजी, राउटे, सार्की, सतार,

शेर्पा, सुरेल, तामाङ्ग, थकाली, ठकुरी, थामी र थारू गरी २४ वटा जातिहरूका बारेमा चर्चा गरिएको छ । पुस्तकको प्रथम भागको पृष्ठ १२१ देखि १३८ सम्म चिडिमार जातिका बारेमा चर्चा गरिएको छ ।

पुस्तकमा लेखकद्वयले चिडिमार जातिका मानिसहरू तराईका दलित समुदायमा पर्दछन् । यिनीहरू झण्डै १५० वर्षदेखि २०० वर्ष अगाडितिर नेपालको तराई क्षेत्रमा भारतबाट आएर बसोबास गर्न थालेका हुन् भन्ने कुरा उल्लेख गरेका छन् । चिडिमार जातिको सबैभन्दा बढी बस्ती बाँके जिल्लामा रहेको छ । भारतमा यससँग सम्बन्धित जातिलाई 'बहेलिया' भनिन्छ । भारतका ती बहेलियाहरूलाई त्यहाँ अछुत जाति नै मान्ने गरिन्छ । नेपालमा बसोबास गर्ने भारतीय बहेलिया समानका चिडिमार जातिका मानिसहरू हिन्दू धर्म मान्ने गर्दछन् र यिनीहरू आर्य प्रजातिका हुन् भन्ने कुरा व्यक्त गरेका छन् । यस पुस्तकमा चिडिमार जातिका बारेमा सामान्य परिचय प्रस्तुत गरिए तापनि यस जातिको सामाजिक, सांस्कृतिक रितिरिवाज, आर्थिक अवस्था तथा ऐतिहासिकताको विषयमा गहन अध्ययन हुन सकेको छैन । एउटा पुस्तकको अठार बीस पेजभित्र चिडिमार जस्तो तराईको आफ्नै सामाजिक-सांस्कृतिक अस्तित्व भएको जातिको विवरण अटाउनु पक्कै पनि त्यसका विषयमा गहन रूपमा विवरण प्रस्तुत हुन नसक्नु हो । तथापि पुस्तक चिडिमार जातिका बारेमा सामान्य जानकारी दिन सक्ने एउटा कृति हो । पुस्तक चिडिमार जाति भारतको बहेलिया जातिसँग मेल खाने जाति हो । यसले त्यहाँको दलित समुदायसँग तादाम्यता राख्दछ तथा यसका आफ्नै मौलिक सामाजिक-सांस्कृतिक अवस्थाहरू रहेका छन् भन्ने कुराको सामान्य जानकारी लिन उपयोगी रहेको हुनाले यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको हो ।

फ्रेडरिक एन्गेल्सद्वारा लिखित *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति* (२०६५ वि.सं.) नामक पुस्तक काठमाडौंको प्रगति प्रकाशनले प्रकाशन गरेको हो । कुल २६३ पृष्ठ रहेको यस पुस्तकमा मानिसको जङ्गली युग, बर्वर युग, परिवार, गोत्र, बर्वरता र सभ्यता जस्ता संस्कृतिका ऐतिहासिक चरणहरूको चर्चा गरिएको छ ।

पुस्तकमा आर्य प्रजातिका मानिसहरू संसारका अरु मानिसहरूभन्दा अगाडि नै सभ्यता तर्फ उत्मुख हुँदै गएको र युरोपमा छँदै उनीहरूले पशुपालन व्यवसाय सिकेको कुरा उल्लेख गरिएको छ । लेखकले युरोपीयन आर्य र एसियन आर्यहरूले अझै पनि पशुका नाम समान उच्चारण गर्ने गर्दछन् भनी उल्लेख गरेका छन् । तर बोटविरुवाका नाम भने फरक उच्चारण हुने गरेको उल्लेख छ । खेतिको काम पनि सर्वप्रथम आर्यहरूले नै पशुहरूको आहरका लागि गरेका थिए । पछि गएर मात्रै अन्न मानिसको खाद्य पदार्थको महत्वपूर्ण स्रोत बन्न पुगेको थियो । अन्नलाई खाद्य पदार्थका रुपमा प्रयोग गर्न थालेपछि मात्र मानिसले मासुको भोजन कम र अन्नको भोजन बढी गर्दै गएको थियो । युरोपबाट एसियातिर आएकै समयतिर उनीहरूले फलामको पनि

प्रयोग गर्न जानिसकेका थिए । त्यही क्रममा उनीहरूले दुईचक्के गाडा आदिको विकास पनि गरेका थिए भन्ने कुरा उल्लेख गरिएको छ ।

मानिसले बर्बर युगभन्दा पछाडि परिवारमा बस्न सिकेको थियो । त्यही समयदेखि सामाजिक प्रणालिको पनि विकास भएको थियो । उनीहरूले बाबुआमा, दाजुभाइ, दिदीबहिनी जस्ता नातेदारी र सम्बेदनात्मक सम्बन्ध, भावनात्मक सम्बन्ध कायम गरेका थिए । मानिसले यौन विषयमा पनि ठूलो सम्यमता अपनाएको थियो । बर्बर युगदेखि नै दाजुभाइ र दिदीवहिनीका बीचको स्वीकृत यौन सम्बन्धलाई यही पशुपालन र कृषि युगको थालनीसँगै प्रतिबन्ध लगाउँदै गएको थियो । त्यसपछि समान रक्तसम्बन्ध विवाह प्रणलीको विकास गर्दै जाँदा प्रजाति भेद प्रस्टिन पुगेको थियो । त्यही क्रममा गोत्रप्रथाको पनि विकास गरिएको थियो भन्ने कुरा पुस्तकमा उल्लेख गरिएको छ ।

प्रारम्भको सामूहिक विवाहप्रथामा शिशुको बाबु प्रस्ट नभए पनि आमा प्रस्ट हुने हुँदा मातृसतात्मक समाजको विकास भएको थियो । त्यो प्रारम्भिक समाजमा नवजात शिशुको बंश परम्परा पनि आमाकै कायम हुन्थ्यो । भारतमा एकल विवाहप्रथा कायम भएपछिको समाज विस्तारै पितृसतात्मक बन्दै गएको थियो । दासप्रथाकालमा, भूमिमाथिको स्वामित्व सुरु भएपछि मानिसले बहुपत्नीप्रथा विकास गर्दै गएको थियो । त्यो प्रथा धनीहरूमा मात्र लागु हुन्थ्यो । गोत्रको प्रादुर्भाव भएपछि मानिसमा स-गोत्र विवाह बर्जित बन्दै गयो । त्यसपछि परिवारबाट गण र गणबाट राज्यसत्ताको विकास भएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत अध्ययन नेपालको तराई क्षेत्रमा बस्दै आएको चिडिमार जातिसँग सम्बन्धित भएको र यस जातिको ऐतिहासिक सम्बन्ध भारतीय आर्य प्रजातिका मानिसहरूसँग भएका कारण यस्तो जातीय विकासको विषयसँग सम्बन्धित यस पुस्तकको समीक्षा अवश्यक देखिएको हो । तथापि यस पुस्तकमा जाति विकास, आर्य प्रजातिका मानिसमा भएको वर्ण विभाजन, त्यसबाट भएको जाति विकास र छुवाछूतप्रथा सम्बन्धी कुराहरू भने यस पुस्तकमा समेटिएको पाइँदैन ।

डोरबहादुर विष्टद्वारा लिखित *पिपुल अफ नेपाल* (२००० ई.) नामक पुस्तक रत्नपुस्तक भण्डारले प्रकाशन गरेको हो । नेपालका धेरैजसो जातजातिहरूलाई एकै ठाउँमा समेटेर लेखिएको सम्भवतः यो पहिलो पुस्तक हो । कुल २१८ पृष्ठ रहेको यो पुस्तक सर्वप्रथम वि.सं.२०२४ सालमा प्रकाशन भए पनि यहाँ समीक्षा गरिएको पुस्तक लेखकको सातौं संस्करणका रूपमा वि.सं.२०५७ सालमा प्रकाशन भएको हो । लेखकले यस पुस्तकमा नेपालको हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रमा बसोबास गर्ने ३६ वटा जातजातिका सम्बन्धमा चर्चा गरेका छन् । पुस्तकमा लेखकले ब्राह्मण र क्षेत्रीलाई पहाडी क्षेत्रका पेसागत जाति भनी समग्रमा पृष्ठ १ देखि १६ सम्म उल्लेख गरेका छन् भने त्यसभन्दा पछाडि क्रमशः नेवार, राई, लिम्बु, तामाङ्ग, मगर, खस, सुनुवार र

जिरेल, गुरूङ्ग, थकाली, पाँचगाउँले, चेपाङ्ग, तराईका बाहुन र राजपुत, थारू, दनुवार, माझी र दराई, राजवंशी, सतार, धिमाल र वोडे, झाँगर, मुसलमान, शेर्पा, ल्होमी, थुदाम र तोप्केगोला, ओलाङ्चुङ्गगोलाका मान्छे, मुस्ताङ्गका लोपा, बाह्र गाउँले, डोल्पो, मनाङ्गवा, लार्के र राउटे जातिहरूका बारेमा चर्चा गरेका छन् ।

पुस्तकमा चिडिमार जातिका बारेमा छुट्टै विवरण प्रस्तुत नगरिए पनि यसमा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जनजीवनका विषयमा तथ्यपरक विवरणहरू प्रस्तुत गरिएको छ । यसका अतिरिक्त नेपालका समग्र जातजातिका बारेमा केही विस्तृत विवरण प्रस्तुत गरिएको यो एउटा महत्वपूर्ण कृति हो । यस पुस्तकमा पादटिप्पणी र सन्दर्भ-ग्रन्थसूची पनि प्रस्तुत गरिएको हुनाले त्यसबाट नेपालका जातजातिका बारेमा अध्ययन अनुसन्धान गर्दा के कस्ता पुस्तकहरूको सहयोग लिन सकिन्छ भन्ने कुराको ज्ञान पनि लिन सकिएको छ । प्रस्तुत अनुसन्धान नेपालकै तराई क्षेत्रमा बसोबास गर्दै आएको एउटा 'चिडिमार' नामको जातिका बारेमा गरिएको अनुसन्धान भएको र यस पुस्तकमा पनि नेपालका जातजातिका बारेमा चर्चा गर्दै स्थलगत भिन्नताका आधारमा पहाडी जनजीवन र तराईको जनजीवनमा रहेका व्यावसायिक तथा पेसागत र सामाजिक-सांस्कृतिक भिन्नताहरूको चर्चा गरिएको हुनाले नेपालका जातजातिहरूको स्थितिका बारेमा जानकारी लिन पुस्तक उपयोगी रहेको हुनले यस पुस्तकलाई पनि समीक्षा गरिएको हो ।

जनकलाल शर्माद्वारा लिखित *हाम्रो समाज एक अध्ययन* (वि.सं.२०५८) नामक पुस्तक साझा प्रकाशनले प्रकाशन गरेको हो । कुल ४३७ पृष्ठ रहेको यस पुस्तकमा मानव विकास, प्रजाति विकास, जाति विकास, प्रजातिवादका सन्दर्भमा नेपाली समाज, धर्म, अभिचार र विज्ञान जस्ता कुराहरूको चर्चासँगै हिन्दू समाजमा वर्ण र वर्णको उत्पत्ति, जाति शब्दको व्याख्या, वर्णशङ्कर, जातजातिहरूको सामाजिक स्थिति, जाति र प्रजातिमा भेद, प्रजातिवाद जस्ता शीर्षकसँग सम्बन्धित विषयवस्तुको चर्चा गरिएको छ । पुस्तकमा जाति उत्पत्ति, जाति भनेको के हो ? वर्ण भनेको के हो ? शूद्रको समस्या, अस्पृश्यता तथा छुवाछूत सम्बन्धी कुराहरू पनि उल्लेख गरिएको हुनाले दलित र दलित समस्या अध्ययन गर्ने क्रममा पुस्तक सहयोगी रहेको छ । तथापि यस पुस्तकमा कतिपय ठाउँमा पौराणिक विषयवस्तुका बारेमा चर्चा गर्ने क्रममा साहित्यिक चर्चालाई समेत आधार मानिएको हुँदा केही विषयवस्तु मनगणन्ते जस्ता पनि लाग्दछन् । पुस्तकमा चर्चा गरिएका जातिको उत्पत्ति, विकास सम्बन्धी केही कुराहरू हिन्दू दर्शनमा पनि आधारित भएका कारण नेपालका जातजाति, समाज र खासगरी दलित र अस्पृश्यताका बारेमा यसबाट केही तथ्यगत विषयवस्तुको ज्ञान लिन सकिने देखिन्छ । प्रस्तुत अनुसन्धान नेपालमा बसोबास गर्ने चिडिमार जाति भएको र यस पुस्तकमा पनि जाति विकास सम्बन्धी सैद्धान्तिक चिन्तन गरिएको हुनाले यसलाई पनि समीक्षा गरिएको हो ।

जयप्रकाश गुप्ताद्वारा लिखित *मधेश सामाजिक संरचना र विभेद* (२०६१ वि.सं.), नामक पुस्तक मधेशी मानव अधिकार सङ्रक्षण केन्द्रले प्रकाशन गरेको हो । मात्र ५८ पृष्ठ रहेको यो पुस्तक कुनै अनुसन्धानविधि अपनाएर लेखिएको पुस्तक होइन । लेखकले यो पुस्तक मात्र नेपालको तराई क्षेत्रको सामाजिक संरचनाको बारेमा जानकारी दिने उद्देश्यले लेखेको देखिन्छ । यस पुस्तकलाई लेखकले चारवटा अध्यायहरूमा विभाजन गरेका छन् । जसमध्ये प्रथम अध्यायमा मधेशको सामाजिक संरचना, दोश्रो अध्यायमा मधेशको परिचय, तेस्रो अध्यायमा नयाँ समूह संरचनामा मधेशी जनसङ्ख्याको अध्ययन र चौथो अध्यायमा राष्ट्रिय मूलधारमा मधेशको योगदान भन्ने शीर्षकहरू राखिएका छन् ।

यस पुस्तकमा लेखक गुप्ताले नेपालको तराईको सामाजिक जनजीवन, त्यहाँका जातजाति, जनसङ्ख्या, भाषिक संरचना, शैक्षिक अवस्था, दलित र दलितको सामाजिक संरचना, जातजातिको संरचना, धार्मिक संरचना, जनसङ्ख्याको विभाजन जस्ता कुराहरू समेटेर नेपालको तराईको जनजीवन झल्कने विषयवस्तु प्रस्तुत गरेका छन् । पुस्तकमा नेपालको राष्ट्रिय मूलधारमा तराईबासीको योगदान, मधेशी जनताको खस्कंदो जीवन शैली, महिलाको अवस्था, आम्दानीका स्रोतहरूको अभाव, रोजगारीको समस्या जस्ता कुराहरूलाई फरकफरक शीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरेका छन् । प्रस्तुत अनुसन्धान पनि नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएको दलित समुदायमध्येको एउटा चिडिमार जातिको विषयमा गरिएको हुनाले यस पुस्तकबाट त्यहाँको जनजीवन अध्ययन गर्न सहयोग पुगेको छ । पुस्तक नेपालको तराईबासीको समग्रतामा आधारित भएकाले त्यहाँको भौगोलिक अवस्था, भाषा समूहहरू जस्तै इण्डो-युरोपियन समूह, सिनो-टिवेटियन समूह, एस्ट्रो-एसियाटिक समूह र द्रविजियन समूहका भाषा बोल्ने मानिसहरू, जसमा मैथिली, अवधी र भोजपुरी भाषाभाषीहरूको बाहुल्यता रहेको छ भन्नेजस्ता कुराहरू समावेस गरिएको छ ।

पुस्तक नेपालको तराईको जनजीवन, सामाजिक स्वरूप, वर्गीयता, दलित र दलितको अवस्थाका बारेमा जानकारी लिन उपयोगी भएपनि जात भनेको के हो ? जातहरू कसरी विकसित भए ? जातजातिको विकासका आधारहरू के के हुन ? हिन्दू समाजमा यसको सकारात्मक वा नकारात्मक के कस्ता प्रभावहरू परेका छन् । दलितहरू को हुन ? नेपालमा तराई दलितको चिनारी कसरी गराउन सकिन्छ भन्नेजस्ता विषयमा पुस्तक सघन रूपले प्रस्तुत हुन सकेको छैन । तथापि पुस्तक तराई र त्यहाँको सामाजिक-सांस्कृतिक जनजीवनसँग सम्बन्धित रहेको पाइएको हुँदा समीक्षाका लागि आवश्यक ठानिएको हो ।

देवजानी गाङ्गुलीद्वारा लिखित *काष्ट एन्ड दलित लाइफ ओर्डस् (पोष्ट कोलोनियल प्रस्पेक्टिभ)* (२००५ ई.) नामक पुस्तक भारतको ओरियन्ट लङ्मेन हैदराबादले प्रकासन गरेको हो । कुल २८७ पृष्ठ रहेको यस पुस्तकलाई दुईवटा प्रमुख खण्डहरूमा विभाजन गरिएको छ जसमध्ये

पहिलो खण्डमा भारतमा जाति उत्पत्ति र विकासको इतिहास, जाति र राष्ट्रियता, जातीयता र मार्क्सबाद तथा पूर्वीय सभ्यतासम्बन्धी कुराहरूको चर्चा गरिएको छ । त्यसै गरी पुस्तकको अर्को खण्डमा जाति र तिनको जीवन पद्धति, दलित र दलितका सन्दर्भमा भीमराव अम्बेडकरको भनाई, भक्ति, अन्धविश्वास, र दलितका सन्दर्भहरूको चर्चा गरिएको छ ।

पुस्तकमा हिन्दू समाजमा हुने वर्ण व्यवस्था र शूद्रको उदय, वैदिककालमा शूद्र, मनुकालमा शूद्र, त्यसपछिका शूद्र र उपनिवेशबादभन्दा पछाडिको भारतीय समाजमा शूद्र तथा दलितको अवस्थालाई ऐतिहासिक सन्दर्भसँग जोडेर चर्चा गरिएको छ । पुस्तकमा जाति भनेको मानव समुदायको एक भिन्न साखा हो । हिन्दू समाजमा शूद्रहरू उत्तरवैदिककालभन्दा पछाडि विस्तारै अछूतमा गणना हुँदै गएका हुन् भन्ने कुराहरूका अतिरिक्त दलित शब्द र त्यसको विवेचना पनि गरिएको छ । यस पुस्तकमा नेपालका दलितहरूका बारेमा भने चर्चा गरिएको छैन । पुस्तकमा भारतीय दलित तथा शूद्र वर्णको उत्पत्ति र विकास सम्बन्धी कुराहरूको चर्चा गरिएको छ ।

पुस्तकको शीर्षक जाति र जाति व्यवस्थाअन्तर्गत पर्ने दलितका विषयमा केन्द्रीत भएको हुनाले हिन्दू समाजमा जाति व्यवस्था किन आवश्यक भयो ? तत्कालीन समाजको विकास र सामाजिक व्यवस्थालाई सुचारू राख्न जाति व्यवस्था आश्यक थियो कि थिएन ? वा जाति व्यवस्थाको विकास ठीक थियो कि थिएन भन्ने कुराको चर्चा गरिएको छैन । पुस्तक जाति व्यवस्थाको विश्लेषणमा भन्दा दलितका सन्दर्भमा बढी केन्द्रीत छ । प्रस्तुत अनुसन्धानको एउटा महत्वपूर्ण पक्ष दलितको सन्दर्भ पनि भएको र नेपालका दलित तथा शूद्र वर्णका मानिसहरूको सम्बन्ध भारतीय शूद्रहरूसँग रहेका कारण नेपालका दलित समुदायको ऐतिहासिक विषयवस्तुको अध्ययनमा यो पुस्तक आंसिक सहयोगी देखिएकोले समीक्षा गर्न आवश्यक ठानिएको हो ।

सुवास रिजालको नेतृत्वमा गएको एक अनुसन्धान टोलिले तयार पारेको विरणका आधारमा *इथ्नोग्राफिक स्टडी अफ तराई दलित इन नेपाल* (२००६ ई.) नामक पुस्तक नेपाल नेशनल डिप्रेस्ड सोसियल वेलफियर अर्गनाइजेशनले प्रकाशन गरेको हो । कुल १०३ पृष्ठ रहेको यस पुस्तकमा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दशवटा दलित जातिहरूको बारेमा स्थलगत अध्ययन गरिएको प्रतिवेदनसमेत प्रस्तुत गरिएको छ । यस पुस्तकमा चारवटा अध्यायहरू रहेका छन् जसमध्ये प्रथम अध्यायमा परिचय, दोश्रो अध्यायमा अध्ययन विधि, तेस्रो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय र चौथो अध्यायमा तराई दलितका साझा स्वरूपहरूका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत अनुसन्धान नेपालको तराई क्षेत्र, त्यस क्षेत्रमा बसोबास गर्दै आएका दतिल समुदाय र तिनीहरूमा पनि दतिल समुदायको 'चिडिमार' जाति भएका कारण यस पुस्तकको चौथो

अध्यायमा प्रस्तुत गरिएका तराई दलितका शारीरिक स्वरूप, भाषा, चाडपर्व, पोशाक, जीवन पद्दती, जन्मसंस्कार, पास्नी, विवाह, मृत्यु संस्कार र मृत्युपर्यन्तका संस्कारहरूका सन्दर्भहरू यस अनुसन्धानसँग सम्बन्धित विषयवस्तुहरू रहेका छन् ।

पुस्तकमा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दलित समुदायअन्तर्गतका जातिहरू बाँतर, चमार, धोवी, डोम, दुसाध, हलखोर, खत्वे, मुसहर, पत्थरकट्टा र तत्मा जातिको जातीय अध्ययन गरिएको छ । यसमा तराई क्षेत्रको भौगोलिक परिचय, त्यहाँका दलितहरूको जीवन पद्धति, जनसाङ्ख्यिक अध्ययन, स्वास्थ्य, शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक अवस्थाहरूको बारेमा चर्चा गरिएको छ । नेपालको तराईका दलितहरूमाथि हुने विभेदीकरण, नेतृत्वदायी भूमिका, महिला, बालबालिका, लिङ्ग, वर्ण, जनजातीयता, विकासमा सहभागिता, पछौटेपन जस्ता विविध कुराहरूको चर्चा गरिएको छ । चिडिमार जातिको सम्बन्ध नेपालको तराई क्षेत्रका दलितहरूसँग गाँसिएको हुनाले समग्रमा तराई दलितको अवस्था झल्काउन पुस्तक सहयोगी भएको छ । तथापि यस पुस्तकमा चिडिमार जातिको बारेमा भने छुट्टै शीर्षक दिएर चर्चा गरिएको छैन । तराईका अन्य दलित जातिहरूको सम्बन्ध चिडिमार जातिसँग पनि समान रूपले रहने हुँदा यस पुस्तकलाई तराईका दलितका सन्दर्भमा अध्ययन गर्ने क्रममा केही सहयोगी देखिएकोले समीक्षा गरिएको हो ।

शुक्रऋषि चौलागाईद्वारा लिखित *पहिचान (लोपोन्मुख जातजातिबारे एक अध्ययन)* (२०६३ वि.सं.) नामक पुस्तक सहयात्रा बाँकेले प्रकाशन गरेको हो । कुल ९८ पृष्ठ रहेको यो नेपालको तराई क्षेत्रमा बसोबास गर्ने धेरै जातजातिहरू र अन्य क्षेत्रका केही जातिहरूका बारेमा लेखिएको पुस्तक हो । यस पुस्तकलाई प्लान नेपालको सहयोगमा सहयात्रा नेपाल बाँकेले वि.सं.२०६३ सालमा प्रकाशन गरेको हो । यो नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका, पिछडिएका, सीमान्तकृत अवस्थामा रहेका, आर्थिक रूपले बिपन्न, सामाजिक रूपले पछाडि परेका, सांस्कृतिक रूपले आफ्नो छुट्टै अस्तित्व कायम भएका तर राष्ट्रिय पहिचान कायम हुन नसकेका, राष्ट्रिय मूलधारमा आउन नसकेका, राज्यद्वारा प्रदान गरिने सेवा र सुविधाको पहुँचभन्दा बाहिर रहेका, शैक्षिक चेतनाको कमी भएका जस्ता जातजातिहरूको बारेमा सर्वसाधारणको जानकारीका लागि लेखिएको पुस्तक हो । यस पुस्तकमा १४ वटा शीर्षकहरू रहेका छन् । पुस्तकमा क्रमशः विषय प्रवेश, चिडिमार, कुशवंधीया (पत्थरकट्टा), मगन्ता, सोनाहा, किंघरिया, धानकुट्टा, घँसियारा, राउटे, राजी, गडरिया र राढ, बाँकेमा पाइने लोपोन्मुख र अल्पसङ्ख्यक अन्य केही जातिहरू जनजातिहरूका प्रमुख बासस्थान तथा आदिबासी जनजाति र जनसङ्ख्या जस्ता शीर्षकहरू रहेका छन् । यस पुस्तकको पृष्ठ ५ देखि १८ सम्म चिडिमार जातिका बारेमा सामान्य जानकारी दिने विषयवस्तु समावेश  गरिएको छ ।

लेखक चौलागाईका अनुसार चिडिमार जातिको जातीय नामाकरण चरा मार्ने व्यवसाय अंगाल्ने गरेका कारण भएको हो । यस जातिका मानिसहरू भारतबाट बसाइँ सरेर नेपाल प्रवेश गरेका हुन् । केही समय अगाडिसम्म चिडिमारहरू घुमन्ते अवस्थामा रहेका थिए । अहिले यिनीहरू पूर्णरूपले स्थायी रूपले बसोबास गर्दै आएका छन् । भारतमा यस जातिसँग मेल खाने जातिलाई 'बहेलिया' भनिन्छ । उनीहरूले पनि केही समय अगाडिसम्म चरा मार्ने व्यवसाय नै अपनाउँदथे । नेपालका चिडिमार जातिका मानिसहरूको भारतका बहेलिया जातिसँग वैवाहिक लेनदेन चल्दछ । नेपालका चिडिमार जातिका मानिसहरू अवधी भाषा बोल्दछन् । अहिले यस जातिका मानिसहरूले चरा मार्ने व्यवसायलाई त्याग्दै गएका छन् । त्यसले गर्दा चिडिमार जातिको व्यवसायका आधारमा चल्दै आएको नामको पहिचान गुम्ने अवस्था देखा पर्दै गएको छ भन्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा चिडिमार जातिलाई तराईको दलित समुदायमा पर्ने जाति भएको कुरा भने उल्लेख गरिएको छैन । चिडिमारहरू नाई पेसा अगाल्ने ठाकुर परिवारका मानिसहरूसँग निकट रहेको कुरा उल्लेख गरिएको छ । तर यसलाई पुस्टी गर्ने आधारहरू न त यस पुस्तकमा दिइएको छ न त अन्य पुस्तकहरूमा नै त्यस्तो सन्दर्भ पाइन्छ ।

पुस्तकको पृष्ठ पाँचदेखि तेह्रसम्म यस जातिका बारेमा जन्मोत्पत्ति, बसोबास क्षेत्र, जनसङ्ख्या, भाषा, धर्म, पुर्ख्यौली पेसा, वर्तमान पेसा, सामाजिक आर्थिक अवस्था, संस्कृति, चाडपर्व, रहनसहन तथा चालचलन, जन्म, कपाल मुण्डन, विवाह, मगनी, गौना, थौना, मृत्युजस्ता संस्कारहरू, वेषभूषा/आभूषण, शैक्षिक तथा सामाजिक चेतना, स्वास्थ्य, अधिकार, सीप, कला, ज्ञान, संघसंस्थाहरूको प्रयास र निचोड प्रस्तुत गरिएको छ । पुस्तकमा यी विषयवस्तुहरू अति सङ्क्षेपमा प्रस्तुत गरिएको भए पनि चिडिमार जातिकै बारेमा अहिलेसम्म पनि स्थानीय स्तरमा गरिएको खोजका आधारमा पुस्तक प्रकाशन नभएको सन्दर्भमा यसलाई पनि महत्वपूर्ण सहयोगी सामग्रीका रूपमा गणना गरी समीक्षा गरिएको हो ।

विद्यानाथ कोइराला, राजन खड्का र राजकुमार बरालद्वारा सम्पादित *राज्यको पुन: संरचनामा दलित सहभागिता* (२०६३ वि.सं.) नामक पुस्तक तीनै जना सम्पादकहरूद्वारा नै प्रकाशन पनि गरिएको हो । कुल १७६ पृष्ठ रहेको यस पुस्तकमा विभिन्न विद्वानहरूका ३५ वटा लेखहरू समावेस गरिएका छन् । ती लेखहरू धेरैजसो नेपालका दलित समुदायका विषयवस्तुसँग सम्बिन्धित रहेका छन् । नेपालमा बसोबास गर्ने दलितहरूको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाहरू, राज्यमा दलितको भूमिका, ऐतिहासिक विकास, दलित महिला र बालबालिकाको अवस्था, उत्पत्ति, दलित जातिहरूको उत्पत्तिका आधारहरू, वर्ण व्यवस्था, भारतमा दलित र दलित उत्थानको अवस्था, आरक्षण र भावी रणनीति, छुवाछूतको अवस्था, दलितपना, दलित आन्दोलन, दलितसँग सम्बन्धित कानुनी प्रावधान जस्ता कुराहरू उल्लेख गरिएका छन् ।

यस पुस्तकमा रहेका लेखहरूमध्ये मोदनाथ प्रश्रितद्वारा लिखित 'मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा,' आहुतिको 'हिन्दू सामन्तबाद र राज्यको पुनः संरचनामा दतिलको प्रश्न,' टेक नारायण कुँवरको 'नेपालमा जातीय विभेद, कानुनी स्थिति र मानव अधिकार,' चेतेन्द्रजंग हिमालीको 'को हुन् यी दलित वा अछूत भनिएकाहरू' जस्ता लेखहरू यस अनुसन्धानका क्रममा केही सहयोगी भएका छन् । नेपालको तराई क्षेत्रमा बस्दै आएका चिडिमार जाति पनि तराईका दलित समुदायमध्येका भएका कारण यस पुस्तकमा उल्लेख गरिएका दलितका विषयबस्तु चिडिमार जातिसँग पनि मिल्दाजुल्दा रहेका छन् । तथापि त्यस्ता लेखहरू कुनै संघसस्थाको आर्थिक सहयोगमा अनुसन्धान गरिएका र कुनै सम्बन्धित दलित तथा राजनीतिक र अन्य प्रतिशोधयुक्त पूर्वाग्रही भावनाले अभिप्रेरित भएर लेखिएका समेत हुनाले सबैमा पूर्णसत्यता छ भन्न नसकिए पनि अनुसन्धानका क्रममा देखिएका विषयवस्तु र यस पुस्तकका लेखहरूमा उल्लेखित विषयवस्तुहरूको तुलनात्मक अध्ययन गर्न सकिएको हुनाले यसलाई समीक्षा गर्न आवश्यक देखिएको हो । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरू पनि दलित समुदायअन्तर्गत पर्ने हुनाले पुस्तकमा समेटिएका दलित विषयवस्तुसँग सम्बन्धित लेखहरू मात्र उपयोगी रहेको पाइएको छ ।

मधुसूदन पाण्डेयद्वारा लिखित *नेपालका दलितहरू* (२०६४ वि.सं.) नामक पुस्तक पैरवी प्रकाशनले प्रकाशन गरेको हो । कुल १५८ पृष्ठ रहेको यो पुस्तक नेपालका दलित जातिहरूका बारेमा लेखिएको पुस्तक हो । यस पुस्तकलाई लेखक पाण्डेयले नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने पहाडका दलित समुदायअन्तर्गतका जातिहरू र तराई क्षेत्रमा बसोबास गर्ने तराईका दलित समुदायअन्तर्गत पर्ने जातिहरूका बारेमा जानकारी दिने उद्देश्यले लेखेका हुन् । पुस्तकको अन्त्यमा राखिएको सन्दर्भग्रन्थ सूचीमा उल्लेख गरिएका कृतिहरू यस शोधकार्यका क्रममा विभिन्न ठाउँमा गएर खोजी गर्नका लागि सहयोगी सावित भएका छन् । यस पुस्तकलाई लेखकले प्रमुख रूपमा दुई खण्डमा विभाजन गरेका छन् जसमध्ये प्रथम खण्डमा नेपालका २१ वटा दलित जातिहरूको बारेमा 'नेपालका दलितहरू' भन्ने शीर्षक दिएर लेखेका छन् । यसमा नेपालका दलित जातिहरूको नाम नै उल्लेख गरिएको छ । त्यसै गरी पुस्तकको दोश्रो खण्डमा 'दलितको परिभाषा र नामाकरण' शीर्षक दिएर यसअन्तर्गत ४० वटा उपशीर्षकहरूमा नेपालका दलित समुदायका मानिसहरूको सामाजिक-सांस्कृतिक अवस्थाहरूका बारेमा विश्लेषण गरिएको छ । नेपालका समग्र दलित समुदायका जातिहरूका बारेमा लेखिएको यस पुस्तकमा चिडिमार जातिलाई तराईको दलित समुदायअन्तर्गत पर्ने जातिका रूपमा चर्चा गरिएको छ । लेखकले चिडिमार जातिलाई नेपालको तराई क्षेत्रमा बस्ने एउटा घुमन्ते जातिका रूपमा चर्चा गरेका छन् । पुस्तकको पृष्ठ १८ देखि २१ सम्म चिडिमार जातिका बारेमा मात्र उल्लेख गरिएको छ ।

लेखक पाण्डेयको यस पुस्तकमा नेपालका एक्काइसवटा दलित जातिहरूका बारेमा चर्चा गरेका छन् जसमा चिडिमार जातिलाई पनि त्यसमा समावेश गरिएको छ । प्राचीन वैदिक, औपनिषदिक, स्मृतिकालदेखि आजसम्म शूद्र वर्णका मानिसदेखि वर्तमानमा रहेका दलितहरूसम्मको अवस्था समाजको तल्लो दर्जाको नागरिकका रुपमा अगाडि बढ्दै आएको छ । दलितहरू हिन्दू वर्ण व्यवस्थाका आधारमा शूद्र वर्णमा दरिएका मानिसकै सन्तानहरू हुन् । दलितहरूमाथि ब्राह्मण साहित्यकालदेखि नै शोषणहरू हुँदै आएका कुराहरू पुस्तकमा उल्लेख गरिएको छ । पुस्तकमा लेखकले नेपालका दलितहरूको वर्गीकरण गरी तराई दलितअन्तर्गतका जातिहरूको पनि छुट्टाछुट्टै सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक अवस्थाहरूके बारेमा चर्चा गरेका छन् । प्रस्तुत अनुसन्धान पनि नेपालको तराई क्षेत्रमा बस्दै आएका दलित जातिहरूअन्तर्गतको चिडिमार जातिको बारेमा नै भएकाले पुस्तक त्यस सन्दर्भमा अध्ययन गर्न केही उपयोगी देखिएको छ ।

पुस्तकको अठारौं पृष्ठमा 'चिडिमार' शब्द 'चिडी' र 'मार' दुईवटा शब्दहरूको मेलबाट भएको हो । यो एउटा चरा मारेर जीविका चलाउँदै आएको जाति हो । नेपालको तराई क्षेत्रमा यस्ता धेरै व्यावसायिक जातिहरू अरू पनि छन् भन्ने कुरा उल्लेख गरिएको छ । चिडिमार एउटा तराईका दलित समुदायअन्तर्गतको जाति हो । वि.सं.२०५८ को जनगणनाअनुसार नेपालमा यस जतिको कूल जनसङ्ख्या १२२९६ रहेको छ जसमा पुरूषहरू ६५१६ र महिलाहरू ५७८० छन् । चिडिमारहरू शैक्षिक, आर्थिक रूपले निकै पिछडिएका जाति भए पनि यिनीहरू सांस्कृतिक रूपले धनी छन् । यिनीहरूको आफ्नै सांस्कृतिक पहिचान छ । हिन्दू धर्मावलम्बी भएका कारण चिडिमारहरूले हिन्दू धर्मअनुरूपकै संस्कारहरू सम्पन्न गर्ने गर्दछन् । त्यसमा पनि यिनीहरूका आफ्नै मौलिकता कायम छन् भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

लेखकले चिडिमार जातिको पेसाका सम्बन्धमा केही गहन रूपले यसरी उल्लेख गरेका छन् कि 'चिडिमार' नाम पेसाका आधारमा राखिएको हो । जङ्गलमा चरा मार्नु यस जातिको प्रमुख पेसा हो । यिनीहरू जाल थापेर पासोमा पारेर चरा मार्ने गर्दछन् । यस्ता जालमा उनीहरू एकै पटकमा दर्जनौं चराहरू बल्झाउँदछन् । धेरै चरा समात्न सके बिक्रीवितरण गरी पैसा आर्जन गर्दछन् र त्यही पैसाले नुनतेल वरापरी गर्दछन् र चराहरू थोरै भएमा आफैले खाने गर्दछन् । चिडिमारहरूले खोला पोखरीमा माछा मार्ने काम पनि गर्दछन् । यिनीहरू शिकारका निकै सौखिन हुन्छन् । मासु र रक्सी यिनीहरूको सबैभन्दा मनपर्ने खाना हो भन्ने कुरा पनि उल्लेख गरेका छन् ।

पुस्तकमा चिडिमार जातिले मनाउने चाडपर्वहरू दसैं, तिहार, माघेसंक्रान्ति, शिवरात्री, फागुपूर्णिमा आदिको पनि चर्चा गरिएको छ । यस जातिका बारेमा धेरै जानकारी प्रस्तुत नगरिए तापनि केही महत्वपूर्ण विवरण भने प्रस्तुत गरिएको छ । लेखक पाण्डेयले पुस्तकमा सहजै उपलब्ध हुनसक्ने सामग्रीहरूलाई प्रसस्त पेजहरूमा चर्चा गरेका छन् भने चिडिमार जस्तो घुमन्ते र कम

जानकारी पाइने तथा विवरण सङ्कलनमा कठिनाई भएको जातिका विषयमा कम मात्र चर्चा गरेका छन् । यस पुस्तकमा उल्लेख गरिएको चिडिमार जातिको जनसङ्ख्या विवरण पनि गलत रहेको छ । यो तथ्याङ्क राष्ट्रिय तथ्याङ्क विभागले नै गलत तरिकाले प्रस्तुत गरेको हुँदा त्यसो हुन गएको हो । तथापि पुस्तकमा चिडिमार जातिलाई तराईका दलित समुदायका रूपमा चित्रित गरिएको छ । यसभन्दा अगाडिका अत्यन्त कम सामग्रीहरूमा मात्र चिडिमार जातिलाई तराईका दलित समुदायका रूपमा चर्चा गरिदै आएको हुनाले तराईका दलित समुदयमा चिडिमार जातिका मानिसहरू पनि पर्दछन् भन्ने आधारका लागि पुस्तक उपयोगी र प्रमाणका रुपमा समेत रहेको र त्यही आधारमा समीक्षा पनि गरिएको हो ।

महेश चौधरीद्वारा लिखित *नेपालको तराई तथा यसका भूमिपुत्रहरू* (२०६४ वि.सं.) नामक पुस्तक ग्रामिण महिला विकास संस्था दाङकी अध्यक्ष शान्ति चौधरीले प्रकाशन गरेकी हुन् । यस पुस्तकमा १५ वटा अध्यायहरू रहेका छन् । पुस्तकमा नेपालको तराई क्षेत्र खासगरी बुटवल, दाङ, बर्दिया, नवलपरासी प्राचीन मानव सभ्यताको विकासका क्रममा प्रयोग गरिएका वस्तुका अवशेषहरू फेला परेका स्थलहरू हुन् । बुटवल नजिक तिनाउ नदीको किनारमा प्राप्त पिथेकसको माथिल्लो वङ्गारा परीक्षण गर्दा त्यो पिथेकस आदिम मानवपूर्खा भएको प्रमाणित भएको छ । भारतको अयोध्याका राजा रामको नामका आधारमा त्यो पिथेकसलाई ‘रामापिथेकस’ भन्न थालिएको हो । त्यो पिथेकसको दाँत अमेरिकामा परीक्षण पछि नेपाल ल्याएर राष्ट्रिय ऐतिहासिक संग्रहालय स्वयम्भूमा राखिएको छ भन्ने कुरा लेखकले पुस्तकमा उल्लेख गरेका छन् ।

पुस्तकमा भारतको मध्यदेशबाट आएका मधेशीहरू नेपालको तराईमा बसोबास गर्दछन् । तर मधेश भन्ने ठाउँ भने नेपालमा रहेको छैन । त्यो ठाउँ भारतमा पर्दछ । नेपालको तराईमा जातीय उत्पिडन केही मधेशीहरूमा कायम छ । हिन्दू धर्म मान्ने मधेशीहरूले नै तराईका दलितहरूलाई दवाउने, शोषण गर्ने गर्दछन् । यसरी दवाउने त्यहाँका खास जातिहरू ब्राह्मण र भूमिहारहरू हुन् । नेपालको तराईमा न कहिल्यै मधेश राज्य स्थापना भयो न कहिल्यै हुने छ भन्ने कुरा लेखकले उल्लेख गरेका छन् ।

पुस्तकमा लेखक चौधरीले फ्रेडरिक एङ्गेल्सको वानरदेखि मानवसम्मको संक्रमणमा श्रमको भूमिका पुस्तकको भनाईलाई उदृत गर्दै ७ करोडदेखि १.४ करोड वर्ष सम्ममा भूमध्येरेखीय क्षेत्रको केही भाग हिन्द महासागरको गर्भमुनी डुब्न पुग्यो । त्यस्तो अवस्थामा सागरमा ठूलो खाडल बन्न गई दक्षिण एसियाको पूर्वीभागमा रहेको बंगालको खाडीमा सबै नदीहरू गएर जम्मा हुनथाले । यसले गर्दा सिन्ध गंगा मैदानको पश्चिमी अग्लो समथल भू-भागको पानी राजस्थानदेखि पूर्व विहारदेखि पश्चिम बंगाल तर्फ सुक्दै गयो । यसले गर्दा राजस्थान, पञ्जाव, सिन्ध गंगा नदी घाटीमा मानव सभ्यताको विकास हुँदै गयो । त्यसको केही समय पछि सभ्य र विकसित मानव

कहलिएका आर्यहरूको त्यस क्षेत्रमा आगमन भई क्रमशः पूर्वतर्फ बढ्दै गएपछि त्यहाँका पुराना बासिन्दा उनीहरूका चङ्गुलमा पर्दै गए । त्यहाँका बासिन्दा आर्यका दास बन्दै थए । हिन्दू धर्मावलम्बी ती आर्यहरूले भारतमा राज्यव्यवस्था कायम गर्दै गएर सम्पूर्ण जम्बु द्विपमा आर्यावर्त (हिन्दूहरूको देश) स्थापना गरी राज्य संचालन गरेको कुरा पुस्तकमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

भारतको मध्यदेशबाट बसाइँ सराई पछि नेपालको तराई क्षेत्रमा आएका मानिसहरूलाई नेपालमा अहिले मधेशीहरू पनि भन्ने गरिन्छ । उनीहरूले अहिले आएर त्यहाँका आदिवासी तथा जनजातिका अतिरिक्त दलित समुदायमाथि हैकम चलाउने गर्दै आएका कुरा पनि पुस्तकमा उल्लेख गरिएको छ । लेखकले पुस्तकमा यसका अतिरिक्त तराई आवद गराउने प्रयास र बसाइँ सराई, तराईमा भएको बसाइँ सराईबाट आदिवासीमा परेको प्रभाव, नेपालमा मधेश कहाँ छ ? तराईका मधेशी समुदाय र राजनीति तथा एकीकरण पछिको नेपाल र जनजातिहरूको स्थितिजस्ता शीर्षकहरूमा चर्चा गरेका छन् । पुस्तक नेपालको जातीय संरचना सम्बन्धी विषय अध्ययनका लागि सहयोगी भए पनि यसमा जातजातिका विषयवस्तुमा पनि खासगरी थारु जातिका मानिसहरूलाई तराईका भूमिपुत्रका रुपमा प्रस्ट्याउने प्रयत्न गरिएको छ । जुन यस अध्ययनसँग त्यति सम्बन्धित रहेको छैन । यसमा चिडिमार जातिका बारेमा पनि चर्चा गरिएको छैन । पुस्तक मात्र नेपालको तराई र त्यहाँको सामाजिक सङ्गठनका साथै आर्यावर्त र हिन्दू सभ्यता सम्बन्धी विषयवस्तुको अध्ययनमा सहयोगी रहेको पाइएको छ । त्यसमा पनि नेपालको तराईको इतिहासको सुक्ष्म अध्ययन र त्यहाँको जनजीवनका बारेमा तथा बसाइँ सराई सम्बन्धी विषयमा अध्ययन गर्न यस शोधका लागि केही मात्रामा सहयोगी हुने ठानी यस पुस्तकलाई पनि समीक्षा गरिएको हो ।

दीपक चौधरीद्वारा लिखित *नेपालको मधेशी समाज* (२०६५ वि.सं.) नामक पुस्तक रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो । कुल २१९ पृष्ठ रहेको यो नेपालको तराई क्षेत्रका मानिसहरूको जनजीवनका बारेमा लेखिएको एउटा खोजमूलक कृति हो । स्थलगत अध्ययनका आधारमा तयार पारिएको हुनाले यस पुस्तकमा रहेका धेरै कुराहरूले तराईको वर्तमान जनजीवनलाई जस्ताको तस्तै प्रस्तुत गर्ने प्रयास गरेको छ । पुस्तकमा तराईका जातजातिहरू, तिनका सामाजिक-सांस्कृतिक अवस्थाहरू, लवाइखवाई, चाडपर्व, रितिरिवाज, व्यवसाय, आर्थिक गतिविधि जस्ता कुराहरू सङ्क्षेपमा प्रस्तुत गरिएको छ । यस पुस्तकमा आठवटा परिच्छेदहरू रहेका छन् जसमध्ये परिच्छेद एकमा नेपाली समाजको सङ्क्षिप्त परिचय, दुईमा मधेश र मधेशी : एक परिचय, तीनमा नेपाली समाजको जातीय वर्गीकरण, चारमा बयालीस पेसागत र अन्य जातिहरू, पाँचमा दलित हिन्दू, छमा जनजाति, सातमा मुसलमान र आठमा जातपातका कुराहरूको चर्चा गरिएको छ ।

यस पुस्तकमा तराईका जातजातिको बारेमा चर्चा गर्ने क्रममा चिडिमार जातिका बारेमा पनि उल्लेख गरिएको छ । पुस्तकमा चिडिमार जातिलाई तराईका दलित समुदायका जातिका रूपमा चर्चा गरिएको छ । चिडिमार जातिका मानिसहरू हिन्दू धर्म मान्दछन् । उनीहरूले चरा मार्ने व्यवसाय गर्दछन् । धेरै पहिलेदेखि घुमन्ते जीवन बिताउने गरेका कारण यस जातिका मानिसहरूले अहिले पनि घुमन्ते अवस्थामा रहेको जस्तै व्यवहार गर्दछन् । चिडिमारहरू आर्थिक क्षेत्रमा निकै कमजोर छन् । यस जातिको चरा मार्ने व्यवसाय पनि सङ्कटमा परेका कारण अहिले उनीहरूले जीविका चलाउन ज्याला मजदुरी गर्ने गर्दछन् । शिक्षा, स्वास्थ्य जस्ता विविध क्षेत्रमा पिछडिएका कारण चिडिमार एउटा सीमान्तकृत अवस्थामा रहेको जाति हो भन्ने कुरा उल्लेख गरिएको छ ।

पुस्तक नेपालको तराईको जनजीवनका बारेमा अध्ययन गर्न उपयोगी भएपनि लेखक नेपालको तराईकै बासिन्दा भएको र क्षेत्रीयताका आधारमा पूर्वाग्रही भावनाले प्रभावित भएर पुस्तक लेखेका कारण यसमा उल्लेखित कतिपय कुराहरू एकाङ्की, आधारहिन र आफू अनुकुल बनाउने प्रयास पनि गरिएको छ । नेपालको तराईका दलित समुदायका मानिसहरूका सम्बन्धमा लेखिएका कतिपय विषयवस्तुहरूमा उनीहरू पछाडि पर्नाका कारणहरू राज्यबाट हुने गरेका क्षेत्रीयताका आधारमा हुने विभेदका व्यवहारहरू हुन् भनी उल्लेख गरिएको पाइएको छ । वास्तविकता त्यो नभएर त्यहाँका गरिव, पीछडिएका, दलित, महिला बालबालिकाको अवस्था कमजोर हुनुमा प्रमुख आधार नेपालको तराई क्षेत्रमै विद्यमान सामन्ती संस्कार भएको देखिन्छ । त्यही क्षेत्रमा पुस्तौंदेखि बसोबास गर्दै आएका केही सम्भ्रान्त वर्ग र अन्य केही समान समयदेखि नै अति विपन्न र पीछडिएको अवस्थामा रहनुमा त्यहाँको परम्परागत सामाजिक संस्कारले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यो कुरालाई लेखकले पुस्तकमा ठीक विपरित तवरबाट प्रस्तुत गरेको पाइएको छ । तथापि पुस्तकमा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने जातिहरूको अवस्था र तिनीहरूको उत्पत्ति तथा विकासका सम्बन्धमा ऐतिहासिक आधार भेट्टाउन भने सहयोग पुग्ने देखिएकाले यसलाई आलोचनात्मक समर्थनका आधारमा समीक्षा गरिएको छ ।

विश्वेश्वर रजक अध्यक्ष रहेको मूल प्रवाहीकरण परियोजनाद्वारा सम्पादित तथा मधेशी दलित विकास महासंघ नेतृत्व विकास तथा २१औं शताब्दीमा मधेशी दलित समुदाय नामक संस्थाद्वारा प्रकासित *२१औं शताब्दीमा मधेशी दलित समुदाय* (२०६५ वि.सं.) नामक पुस्तक नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दलित जातजातिहरूका विषयमा लेखिएको पुस्तक हो । नेपालको तराईका दलित समुदायका बारेमा पुस्तकमा तथ्याङ्कीय विवरणहरू प्रस्तुत गरिएका छन् । कुल ४५ पृष्ठ रहेको यस पुस्तकमा परिचय, मधेश, मधेशमा बसोबास गरेका जातिहरूको जातिगत रूपमा जनसङ्ख्याको विवरण, दलित, मधेशी दलित समुदाय, मधेशी दलित

समुदायअन्तर्गतका जातिहरूको सामाजिक आर्थिक अवस्थाका साथै मधेशी दलित विकास महासङ्घले मधेशी दलितको उत्थानमा गरेको योगदानका बारेमा चर्चा गरिएको छ ।

पुस्तकमा लेखकले नेपालभित्रै बसोबास गरिरहेका जातिहरू पनि कोही राज्यबाट काखा र कोही पाखा पारिएका छन् । त्यसमा पनि नेपालको कूल जनसङ्ख्याको करिव ५ प्रतिशत भाग ओगटेको तराई दलित समुदायको अलग्गै पहिचान हुनु र समावेशीकरणको प्रक्रियामा यो समुदायलाई ल्याउनु अपरिहार्य सर्त बनिसकेको छ । यसै सन्दर्भमा तराईका दलित समुदायका बारेमा यथार्थ रूपमा जानकारी प्राप्त गर्न तराई, दलित र तराईदलितलाई भिन्दाभिन्दै तवरबाट बुझ्नु जरूरी छ भन्ने कुरा उल्लेख गरेका छन् । पुस्तक तराईका विषयमा केन्द्रीत भएकाले नेपालको दक्षिणी भागमा अवस्थित तराई क्षेत्रको भौगोलिक स्वरूप, त्यहाँको जनजीवन, सामजिक बनोट, दलित र दलितको सामान्य परिचय र वर्तमान अवस्थाको चर्चा गरिएकाले तराई दलितका सन्दर्भमा अध्ययन गर्ने क्रममा पुस्तक सहयोगी रहेको पाइएका आधारमा यसको पनि समीक्षा आवश्यक ठानिएको हो ।

फ्रेडरिक एच. गेजद्वारा लिखित *रिजनालिज्म एण्ड नेशनल युनिटी इन नेपाल* (२००९ ई.) नामक पुस्तक हिमाल बुक्सले सोसल साइन्स बहाःका लागि प्रकाशन गरेको हो । यो पुस्तक लेखकको एउटा अनुसन्धानात्मक कृति हो । कुल २३४ पृष्ठ रहेको यस पुस्तकमा १५० वटा जति पादटिप्पणी र १०० वटा जति सन्दर्भ ग्रन्थहरूको सूची पनि प्रस्तुत गरिएको छ । पुस्तकलाई लेखकले १० वटा अध्यायहरूमा विभाजन गरेका छन् । यसको प्रथम अध्यायमा तराईका जनता र त्यहाँको भूगोल, दोश्रो अध्यायमा आर्थिक अवस्था, तेस्रो अध्यायमा नेपाल-भारत सीमा समस्या, चौथो अध्यायमा बसाई सराई, पाँचौं अध्यायमा नागरिकता, छैटौं र सातौं अध्यायमा भाषिक राजनीति, सञ्चार र राष्ट्रिय एकता, आठौं अध्यायमा नेपालको परम्परागत राजनीति, नवौं अध्यायमा पञ्चायतीकालको सरकारबिरोधी क्रियाकलाप र दशौं अध्यायमा नेपालको तराई र राष्ट्रिय एकतामा देखिएका समस्यासम्बन्धी कुराहरू राखिएका छन् ।

पुस्तक नेपालको तराईलाई मात्र केन्द्रबिन्दु मानेर लेखिएको हुनाले यस अनुसन्धानका लागि सहयोगी भएको छ । यो पुस्तक नेपालमा पञ्चायती व्यवस्था चलिरहेका बेला गरिएको अनुसन्धानबाट प्राप्त प्रतिवेदन समेत भएकाले यसमा नेपालको तराईका जनताले गरेको राजनीतिक उपलब्धि, तराईबासीको पहिचानको विषय, नेपालका तराईबासीको भारतीयहरूसँगको लेनदेन सोलिडोलि, आन्तरिक समस्या, स्वयम् तराईबासी नागरिकबाट त्यहाँका दलितहरू कसरी प्रताडित छन् भन्ने कुरालाई औंल्याउने प्रयत्न गरिएको छ । पुस्तकमा तराईका दलित समुदायअन्तर्गतका प्रत्येक जातिहरूको जातीय समस्या र विवरणलाई भने संयुक्त रूपमा नै प्रस्तुत गरिएको छ । त्यसलाई छुट्ट्याएर प्रस्तुत गरिएको छैन । नेपालको तराई क्षेत्रका बारेमा

विदेशी शोधकर्ताले लेखेको यो निकै महत्वपूर्ण पुस्तक हो । यस पुस्तक समग्र तराईको राजनीतिक, सामाजिक अवस्थाका साथै नेपालको तराईको जनजीवनमा भारतीय समाजको कस्तो प्रभाव रहेको छ भन्ने विषयबस्तुको जानकारीका लागि उपयोगी रहेको पाइएकोले समीक्षा गर्न उचित ठानिएको हो ।

आहुतिद्वारा लिखित *नेपालमा वर्णव्यवस्था र वर्ग सङ्घर्ष* (२०६७ वि.सं.) नामक पुस्तक समता फाउन्डेसन ललितपुरले प्रकाशन गरेको हो । नेपालका दलितहरूका बारेमा यस पुस्तकमा महत्वपूर्ण कुराहरूको चर्चा गरिएको छ । यस पुस्तकमा पादटिप्पणी सूची, सन्दर्भ ग्रन्थ-सूची र अनुक्रमणिका समेत प्रस्तुत गरिएको छ । कुल २१९ पृष्ठ रहेको यस पुस्तकको प्रथम अध्यायमा चैतन्य मिश्रद्वारा यस पुस्तकका बारेमा समीक्षा गरिएको अध्याय छापिएको छ भने अन्य अध्यायहरूमा लेखक आफैंले लेखेका विवरणहरू प्रस्तुत गरिएका छन् । पुस्तकमा दलित शब्दबारे भ्रम र वास्तविकता, हिन्दू समाजमा दलित मुक्तिको प्रश्न, हिन्दू सामन्तवाद, राज्य पुनःसंरचना र दलित, दलितका लागि आरक्षण अधिकार, मधेशी दलित मुक्तिको प्रश्न, नेपाली दलित आन्दोलनको भविष्य जस्ता शीर्षकमा लेखिएका लेखहरू समावेश गरिएका छन् । यस पुस्तकमा चिडिमार जातिलाई दलितको सन्दर्भमा चर्चा गरिएको छ । तर यस पुस्तकमा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दलित समुदायअन्तर्गतका जातिहरूको भिन्दाभिन्दै चर्चा भने गरिएको छैन । दलित तथा तराई दलितका बारेमा पुस्तकमा प्रस्ट दृष्टिकोण प्रस्तुत गरिएको छ ।

पुस्तकका लेखक एक राजनीतिक व्यक्तित्व भएका कारण यसमा उल्लेखित कतिपय कुराहरूलाई केही खरो दलित पक्षीय रुपमा प्रस्तुत गरिएको छ । नेपालमा दतिल विरुद्धको आन्दोलनलाई एक शशक्त, अपरिहार्य आवश्यकताका रुपमा लेखकले त्यसलाई औचित्यता पुष्टि गर्ने प्रयत्न गरेका छन् । भाषिक रुपमा पनि वौद्धिकताभन्दा राजनीतिक शब्दक्रान्तिको बढी प्रयोग गरिएको छ । दलित र छुवाछूतका ऐतिहासिक विषयवस्तुलाई कतिपय ठाउँमा बढाइचढाई गरेर प्रस्तुत गरिएको छ । हिन्दू समाजमा ऐतिहासिककालमा तत्कालीन सामाजिक व्यवस्था कायम गर्नका लागि रचना गरिएको वर्ण व्यवस्थालाई पुस्तकमा हिन्दू समाजको कलङ्कका रुपमा प्रस्तुत गरिएको छ । यो लेखकको नितान्त व्यक्तिगत समीक्षा रहेको पाइएको छ । लेखकले हिन्दू समाजमा तत्कालीन समयमा निर्माण गरिएको सामाजिक व्यवस्थाका अति आवस्यकीय विषयहरू ज्ञान, सुरक्षा, जीविका र सेवालाई गलत सावित गर्ने प्रयत्न गरेका छन् । तथापि पुस्तक नेपालका दतिलका विषयको एउटा शशक्त प्रस्तुति भएको र यस अनुसन्धानको पनि दलित विषयसँग सम्बन्ध रहेका कारण समीक्षाका लागि आवश्यक ठानिएको छ ।

अर्जुन गुनरत्नेद्वारा सम्पादित *दलित अफ नेपाल (टुवर्ड्स् डिग्निटी, सिटिजनसिप एन्ड जस्टिस्)* (२०१० ई.) नामक पुस्तक सोसल साइन्स बहाःका लागि हिमाल बुकले प्रकाशन गरेको

हो । कुल १५९ पृष्ठ रहेको यस पुस्तकमा विभिन्न पाँचवटा दलितसँग सम्बन्धित लेखहरू समावेस गरिएका छन् । ती लेखहरूमध्ये मेरी केमरूनको 'मेनी दलित्स डिबेटिङ्ग आइडेनटिटी इन अ न्यू नेपाल,' रामु विश्वकर्मा, 'भेलारी एच. हन्ट र अन्ना जाजिकको 'एजुकेटिङ्ग दलित ओमन बिविण्ड ए ओन डाइमेन्सनल् पोलिसि फर्मुलेसन,' समृद्धि खरेलको 'द स्ट्रगल फर फूल सिटिजनसिप फर दलित इन नेपाल : एप्रोचेच एण्ड स्ट्राटिजिज् अफ दलित एक्टिभिटिज' जस्ता लेखहरू यस अनुसन्धानसँग केही नजिक रहेका छन् ।

पुस्तकमा समावेश गरिएका सबै लेखहरू अनुसन्धानमूलक भएका र अधिकांश विदेशी लेखकहरूले लेखेको हुँदा यस लेखमा अनुसन्धान विधिको समेत राम्रो नमूना प्रस्तुत गरिएको छ । पुस्तकमा तराईका दलित समुदायलाई समग्रमा चर्चा गरिएको छ । तराईका दलित समुदायअन्तर्गत चिडिमार जाति पनि पर्ने र दलितले भोग्दै आएका समस्यामा यो जाति पनि पीडित रहेका कारण नेपालको तराई क्षेत्रका दलितहरूका समस्या भनेकै चिडिमार जातिका पनि साझा समस्या भएकाले तराई दलितको सन्दर्भ चिडिमार जातिको सम्बन्धसँग मेल खाएको देखिन्छ । पुस्तकका लेखहरूमा दलितहरू भारतीय भूमिमा विकसित भएको एउटा सामाजिक विभेदका उपज हुन् । यिनीहरू पछि बिस्तारै नेपालसम्म बिस्तारित भएका हुन् । हिन्दू समाजमा विकसित वर्ण व्यवस्था र हाइरार्कीका कारण अहिले लाखौं दलितहरू मानिस भएर पनि मानिसले पाउने व्यवहारबाट वन्चित छन् । अहिले नेपालका दतिलहरू खासगरी तराईका दलितहरू सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, चेतना आदिका दृष्टिले निकै पछाडि रहेका छन् भन्नेजस्ता कुराहरूलाई छोटकरीमा प्रस्तुत गरिएको छ । प्रस्तुत अनुसन्धान पनि नेपालको तराईका दलिल र ती दलित समुदायअन्तर्गत चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्थासँग सम्बन्धित भएको हुनाले पुस्तकमा समाहित लेखहरू नेपालका तराईका दलित समुदायअन्तर्गतका जातिहरूका बारेमा अध्ययन गर्नेहरूका लागि उपयोगी भएको महसुस गरी यसलाई समीक्षाका गरिएको हो ।

ज्ञानबहादुर कार्कीद्वारा लिखित *नेपालमा जातपात र छुवाछूतको इतिहास* (२०६८ वि.सं.) नामक पुस्तक एसिया पब्लिकेसन्स प्रा. लि. ले प्रकाशन गरेको हो । १९० पूर्णपृष्ठ रहेको यस पुस्तकमा ६ वटा अध्यायहरू राखिएका छन् जसमध्ये प्रथम अध्यायमा नेपाली समाजको संरचना, दोश्रो अध्यायमा हिन्दू वर्ण व्यवस्था र छुवाछूत प्रथा, तेस्रो अध्यायमा नेपालमा हिन्दू वर्ण व्यवस्था र जातीय भेदभावको स्थिति, चौथो अध्यायमा नेपालमा जातीय भेदभाव र दलित आन्दोलन, पाँचौं अध्यायमा नेपालमा जातीय भेदभावका विरूद्धमा सरकारी तथा अन्य क्षेत्रबाट चालिएका कदमहरू र छैटौं अध्यायमा निष्कर्ष र सुझाव शीर्षकहरूमा चर्चा गरिएको छ ।

पुस्तकमा मानिस मस्तिष्कका कारण अन्य प्राणिभन्दा भिन्न छ । उसँग ज्ञान छ, विवेक छ, दया-माया छ, विचार छ, बुद्धि छ, सीप छ तर त्यसको सही सदुपयोग हुन सकेको छैन । हिन्दू

समाजमा विकसित भएको वर्ण व्यवस्था र पछि त्यही व्यवस्थाबाट विकृत रुपमा विकसित भएको जातीय विभेदको अवस्थाको उपज नेपाली समाजमा अहिले पनि छुवाछूतको अवस्था विद्यमान छ । यस विषयलाई सबैले गलत भएको महसुस गर्दागर्दै पनि सदियौंदेखि यसले समाजमा जरा गडिरहेका कारण सजिलैसँग यसलाई उखेलेर फ्याक्न सक्ने अवस्था छैन । नेपालको जातीय विभेद तथा छुवाछूतप्रथाका विरुद्धमा भएका आन्दोलनहरू, यस विषयमा भएका सरकारी प्रयासहरू पनि अपुग नै रहेका छन् । यसलाई अझै शशक्त तुल्याउनु आवश्यक छ भन्ने कुरा पुस्तकमा उल्लेख गरिएको छ । मध्यएसिया, कालासागरको उत्तरी मैदान, मध्य तथा पश्चिम जर्मनी जस्ता क्षेत्रहरूमध्ये कुनै स्थानबाट इशापूर्व २५०० तिर भारत आएका आर्यहरूले हिन्दू धर्म ग्रहण गरेपछि त्यसैबाट विकसित भएको वर्णव्यवस्थाका आधारमा अहिलेसम्म कायम रहेको छुवाछूत प्रथाकै कारण नेपली समाज अहिले पनि जातीय विभेदमा अल्झिन बाध्य छ । यसको अन्त्यका लागि अन्तरजातीय विावह हुनु आवश्क छ । जातीय विभेदका विरुद्ध खोलिएका संघसस्थाले नारामात्र दिएर होइन व्यवहारिक रुपमा नै कार्य गर्न सक्नु पर्दछ । यो जातीय भेदभावका विरुद्धको क्रान्तिमा कुशल नेतृत्वको आवश्कता रहेको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

लेखकले दलित मुक्तिका लागि वास्तविक रुपमा नै दलित आफै अग्रसर हुनु पर्दछ । दलित समुदाय आफ्नो हक र मानवीय गरिमाका लागि जागृत, सङ्गठित र आन्दोलित नभएसम्म कसैको कृपाबाट उसको मुक्ति सम्भव छैन भन्ने कुरा उल्लेख गरेका छन् । यसका लागि जसलाई तिर्खा लाग्छ उही खोला धाउँछ भन्ने उखानलाई चरितार्थ गराउनु पर्दछ । राष्ट्रिय रुपमा हुने गरेका तारे होटलका कार्यक्रमले दतिल मुक्तिको विषयले सैद्धान्तिक ज्ञान देला तर व्यवहारमा त्यसले खासै दखल दिन सक्नैन किनकी यसको मूल जरो ग्रामिण जनजीवनमा जमेर रहेको छ भन्ने कुरा पुस्तकमा उल्लेख गरिएको छ ।

लेखकले पुस्तकमा वैदिककालमा वर्ण व्यवस्था सृजना भएको र उत्तर वैदिकाकालमा ती वर्णहरूका बीचमा तल्लो र माथिल्लो भन्ने भावना विकसित हुँदै गएको कुरा उल्लेख गरेका छन् । उनले नेपालमा वर्ण व्यवसथा भित्र्याउने लिच्छविहरू हुन् र लिच्छविशासनकालमा पनि मनुस्मृतिमा उल्लेखित 'पतित, चाण्डाल र अन्त्यजका साथ नबस्नु' भन्ने अवधारणाहरू नेपालमा प्रचलित मात्र होइन व्यवहारमा पनि प्राचीनकालदेखि नै लागु गरिएको कुरा उल्लेख गरेका छन् । हिन्दू वर्ण व्यवस्थाअन्तर्गत सबैभन्दा तल्लो स्तरमा राखिएका अछूत मानिने जातिहरूसँग अन्यले धेरै ठूलो विभेदको व्यवहार गर्दै आएका छन् । नेपाली समाजमा लिच्छविकालदेखि नै हुँदै आएको त्यो छुवाछूतको व्यवहार सजिलै र सहजै रुपमा नेपाली समाजबाट मेट्न सकिने छैन भन्दै यो विभेदको उपज भनेको भारतमा विकसित भएको आर्यहरूको सामाजिक व्यवस्था कायम गर्ने नामको वर्ण व्यवस्था नै हो भन्ने कुरा उल्लेख गरेका छन् ।

प्रस्तुत अनुसन्धानको शीर्षक तराई दलित समुदायका चिडिमार जातिको सामाजिक-सांस्कृतिक अध्ययनसँग सम्बन्धित भएकाले यस पुस्तकमा पनि नेपालका दलित र दलितप्रति गरिने व्यवहारका विषयमा लेखिएको हुँदा यसलाई अनुसन्धानमा सहयोगी मानिएको छ । तर पुस्तकमा नेपालका दलित समुदायअन्तर्गतका पहाडी दलित र तराई दलितको अवस्थामा रहेका भिन्नताहरू छुट्ट्याएर भने चर्चा गरिएको छैन साथै पुस्तक पहाडी दलितको अवस्थामा बढी केंद्रीत रहे पनि दलितको उत्पत्ति र विकासका सम्बन्धमा अध्ययन गर्नका लागि सहयोगी हुन सक्ने देखिएकाले यसलाई पनि समीक्षा गरिएको छ ।

अर्जुन गुनरत्नेद्वारा सम्पादित *द तराई (हिस्ट्री, सोसाइटी, इनभार्नमेन्ट)* (२०१० ई.) नामक पुस्तक द एसोसिएसन फर नेपाल एन्ड हिमालयन स्टडिज र सोसल साइन्स वहाःका लागि हिमाल बुक्सले प्रकाशन गरेको हो । कुल १७८ पृष्ठ रहेको यस पुस्तकमा नेपालको तराई क्षेत्रको बारेमा लेखिएका लेखहरू सङ्कलन गरेर प्रकाशन गरिएको छ । यस पुस्तकमा विभिन्न स्वदेशी र विदेशी विद्वानहरूका सातवटा लेखहरू समावेश गरिएका छन् । ती सबैजसो लेखहरूमा नेपालको तराई क्षेत्र, त्यहाँको जनजीवन र तराईका दलित जातिहरू र तिनीहरूको सामाजिक, आर्थिक अवस्थाहरूका बारेमा चर्चा गरिएको छ । अर्जुन गुनरत्नेको ‘स्टेट रिलेसन इन नेपाल एन्ड इन्डिया,’ बर्नार्ड माइकेलको ‘द तराई : अ पार्ट अफ मोग्लान और गोर्खा,’ विरेन्द्रराज गिरीको ‘द वोन्डेड लेवर सिस्टम इन नेपाल, : एक्सल्पोरिङ्ग हलिया एन्ड कमैया चिल्ड्रेन्स लाइफ ओर्डस्, टेरि अलेन्डर्फ, भिम गुरूङ्ग र जे. एल. डेभिड स्मीथद्वारा संयुक्त रूपमा लेखिएको ‘कम्युनिटी ओर्डस्’ मोनिटरिङ्ग अफ टाइगर इन नेपाल,’ रामअवतार यादवको ‘वन विइङ्ग मधेशी’ जस्ता लेखहरू कुनै न कुनै रूपमा नेपालको तराई क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

पुस्तकमा चिडिमार जाति वा तराईका अन्य जातिहरूका बारेमा भिन्दाभिन्दै शीर्षकमा विश्लेषण गरिएको छैन । केही विदेशी लेखकहरूका लेखहरू नेपालका स्थानीय जातजातिका विषयमा अध्ययन गर्दा भाषिक कठिनाई वा अन्य कारणले गर्दा भाषागत त्रुटीहरू जस्तै चिडिमारलाई वादीमार आदि लेखिएको छ । तथापि नेपालको तराईका जातजाति, त्यहाँको सामाजिक-सांस्कृतिक अवस्था, दलितको जनजीवन जस्ता विषयमा जानकारी लिन पुस्तकमा समावेस गरिएका लेखहरू उपयोगी रहेको हुनाले यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको हो ।

दीपक चौधरीद्वारा लिखित *तराई/मधेश अफ नेपाल* (२०११ ई.) नामक पुस्तक रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो । कुल २९१ पृष्ठ रहेको यस पुस्तकमा नेपालको तराईको समाज र त्यहाँको जनजीवनका बारेमा लेखिएको छ । लेखकको यो एउटा अनुसन्धानात्मक कृति भएका कारण पुस्तकमा पादटिप्पणी र अन्तमा सन्दर्भग्रन्थसूची पनि राखिएको छ ।

पुस्तकलाई समाजशास्त्रीय ढङ्गले उल्लेख गरिएको छ । लेखकले नेपालको तराई क्षेत्रको अधिकांश भागमा स्थलगत अध्ययन गरी त्यहाँका बासिन्दाहरूसँग प्रत्यक्ष कुराकानी गरेर उनीहरूका विविध पक्षका बारेमा चर्चा गरेका छन् । पुस्तकका अन्तमा परिशिष्टहरू पनि प्रस्तुत गरेका छन् । यो पुस्तकलाई लेखकले आठवटा अध्यायहरूमा विभाजन गरेका छन् । जसमध्ये प्रथम अध्यायमा नेपाली समाजको परिचय, दोश्रो अध्यायमा ऐतिहासिक पृष्ठभूमि, तेस्रो अध्यायमा नेपाली समाजको सामाजिक स्वरूप, चौथो अध्यायमा वर्ण व्यवस्था मान्ने पेसागत जातिहरू, पाँचौं अध्यायमा हिन्दू दलित, छैटौं अध्यायमा जनजाति र अल्पसङ्ख्यक वर्ग, सातौं अध्यायमा मुसलमान र आठौं अध्यायमा नेपालको मधेशका प्रमुख चाडहरू भन्ने शीर्षकका लेखहरू प्रस्तुत गरेका छन् ।

पुस्तकको पाँचौ अध्यायमा राखिएको 'हिन्दू दलित' भन्ने शीर्षकमा नेपालको तराईका दलित जातिहरूका बारेमा चर्चा गरिएको छ जसमा चिडिमार जातिको बारेमा पनि छोटो जानकारी प्रस्तुत गरिएको छ । पुस्तकमा लेखकले चिडिमार जातिलाई तराईमा बसोबास गर्ने दलित जातिका रूपमा चर्चा गरेका छन् । यस पुस्तकमा चिडिमार जातिका विषयमा निकै कम चर्चा गरिएको भएपनि जति विषयवस्तुहरू समेटिएका छन् ती सबै महत्वपूर्ण रहेका छन् भन्दै चिडिमारहरू भारतबाट व्यवसायको खोजिका क्रममा नेपाल आएका, नेपालमा आएपछि पनि चरामार्ने व्यवसाय नै अंगालेका, आर्थिक, शैक्षिक रूपले कमजोर रहेका तर सांस्कृतिक रूपमा भने आफ्नो पहिचान कायम राख्न सफल रहेका जातिका रूपमा चर्चा गरिएको छ ।

पुस्तकको शीर्षकमा नै लेखक विवादरहित हुन सकेका छैनन् । उनले पुस्तकको शीर्षक तराई अफ नेपाल अथवा मधेश अफ नेपालमध्ये कुनै एक उल्लेख गर्न सकेको भए उनी विवादरहित हुन सक्ने थिए तर उनले नेपालको दक्षिणमा रहेको समथर भाग जसलाई तराई भनिन्छ र अधिकांश स्रोतहरूमा पनि तराई नै भन्ने गरिएको पाइन्छ । त्यसलाई लेखकले प्रस्ट उल्लेख गर्न सकेका छैनन् । वास्तवमा नेपालमा मधेश भन्ने स्थान नै छैन मात्र मधेशी मूलका मानिसहरूको बस्ती रहेको पाइन्छ भन्ने तर्कहरू प्रवल रहेको पाइन्छ । वर्तमान समयमा केही राजनीतिक व्यक्तिहरूका अभिव्यक्तिलाई आधार मानेर लेखकले दुविधायुक्त भई तराई/मधेश भन्ने शब्दको प्रयोग गरेका छन् । पुस्तकमा लेखकले पहाडी दलितका मानिसहरू व्यवसायिक रुपले नचिनिने मात्र वर्ण व्यवस्थाबाट शूद्र भएका आधारबाट चिनिने गर्दछन् तर तराईका दलितहरू भने व्यवसायिक आधरबाट चिनिने हुनाले पहाडी दलितभन्दा निकै भिन्न रहेको कुरा उल्लेख गरेका छन् । नेपालको तराईमा बसोबास गर्ने दलित समुदायका मानिसहरू त्यहींका केही उच्च वर्ण वा जातिकै मानिसहरूबाट शोषित भएको विषयलाई छिपाउने प्रयास गर्दै त्यहाँका मानिसहरू राज्यबाट क्षेत्रीयताका आधारमा विभेदित छन् भन्ने विवादित विषयलाई लेखकले प्राथमिकता दिएर लेखेका छन् । यस्तो हुँदाहुँदै पनि नेपालको तराईका दलित र उनीहरूको दैनिक जनजीवन,

आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक अवस्थाहरूका बारेमा पुस्तकमा उल्लेखित विषयहरूले यो अनुसन्धानसँग तादाम्यता राख्ने हुनाले यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको हो ।

कल्याण भक्त माथेमाद्वारा लिखित *मधेशी अपराइजिङ्ग* (२०११ ई.) नामक पुस्तक मण्डला बुक प्वाइन्ट काठमाडौंले प्रकाशन गरेको हो । कुल १३७ पृष्ठ रहेको यस पुस्तकमा नेपालको तराई क्षेत्रको जनजीवन, राजनीतिक, सामाजिक, आर्थिक अवस्थाहरू, जातजाति जस्ता कुराहरू समावेश गरिएका छन् । पुस्तकलाई लेखकले छवटा अध्यायहरूमा विभाजन गरेका छन् जसमध्ये पहिलो अध्यायमा 'ब्याकग्राउण्ड टु द अपराइजिङ्ग,' दोश्रो अध्यायमा 'द मधेशी अपराइजिङ्ग अफ २००७,' तेश्रो अध्यायमा 'द यु. पी. एम. इफ. प्रोजेक्ट अफ २००८,' चौथो अध्यायमा 'कज अफ द मधेशी अपराइजिङ्ग,' पाँचौ अध्यायमा 'इम्प्याक्ट अफ द मधेशी अपराइजिङ्ग' र छैटौं अध्यायमा 'कन्क्लुजन' प्रस्तुत गरेका छन् ।

यस पुस्तकको पृष्ठ ३९ मा 'हिस्ट्री अफ द तराई' भन्ने शीर्षकमा नेपालको तराई क्षेत्रमा इशापूर्वको समयदेखि नै विकसित भएका मिथिला, कपिलबस्तु, देवदह जस्ता राज्यहरूको बारेमा चर्चा गरिएको छ । पछि ती राज्यहरू नेपाल राज्यमा नै समाहित भए तापनि त्यस क्षेत्रमा बसोबास गर्दै आएका जनतालाई नेपालमा धेरै लामो समयदेखि परदेशीको व्यवहार गरिएको थियो भन्ने धारणा व्यक्त गरिएको छ । वास्तवमा नेपालको तराईमा त्यहींका पुराना आदिबासीहरू, पछि भारतबाट बसाइँ सराई गरी आएका समूह र नेपालकै पहाडी क्षेत्रबाट बसाइँ सराई गरी आएर बसेका समूह गरी तीन थरिका मानिसहरू बस्दै आएका छन् । यस क्षेत्रमा वि.सं.२०२८ सालमा नेपालको आन्तरिक बसाइँ सराई १५.५ प्रतिशत हुँदा भारतबाट ७.७ प्रतिशत भएको थियो भने वि.सं.२०४० सालमा आन्तरिक बसाइँ सराई ३८.५ प्रतिशत हुँदा भारतबाट ६.९ प्रतिशत मात्र भएको कुरा उल्लेख गरिएको छ । यसरी नेपालको तराई क्षेत्रमा मानिसहरू आउने बस्ने क्रम घट्दो रुपमा भएपनि अझै पनि भारतीयहरू आउने क्रम कायमै रहेको पाइन्छ भन्ने कुरा पनि पुस्तकमा उल्लेख गरिएको छ ।

पुस्तकमा तराईका दलित समुदायअन्तर्गतका जातिहरूका नाम समावेस गरेर चर्चा गरिएको छैन । त्यसैलै स्वतः चिडिमार जातिका बारेमा पनि यस पुस्तकमा उल्लेख गरिएको छैन । तथापि नेपालको तराई क्षेत्रको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाका बारेमा अध्ययन गर्दा भने पुस्तक सहयोगी हुने हुनाले यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको हो ।

राजेन्द्र महर्जनद्वारा सम्पादित *सत्ता विमर्श र दलित अम्बेडकर : दृष्टिकोण र विवेचना* (२०१२ ई.) नामक पुस्तक समता फउण्डेसन ललितपुरले प्रकाशन गरेको हो । कुल २४४ पृष्ठ रहेको यस पुस्तकमा विभिन्न आठवटा विदेशी विद्वानहरूका लेखहरू समावेश गरिएका छन् । ती लेखका शीर्षकहरू 'अम्बेडकरको दृष्टिकोण र नेपाल'- शुखदेव थोराट, 'जात र वर्गको

सिद्धान्ततिर'- गेल ओवेट, 'जात र छुवाछूत सिद्धान्त र व्यवहार'- घनश्याम शाह, 'असल समाज : अधिकार, लोकतन्त्र र समाजबाद'- भ्यालेरियन रोड्रिग्ज, 'राजनीतिक सत्तासम्बन्धी धारणा'-गोपाल गुरू, 'प्रतिनिधित्वको संयन्त्रमाथि प्रश्न'- ए.गजेन्द्रन, 'प्रदेशहरूको पुनर्गठन र वैकल्पिक दृष्टिकोण'- सुधा पाई तथा 'प्रदेश र अल्पसङ्ख्यक'- बी. आर. अम्बेडकर रहेका छन् । उपयुक्त लेखहरूमध्ये 'अम्बेडकरको दृष्टिकोण र नेपाल', 'जात र वर्गको सिद्धान्ततिर,' 'जात र छुवाछूत : सिद्धान्त र व्यवहार' जस्ता लेखहरू दतिल जाति र तिनका विषयसँग सम्बन्धित रहेका छन् ।

पुस्तकमा भारतीय दतिलहरूका नेता भीमराव अम्बेडकरको दृष्टिकोण पनि समावेश गरिएको छ । नेपालका दलितहरूको विषयवस्तु भारतीय पृष्ठभूमिमा आधारित रहेको मानिदै आएको छ । दलितको विषय नेपालको तराई र पहाडी क्षेत्र दुवैसँग सम्बन्धित रहेको छ जसमा भारतीय दलित र नेपालका तराई दलितको विषय अझै बढी निकट रहेको हुनाले पुस्तक दलित समुदायको परिचय र सान्दर्भिक ज्ञानका लागि उपयोगी रहेको पाइएको हुनाले पनि समीक्षा गरिएको हो ।

भोला पासवान र इरिशा सुवालद्वारा लिखित *डोम समुदायको पहिचान बदलिँदो जीवनशैली* (२०६९ वि.सं.) नामक पुस्तक समता फाउण्डेशनले प्रकाशन गरेको हो । कुल २९१ पृष्ठ रहेको यस पुस्तकमा मात्र दुईवटा अध्यायहरू रहेका छन् । प्रथम अध्यायमा इतिहासको चक्रमा शूद्र र डोम जातिका सांस्कृतिक परम्पराहरूको चर्चा गरिएको छ भने दोश्रो अध्यायमा डोम जातिका सामाजिक, आर्थिक, स्वास्थ्य, शैक्षिक अवस्थाहरू र महिला तथा बालबालिकाको अवस्था जस्ता कुराहरूको चर्चा गरिएको छ ।

पुस्तक नेपालको तराईका दलित समुदायअन्तर्गत पर्ने डोम जातिका बारेमा मात्र लेखिएको भए तापनि यस पुस्तकमा शूद्र वर्णबाट विकसित हुँदै आएका दलित समुदायका विषयमा केही कुराहरू लेखिएका छन् । दलितको इतिहास खोज्दै जाँदा भारतमा वैदिककालदेखि विकसित भएको वर्ण व्यवस्थाको प्रारम्भिककालसम्म पुग्नु पर्ने हुन्छ । वर्ण व्यवस्था ऋग्वेदको दशौं मण्डलमा ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्रको उत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा सर्वप्रथम चर्चा गरिएको पाइन्छ । हिन्दू समाजमा ई. पू. १००० भन्दा पछाडि तिनै वर्णहरूकै बीचमा भएको अनुलोम र प्रतिलोम विवाहबाट उत्पन्न पाँचौ, छैटौं वर्णको विकास हुँदै गयो तर त्यसलाई छुट्टै वर्ण नमानेर जाति नै मान्न थालियो । त्यस्तो मिश्रित उत्पत्तिलाई हिन्दू समाजमा वर्णशङ्कर भनियो । प्रतिलोम विवाहबाट उत्पत्ति भएका जातिहरूलाई समाजमा तल्लो दर्जाका नागरिक मान्न थालियो । उनीहरूलाई समाजमा घृणित मानिएका कामहरू गर्न लगाइयो । सामाजिक स्तरमा पनि उनीहरूलाई तल्लो दर्जाको नागरिक मान्न थालियो । उनीहरूमाथि छुवाछूतको व्यवहार पनि

लादियो । पछि तिनै वर्गलाई भारत र नेपालमा समेत दलित भनेर चिन्ने गरिएको हो भन्ने कुरा पुस्तकमा उल्लेख गरिएको छ ।

लेखकद्वयले पुस्तकमा नेपालका दलितहरूलाई पहाडी दलित, तराई दलित र नेवार दलित गरी तीन भागमा वर्गीकरण गरेर चर्चा गरेका छन् । तिनीहरूमध्ये नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका दलितहरूलाई तराई दलितका रूपमा चर्चा गरिएको छ । पहाडी दलितका विषयमा पुस्तकमा निकै कम मात्र चर्चा गएिको छ । समग्र दलितका विषयमा पनि पुस्तकमा आवश्यक चर्चा गर्न सकिएको छैन । तर पुस्तकमा तराई दलितअन्तर्गत रहेको एक जाति डोमका बारेमा खोजमूलक तवरबाट विवरण प्रस्तुत गरिएको छ । चिडिमार जातिका बारेमा यस पुस्तकमा छुट्टै चर्चा नगरिए पनि अनुसन्धानका क्रममा यस पुस्तक तराई दलितका सन्दर्भमा अध्ययन गर्ने क्रममा उपयोगी रहेको पाइएको हुनाले समीक्षा गर्न लाएक ठानिएको हो ।

डील्लिराम दाहाल र गंगा गुरुङद्वारा लिखित *चिडिमार अफ नेपाल* (२०१४ ई.) नामक पुस्तक समाजशास्त्र मानवशास्त्र केन्द्रीय विभागले प्रकाशन गरेको हो । कुल ९२ पृष्ठ रहेको यस पुस्तकमा सातवटा अध्यायहरू रहेका छन् । जसमध्ये पहिलो अध्यायमा परिचय, दोस्रो अध्यायमा अध्ययनविधि, तेस्रो अध्यायमा बस्तीको भौगोलिक परिचय, चौथो अध्यायमा समाज र संस्कृति, पाँचौ अध्यायमा चिडिमार जातिको भाषा, शिक्षा, आर्थिक गतिविधि र स्वास्थ्य अवस्था, छैटौं अध्यायमा सामाजिक विभेद र वहिस्करण तथा सातौं अध्यायमा निचोड प्रस्तुत गरिएको छ ।

पुस्तक चिडिमार जातिका बारेमा निकै पछि आएको एकमात्र अनुसन्धानात्मक कृति हो । समाजशास्त्र केन्द्रीय विभागले गराएको अनुसन्धान भएका कारण यसमा लेखक द्वयले निकै मिहिनेत गरेर चिडिमार जातिका विषयमा विवरण प्रस्तुत गरेका छन् । पुस्तकमा अध्ययन विधिको राम्रो प्रयोग भएपनि त्यो समाजसँग घुलमिल हुन नसकेका व्यक्तिहरू जसलाई अवधी भाषाको ज्ञानसमेत नभएकाकारण पुस्तकमा कतिपय कुराहरू अर्थको अनर्थ लाग्ने तरिकाले प्रस्तुत गरिएको पाइन्छ । त्यस्ता त्रुटिहरू पुस्तकको पृ. ४ मा बेलासपुर हुनुपर्ने ठाउँमा विलासपुर, धम्बोझी हुनुपर्ने ठाउँमा धुम्बोझी, शमशेरगन्ज हुनुपर्ने ठाउँमा शुमशेरगन्ज भएको छ । त्यस्तै पृ. ९ मा धम्बोची लेखिएको छ । पृ. १० मा चिडिमार हुनुपर्ने ठाउँमा चिडमार्स, चिडमार, पृ. १७ मा पण्डितपुरवा हुनुपर्ने ठाउँमा पण्डितपुरिउवा, पृ. ३६ मा नरकुल हुनुपर्ने ठाउँमा नकुल आदि भएका छन् । त्यसै गरी पुस्तकमा बाँके जिल्लालाई सुदूरपस्चिमाञ्चलको एउटा जिल्ला भनिएको छ जहाँकी त्यो ठाउँ मध्य-पश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछ । चिडिमार जातिकै विषयमा पनि पुस्तकलाई एक अनुसन्धान कृति भन्दाभन्दै पनि निकै कममात्र जानकारी पाउन सकिने विवरण प्रस्तुत गरिएको छ । चिडिमार जातिको विवाह संस्कारका बारेमा चर्चा गर्दा थौना संस्कारका बारेमा जानकारी नै दिइएको छैन जवकी यस जातिको विवाहको सबैभन्दा महत्पूर्ण खण्ड नै थौना

हो । यो कार्य सम्पन्न भएपछि मात्र चिडिमार जातिमा दुलहाले दुलहीलाई आफ्नो घरमा लैजाने गर्दछन् । पुस्तक छोटो, विषयवस्तुलाई यथाशक्य सङ्क्षेपमा प्रस्तुत गरेको भएपनि यो चिडिमार जातिका बारेमा मात्र लेखिएको पहिलो पुस्तक भएका कारण प्रस्तुत अनुसन्धानमा यसको समीक्षा आवश्यक ठानिएको हो ।

मोदनाथ प्रश्रितद्वारा लिखित *जीवाणुदेखि मानवसम्म : जीवको उत्पत्ति र विकासबारे छोटकरी विवेचना* (२०७१ वि.सं.) नामक पुस्तक ललितपुरको माइलस्टोन प्रकाशन तथा प्रसारण लिमिटडले प्रकाशन गरेको हो । कुल ९६ पृष्ठ रहेको यस पुस्तकमा १७ वटा अध्यायहरू रहेका छन्  जसमा विश्वको उत्पत्तिबारे दुईथरी धारणा, वर्ग संघर्षले चिन्तन र खोजलाई अगाडि बढायो, गति र परिवर्तनका द्वन्दात्मक भौतिकवादी नियमहरू, ब्रमाण्ड फेरिंदै छ, बढ्दैछ, अजीव चट्टान युग, पृथ्वीमा जीवन अनुकुल स्थितिको तयारी, प्रारम्भिक जीवयुग, जीवहरूको पानीबाट जमिनमा सङ्क्रमण खण्ड प्रलय (हिमयुग र महान खडेरी) जाति परिवर्तनको मूल कारण के हो ? मानव जातिको प्रारम्भिक अवस्था, भौतिक मस्तिस्क नै चेतनाको जन्मथलो हो, मस्तिस्कको अन्तरले चेतनामा अन्तर जस्ता विषयवस्तुहरू समेटिएका छन् ।

लेखक प्रश्रितले पुस्तकमा मानवलगायतका जीवहरूको भौतिक विकासका चरणहरूको सन्दर्भ उल्लेख गर्दै मानिस वानरबाट विकसित भएको प्राणि भएको उल्लेख गरेका छन् । नरवानरका रुपमा रहेका चिम्पान्जीका अस्थिपञ्जर र मानव अस्थिपञ्जरमा भएको समानता तथा बुद्धिमा आएको विकासले मात्र देखाएको भिन्नताका सम्बन्धमा चर्चा गरेका छन् । श्रमका कारण मानिसमा परिवर्तन आएको धारणा पनि लेखकले व्यक्त गरेका छन् । त्यसमा उनले शिव पिथेकस, रोडेसियाली मानव, जावा मानव, वेइजिङ्ग मानव, नियन्डरथल मानव, क्रोमेग्नन मानव, मंगोल, हिन्दू-युरोपेली, अफ्रिकी, अस्ट्रेलियाली, पिल्टडौन जस्ता विभिन्न मानव प्रजातिहरूको पनि चर्चा गरेका छन् ।

प्रस्तुत अध्ययनमा मानव प्रजातिदेखि आर्य प्रजातिमा देखिएको जाति विकासका चरणहरूको सन्दर्भ गासिएका कारण यो पुस्तक पनि आंसिक उपयोगी रहेका आधामा समीक्षा गरिएको हो । तथापि पुस्तकमा उल्लेखित विश्व परिवेशका विषयवस्तु भने यस अध्ययनमा अनुपयोगी रहेका छन् ।

## २.२ अन्य केही अप्रकासित सामग्रीहरू

राजेन्द्र कुमार रेग्मीद्वारा जनसङ्ख्या केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुरमा प्रस्तुत गरिएको स्नातकोत्तर तहको शोधपत्र *सेफ मदरहुड प्राक्टिस एमोङ्ग चिडिमार कम्युनिटी (ए केश स्टडी फ्रोम*

*नेपालगन्ज म्युनिसिप्यालिटी, नेपालगन्ज, बाँके)* (२००१ ई.) नेपालका चिडिमार जातिका बारेमा लेखिएको एउटा स्नातकोत्तर तहको शोधपत्र हो । कुल ५१ पृष्ठ रहेको यस शोधपत्रमा सातवटा अध्यायहरू रहेका छन् जसमध्ये पहिलो अध्यायमा परिचय, दोश्रो अध्यायमा पूर्वकार्यको समीक्षा, तेस्रो अध्यायमा अध्ययन विधि, चौथो अध्यायमा अयध्ययन क्षेत्रका जनताको सामाजिक, आर्थिक र जनसाङ्ख्यिक अध्ययन, पाँचौ अध्यायमा मातृशिशुको शुरक्षा, छैटौ अध्यायमा जनसङ्ख्या नियन्त्रणका साधनहरूको प्रयोग तथा मातृशिशुको सुरक्षा विधि र सातौं अध्यायमा सङ्क्षेपीकरण र सारांश रहेका छन् ।

यस शोधपत्रमा चिडिमार जातिको जनसाङ्ख्यिक विवरण प्रस्तुत गरिनुका साथै चिडिमार एउटा पिछडिएको जाति भएको कुरा चर्चा गरिएको छ । शोधपत्रमा चिडिमार जातिको ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाहरूको बारेमा सामान्य सन्दर्भ मात्र प्रस्तुत गरी आर्थिक स्तरलाई पारिवारिक आम्दानीको प्रतिशतमा र शैक्षिक विकासलाई पनि प्रतिशतमा नै देखाएर तथ्याङ्कगत विवरण मात्र प्रस्तुत गरिएको छ । यस्तो हुँदाहुँदै पनि शोधपत्र चिडिमार जातिकै बारेमा लेखिएको हुँदा यसलाई पनि समीक्षामा राखिएको छ ।

रमेश कुमार शुनमद्वारा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौंको समाजशास्त्र मानवशास्त्र विभागमा प्रस्तुत *सोसियल डिप्राइभेशन : ए डाइमेन्सन अफ पोभर्टी (ए केश स्टडी अफ डिसएडभेन्टेज ग्रुप : चिडिमार कम्युनिटी अफ नेपालगन्ज बाँके)* (वि.सं.२०५९) नामक चिडिमार जातिका बारेमा लेखिएको अर्को स्नातकोत्तर तहको शोधपत्र हो । कुल ९१ पृष्ठ रहेको यस शोधपत्रमा बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरका चिडिमार जातिको गरिवी र पिछडिएको अवस्थाको बारेमा चर्चा गरिएको छ । यस शोधपत्रलाई अनुसन्धानकर्ताले सातवटा अध्यायमा विभाजन गरेका छन् । तीमध्ये पहिला तीनवटा अध्यायहरूमा अध्ययन परिचय, पूर्वकार्यको समीक्षा र शोधविधि राखिएका छन् भने चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय, पाँचौ अध्यायमा चिडिमार जातिका मानिसहरू कसरी अधिकारविहिन र बन्चितिकरणमा परेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । शोधपत्रको छैटौं अध्यायमा बञ्चितिकरणका क्षेत्रहरूको बारेमा चर्चा गरिएको छ भने सातौं अध्यायमा सारांश वा निचोड प्रस्तुत गरिएको छ ।

समाजशास्त्र मानवशास्त्र विभागमा प्रस्तुत यस शोधपत्र चिडिमार जातिकै बारेमा लेखिएको र त्यसमा पनि बाँके जिल्लाको प्रमुख चिडिमार बस्ती भएको क्षेत्र नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरका चिडिमारहरूका बारेमा लेखिएको हुनाले प्रस्तुत अनुसन्धानका क्रममा केही सहयोगी भएको छ । शोधपत्रमा बेलासपुर क्षेत्रका ३० वटा परिवारका चिडिमार जातिका मानिसहरूसँगको स्थलगत अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको छ । यस

शोधपत्रमा चिडिमार जातिका मानिसहरू भारतको बहराइच क्षेत्रबाट बसाइँ सरेर वि.सं.१९१४ भन्दा पछाडि आएको कुरा उल्लेख गरिएको छ । तत्कालीन समयमा बाँके, बर्दिया क्षेत्रमा घना जङ्गल भएकाले जङ्गलमा चराचुरूङ्गी समातेर जीविका चलाउने चिडिमार जातिका मानिसहरूलाई यो क्षेत्र उर्वर थियो । भारतमा चरा शिकारीको सङ्ख्या दिनानुदिन बढ्दै जाँदा धेरै मानिसहरूले जङ्गलमा शिकार गर्ने तर नेपालमा भने त्यस्ता अन्य चरा शिकारी जाति नभएका कारण नेपालको जङ्गल उनीहरूका लागि चरा समात्न/मार्न निकै सहज भएको थियो । त्यतिबेला ती चिडिमारहरू घुमन्ते अवस्थामा थिए । जङ्गल जङ्गलमा चराचुरूङ्गी समातेर/मारेर आफ्नो जीविका चलाउदथे भने केही चराचुरूङ्गी बिक्रीगरी आफ्नो परिवारको खर्च पनि चलाउदथे भन्ने कुरा उल्लेख गरिएको छ ।

चिडिमार एउटा निकै पिछडिएको र बञ्चितिकरणमा परेको जाति हो । राजनीतिक, आर्थिक, शैक्षिक, स्वास्थ्य तथा जनचेतनाको क्षेत्रमा चिडिमार निकै पिछडिएको जाति हो । यस जातिका मानिसहरू स-साना झुपडीमा बस्दछन् । अशिक्षा र अज्ञानका कारण धेरै सन्तान जन्माउदछन् । आर्थिक अभावका कारण उनीहरूको जीवनस्तर निकै कमजोर रहेको छ । चिडिमार जातिका धेरै मानिसहरूले अर्काको घरमा काम गरेर जीविका चलाउदछन् भन्ने कुरा उल्लेख गरिएको छ । यो स्नातकोत्तर तहको शोधपत्र खासगरी चिडिमार जातिको गरिवीसँग सम्बन्धित भएकाले यसमा चिडिमार जातिका केही विषयवस्तुहरू प्रस्तुत अनुसन्धानमा सहयोगी हुने देखिएको छ । तथापि यस शोधपत्रमा उल्लेख भएका तथ्याङ्कीय विवरण पुराना भइसकेको हुँदा त्यसलाई भने आधार मानिएको छैन ।

अमर बहादुर ऐरद्वारा महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जको समाजशास्त्र-मानवशास्त्र विभागमा प्रस्तुत *बाँके जिल्लाको शमशेरगन्ज गा.वि.स.का चिडिमार जातिको सामाजिक, आर्थिक अवस्था (२०६७ वि.सं.)* शीर्षकको शोधपत्र चिडिमार जातिकै विषयमा गरिएको अर्को स्नातकोत्तर तहका लागि लेखिएको शोधपत्र हो । यो एउटा अप्रकासित कृति हो । बाँके जिल्लाको शमशेरगन्ज गा.वि.स.मा रहेका ३१ वटा घरपरिवारका १७७ जना चिडिमार जातिका मानिसहरूका बारेमा यो शोधपत्र तयार पारिएको थियो । कुल १३३ पृष्ठ रहेको यो शोधपत्रलाई लेखकले छवटा अध्यायहरूमा विभाजन गरेका छन् जसमध्ये प्रथम अध्यायमा परिचय, दोश्रो अध्यायमा पूर्वप्रकासित साहित्यहरूको समीक्षा, तेस्रो अध्यायमा अनुसन्धान विधि, चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय, पाँचौं अध्यायमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुति र छैटौं अध्यायमा सारांश, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

यस शोधपत्रमा चिडिमार जातिका मानिसहरू धेरै लामो समयदेखि घुमन्ते अवस्थामा रहेका थिए । जुन ठाउँमा धेरै चराचुरूङ्गी पाइन्थे उनीहरू त्यही ठाउँको आसपासमा गएर अस्थाई

रूपले बसोबास गर्दथे । चराचुरूङ्गी पाइने स्थानको खोजीका क्रममा चिडिमार जातिका मानिसहरू नेपालको तराई क्षेत्रका विभिन्न जिल्लाहरूमा घुम्दैफिर्दै आइपुगेका थिए । पछि बिस्तारै आफ्नो पेसा सङ्कटमा पर्न थालेकाले उनीहरूले वैकल्पिक पेसा पनि अपनाउन थाले र स्थाई रूपले घर-टहरा निर्माण गरेर बसोबास गर्न थालेका थिए । स्थायी रूपले बसोबास गरे तापनि यस जातिका मानिसहरू अझैसम्म पनि घुमन्ते अवस्थामा रहेका जस्तै देखिन्छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

यस शोधपत्रमा चिडिमार जातिका मानिसहरूको आर्थिक अवस्था पनि निकै कमजोर रहेको छ । अहिले यिनीहरू जङ्गलमा गएर चरा मार्न डराउदछन् । केही लुकिछिपी खेतबारीमा आउने चराचुरूङ्गीको मात्र शिकार गर्दछन् । जीविकोपार्जनमा उनीहरूले धेरै कठिनाइको सामना गरिरहेका छन् । उनीहरूले वैकल्पिक पेसा पनि सजिलै अंगाल्न सकिरहेका छैनन् । रोजगारीको समस्या भएका कारण चिडिमार जातिको जीवन कष्टकर बनेको छ । शिक्षामा पनि यिनीहरू निकै पिछडिएका छन् । चिडिमार जातिको सामाजिक अवस्था र सांस्कृतिक अवस्था भने राम्रो भएको मान्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । यो शोधपत्र बाँके जिल्लाको एउटा गा.वि.स.मा मात्र केन्द्रीत रहेकाले यसमा केही स्थलगत विवरण र अध्ययन क्षेत्र केन्द्रीत चिडिमार जातिका सिमित कुराहरू मात्र समावेश गरिएको छ । यस शोधपत्रमा नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुरमा बस्ने ९०० भन्दाबढी चिडिमार जातिका विषयमा अध्ययन गरिएको छैन । तथापि सिमित क्षेत्रकै भए पनि चिडिमार जातिका बारेमा गरिएको यस अध्ययन प्रस्तुत अनुसन्धानका लागि सहयोगी हुने देखिएको हुँदा यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको हो ।

शर्मिला सिग्देलले महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जको समाजशास्त्र/मानवशास्त्र विभागमा प्रस्तुत *चिडिमार जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था (बाँके जिल्ला नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुर क्षेत्रको एक अध्ययन)* (२०६८ वि.सं.) शीर्षकको स्नातकोत्तर तहको शोधपत्र पनि चिडिमार जातिका बारेमा लेखेको अर्को एक कृति हो । अन्य शोधपत्रहरूमा जस्तै यो शोधपत्रमा पनि अन्तमा चिडिमार जातिका बारेमा र नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न पिछडिएका जातजातिहरूका बारेमा उल्लेख गरिएका सन्दर्भ सामग्रीहरूको सूची प्रस्तुत गरिएको छ । कुल १६४ पृष्ठ रहेको यो शोधपत्र नेपालगन्ज नगरपालिकाको वार्ड नं. १६ बेलासपुरमा बस्दै आएका झन्डै एकहजार चिडिमार जातिका मानिसहरूका सामाजिक-सांस्कृति अवस्थाको केही झलक प्रस्तुत गरिएको छ ।

यस शोधपत्रमा नौवटा अध्यायहरू रहेका छन् जसमध्ये प्रथम अध्यायमा परिचय, दोश्रो अध्यायमा पूर्वप्रकासित कृतिहरूको समीक्षा, तेस्रो अध्यायमा अध्ययन विधि, चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय, पाँचौं अध्यायमा जाति परिचय, छैटौं अध्यायमा चिडिमार

जातिको सांस्कृतिक पक्ष, सातौं अध्यायमा सामाजिक पक्ष, आठौं अध्यायमा आर्थिक पक्ष र नवौं अध्यायमा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

यस शोधपत्रमा चिडिमार नेपालको तराई क्षेत्रमा बसोबास गर्ने जाति हो । तराईका दलित जातिमध्ये पनि चिडिमार अति पिछडिएको शोषित, दवित अवस्थामा रहेको छ । यस जातिका मानिसहरूमा शिक्षाको कमी छ । चिडिमार जातिका धेरै बालबालिकाहरू अहिले पनि विद्यालय जादैनन् । विद्यालय गए भने पनि बीचैमा पढाई छोड्छन् । स्वास्थ्य, सरसफाइमा यिनीहरूको पटक्कै ध्यान पुग्दैन । रोजगारीको अभावमा चिडिमार जातिका मानिसहरू रिक्सा चलाउने, ज्यामी काम गर्ने, धनीमानिका घरमा घरायसी कामकाज गर्ने जस्ता कठिन कामहरू गर्दछन् तर उनीहरूको आम्दानी भने निकै कम हुन्छ जसले गर्दा उनीहरूको जीवन स्तर ज्यादै दयनीय रहेको पाइन्छ भन्ने कुरा उल्लेख गरिएको छ । शोधपत्रमा चिडिमार जतिका विविध पक्षको जानकारी दिने प्रयत्न गरिए तापनि यो स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि गरिएको शोधपत्रमा चिडिमार जातिका बारेमा गहन अध्ययन भने हुन सकेको छैन । यस प्रस्तुत अनुसन्धानका क्रममा यो स्नातकोत्तर तहको शोधपत्र पनि सहयोगी रहेको देखिएको हुँदा यसलाई पनि समीक्षा गर्न आवश्यक ठानिएको छ ।

डोलराज कफ्लेद्वारा विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरमा प्रस्तुत गरिएको *बाँके जिल्लाका चिडिमार जाति एक अध्ययन* (२०५९ वि.सं.) शीर्षकको लघु अनुसन्धान प्रतिवेदन चिडिमार जातिको बारेमा गरिएको एउटा खोजमूलक प्रतिवेदन हो । कुल ५८ पृष्ठ रहेको यो लघु अनुसन्धान प्रतिवेदन बाँके जिल्लाको नेपालगन्ज नगरपालिका क्षेत्रमा बसोबास गर्दै आएका चिडिमार जातिका बारेमा गरिएको खोजमूलक प्रस्तुती हो । प्रस्तुत लघु अनुसन्धान प्रतिवेदनलाई पाँचवटा अध्यायहरूमा विभाजन गरिएको छ । जसमध्ये प्रथम अध्यायमा अध्ययन परिचय, दोश्रो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय, तेस्रो अध्यायमा जाति परिचय, चौथो अध्यायमा चिडिमार जातिको सांस्कृतिक पक्ष र पाँचौंमा निष्कर्ष शीर्षकहरू राखिएका छन् । यो प्रतिवेदन मात्र ५८ पृष्ठको छ । यो प्रतिवेदनमा चिडिमार जातिको उत्पत्ति तथा बसाइँ सराई गरी नेपाल भित्रिएको अवस्था, उनीहरूको सामाजिक-आर्थिक जनजीवन, शैक्षिक, राजनीतिक अवस्था, संस्कारहरू आदिको बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत प्रतिवेदनमा बाँके जिल्लाका चिडिमार जातिको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाहरू के कस्तो अवस्थामा रहेका छन् भन्ने कुराको चर्चा गरिएको छ । यसमा चिडिमार जाति नेपालको तराई क्षेत्रको अति पिछडिएको अवस्थामा रहेको जाति हो । यस जातिको आर्थिक अवस्था धेरै कमजोर छ । अधिकांश चिडिमारहरू सुकुम्बासी अवस्थामा रहेका छन् । शिक्षामा पनि चिडिमार जातिका मानिसहरू निकै पछाडि रहेका छन् । शैक्षिक अवस्था कमजोर भएका कारण

यस जातिका मानिसहरूले सरकारी सेवामा प्रवेश पाउँदैनन् । भाषिक रूपमा पनि यस जातिका मानिसहरूले नेपाली भाषा राम्रोसँग नजान्ने, नबुझ्ने हुँदा राज्यद्वारा प्रदान गरिने प्रतिस्प्रधात्मक सेवाहरूमा समावेश नै हुँदैनन् भन्ने कुरा उल्लेख गरिएको छ ।

प्रतिवेदन चिडिमार जातिका बारेमा अध्ययन गर्दा उपयोगि हुने भए तापनि यसमा चिडिमार जातिका मानिसहरू कहिले बसाइँ सरेर भारतबाट नेपाल भित्रिएका हुन् ? यिनीहरूको जातीय पहिचान के कस्तो रहेको छ ? चिडिमारहरू कसरी दलित समुदायमा आवद्ध भएका हुन् ? चिडिमार जातिको ऐतिहासिक अवस्था के कस्तो रहेको छ ? भन्ने जस्ता कुराहरूको बारेमा भने उल्लेख गरिएको छैन । त्यसमा पनि यस जातिका सामाजिक-सांस्कृतिक अवस्थामा मात्र शोध केन्द्रीत भएको पाइदैन । चिडिमार जातिका बारेमा अध्ययन गर्दा यस लघु अनुसन्धान पनि उपयोगी हुने देखिएकाले यस छोटो प्रतिवेदनको पनि यहाँ समीक्षा गरिएको हो ।

https://www.google.com.np/search?q=chidimar+of+Nepal&rlz=1C1FDUM_enAU511AU511&oq=chidimar+of+Nepal&aqs=chrome..69i57.14344j0j7&sourceid=chrome&es_sm=93&ie=UTF-8, 14 jan. 2015.

यस वेवमा नेपालमा १६५०० जना चिडिमार जातिका मानिसहरू बसोबास गर्दछन् । विश्वमा कुला १७००० चिडिमारहरू बस्दछन् । नेपालमा भन्दा बाहेक चिडिमार जातिका मानिसहरू भारतमा बस्दछन् । त्यहाँ यस जातिका मानिसहरूको जनसङ्ख्या ५०० रहेको छ भन्ने कुरा उल्लेख गरिएको छ । वेवमा चिडिमार जातिका मानिसहरूलाई जनजाति भनी उल्लेख गरिएको छ । यस जातिका मासिहरू ९९ प्रतिशतभन्दा बढीले हिन्दू धर्म मान्ने कुरा पनि उल्लेख गरिएको छ । उनीहरूले अवधी भाषा बोल्दछन् भनिएको छ । जोशु प्रोजेक्टले गरेको अनुसन्धानका आधारमा गुगलको वेवमा यस्तो विवरण राखिएको छ । वास्तवमा यो विवरण धेरै भ्रामक देखिएको छ । नेपालमा न त १६५०० चिडिमार जातिका मानिसहरू बस्दछन् न त यिनीहरू जनजाति नै हुन् । तथापि यस वेवमा चिडिमार जातिका मानिसहरूको फोटो दिइएको र यस जातिका मानिसहरू नेपालको तराई क्षेत्रमा पनि खासगरी बाँके जिल्लामा बस्ने कुरा सत्य नै देखाइएका आधारमा यसको पनि समीक्षा गर्न आवश्यक देखिएको हो ।

## २.३ निष्कर्ष

माथि उल्लेखित कृतिहरूको समीक्षाबाट के निस्कर्षमा पुग्न सकिन्छ भने यी कृतिहरू सबै चिडिमार जातिका बारेमा मात्र लेखिएका छैनन् । चार पाँचवटा पुस्तकहरू र चार पाँचवटा स्नातकोत्तर तहका शोधपत्र तथा एक लघु अनुसन्धानपत्रमा मात्र यस जातिका बारेमा चर्चा गरिएको छ । अन्य

कृतिहरू तराईको भौगोलिक, सामाजिक, सांस्कृतिक अवस्था, जातीय स्वरूप, समाजको निर्माण र बनोट, दलित र दलितको अवस्थाका साथै केही कृतिहरू जातिको उत्पत्ति र विकास, वर्ण व्यवस्थामा जाति उत्पत्तिको आधार जस्ता विषयवस्तु समेटिएका कारणले मात्र पनि समीक्षा गरिएको छ । चिडिमार जातिकै बारेमा लेखिएका पुस्तकहरूमा पनि पुस्तकको पुरै भागमा नभएर केही अध्यायमा मात्र यस जातिका बारेमा चर्चा गरिएको पाइन्छ । एउटा पुस्तकमा १६-१७ पेज र एउटा सानो पुस्तिका चिडिमार जातिका विषयमा लेखिएको छ । भएका पुस्तकहरूमा पनि चिडिमार जातिका विषयमा ज्यादै कम मात्र विवरण पाइएको हुनाले यी कृतिहरूभन्दा प्रस्तुत शोधग्रन्थ भिन्न हुन गएको छ । तथापि उपर्युक्त कृतिहरूको समीक्षात्मक अध्ययन गरी तिनीहरूलाई सन्दर्भ सामग्रीका रूपमा भने आवश्यकतानुसार उपयोग गरिएको छ ।

# अध्याय – तीन

## अनुसन्धान पद्धति

### ३.१ परिचय

मानिस चेतनशील, जिज्ञासु, सामाजिक प्राणी भएका कारण हरेक क्षण अज्ञात विषयवस्तुका बारेमा जान्ने बुझ्ने जिज्ञासा राख्नु स्वाभाविक हो । हामी बस्ने समाजमा अनेकौं प्रकारका सामाजिक र मानवीय घटनाहरू घटिरहेका हुन्छन् । त्यस्ता घटनाहरू मानवीय समस्याका रुपमा देखा पर्दछन् । ती समस्याहरू किन उत्पन्न हुन्छन् र तिनका समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा खोजवीन गर्ने वैज्ञानिक विधिलाई अनुसन्धान पद्धति भनिन्छ । अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान समस्यामा केन्द्रीत रहेर अनुसन्धान गरिएको समयावधि भरी प्रयोग गरिएको पद्धतिलाई एउटा निश्चित अनुसन्धान विधिमा केन्द्रीत गरेर उल्लेख गर्न सकिन्छ ।

### ३.२ अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्यहरूका आधारमा योजनावद्ध रुपले उपयुक्त तरिका अपनाएर गरिने अनुसन्धानको प्रक्रियालाई अनुसन्धान विधि भनिन्छ । समाज, सामाजिक गतिविधि, मानव संस्कृति, इतिहास तथा अन्य मानवका क्रियाकलापहरूसँग सम्बन्धित अनुसन्धान सामाजिक अनुसन्धान हो । प्रस्तुत अनुसन्धान इतिहास विषयसँग सम्बन्धित भएका कारण यो पनि सामाजिक अनुसन्धानअन्तर्गत नै पर्दछ । यस्तो अनुसन्धानमा सामान्यतः गुणात्मक र परिमाणात्मक विधिहरूका आधारमा तथ्यहरूको विश्लेषण गर्ने गरिन्छ । तथापि यस अनुसन्धानमा भने केही अत्यावश्यक सिमित ठाउँहरूमा भन्दा बाहेक धेरैजसो गुणात्मक विधि अपनाएर शोध प्रबन्ध तयार पारिएको छ । कुनै बस्तुतथ्यका बारेमा मानव प्रतिक्रिया तथा धारणा बुझ्नलाई गरिने अनुसन्धान प्राय गुणात्मक तरिकाले गर्ने गरिन्छ । यस गुणात्मक अनुसन्धानमा व्यक्तिविशेषको स्वभाव, आचरण अथवा कुनै विषयवस्तुप्रतिको रुचीलाई वर्णन गरिन्छ ।

कुनै पनि अनुसन्धान कार्यको थालनि हुनुभन्दा अगावै एउटा योजना तयार गरिन्छ । त्यो योजनालाई अनुसन्धान योजना भनिन्छ । त्यही अनुसन्धान योजनामा अनुसन्धानका क्रममा के कस्ता कार्यहरू गर्ने भन्ने कुरा उल्लेख गरिएको हुन्छ । त्यसरी अनुसन्धानका लागि बनाइएको योजना अनुसन्धान ढाँचा हो । त्यसले अनुसन्धानलाई व्यवस्थित तरिकाले अगाडि बढाउन एउटा खाका प्रस्तुत गरेको हुन्छ । त्यो अनुसन्धान योजना पनि अध्ययनको विषय, शीर्षक, क्षेत्र र

विधिका आधारमा फरकफरक हुने गर्दछ । प्रस्तुत शोध प्रबन्धमा अनुसन्धान विधिको प्रयोग निम्न तीन चरणमा गरिएको छ ।

(क) स्रोत सामग्रीको सङ्कलनमा ।

(ख) सङ्कलित स्रोतहरूको विश्वसनियताको पहिचानमा र

(ग) पहिचान भएका वा विश्वसनियता कायम भएका स्रोतका आधारमा प्रविवेदन लेखनमा ।

यो अनुसन्धान नेपालको तराईका दलित समुदायमा पर्ने चिडिमार जातिको सामाजिक-सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेको छ । चिडिमार जातिको प्रमुख बसोबास क्षेत्र बाँके जिल्लाको नेपालगन्ज र त्यसका आसपासका क्षेत्रहरू हुन् । यस जातिका सम्बन्धमा अध्ययन गर्दा प्राप्त सहायक स्रोतहरूले मात्र पुष्टि गर्न नसकिने अवस्था देखिएपछि आवश्यकतानुसार प्राथमिक स्रोतहरूको पनि सहयोग लिइएको छ । यो अनुसन्धान विद्यावारिधि उपाधिका लागि गरिएको अनुसन्धान हो । यो अनुसन्धान प्रतिवेदन लेखनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

वि.सं.२०६८ सालको जनगणनानुसार पूर्वाञ्चल विकासक्षेत्रमा १० जना, मध्यमाञ्चलमा २६ जना, पश्चिमाञ्चलमा ६ जना, मध्यपश्चिमाञ्चलमा १२११ जना र सुदूरपश्चिमाञ्चलमा १ जना चिडिमार जातिका मानिसहरू रहेका छन् । यसरी मध्यपश्चिमाञ्चल विकासक्षेत्रमा पनि ९७ प्रतिशतभन्दा बढी चिडिमार जातिका मानिसहरूको बस्ती बाँके जिल्लामा नै रहेको हुनाले यस क्षेत्रमा बस्ने चिडिमार जातिका बस्तीमा गएर असम्भाव्य नमूना छनोट पद्धतिअन्तर्गत उद्देश्यपूर्ण नमुना छनोट विधि अपनाएर सङ्कलन गरिएका स्रोतहरूसमेत प्रयोग गरी यो शोध प्रबन्ध तयार पार्ने कार्य गरिएको छ ।

बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १६ बेलासपुर, वार्ड नं. १ धम्बोझी र शमशेरगन्ज गा.वि.स.का हवल्दारपुर, प्रेमपुर, शंकरपुर, चौधरिया गाउँजस्ता ठाउँहरूमा बस्ने झण्डै ११०० को सङ्ख्यामा रहेका चिडिमार जातिका मानिसहरूको बस्तीमा गएर त्यहाँका १०० घरधुरीका १६६ जना चिडिमार जातिका महिला, पुरुष, युवायुवती, वृद्धवृद्धा, समाजसेवी, व्यवसायीहरूसँग अन्तरवार्ता र अवलोकनका माध्यमबाट स्रोत सङ्कलन गर्ने कार्य गरिएको छ । यसका अतिरिक्त चिडिमार जातिका विषयमा विज्ञ अन्य गैरचिडिमारका १८ जना शिक्षक, प्राध्यापक, समाजसेवी, सामाजिक कार्यकर्ता, वुद्धिजीविहरू तथा अन्य समाजका गन्यमान्य जानिफकारहरूसँग पनि अन्तरवार्ता लिएर त्यस्ता स्रोतहरू सङ्कलन गर्ने कार्य गरिएको छ । परिशिष्टमा दिइएका नमुनाअनुरूपका प्रश्नहरू भराएर पनि स्रोत सङ्कलन गरिएको छ । त्यसरी सङ्कलन गरिएका स्रोतहरूलाई एकैठाउँमा राखी, शुद्धीकरण गरी कम्प्युटरको माध्यमबाट सिलसिलेवार रुपमा मिलाएर राख्ने काम गरिएको छ । त्यस्ता स्रोतहरूलाई आवश्यकतानुसार केही

तालिकाहरूमा पनि प्रस्तुत गरिएको छ । चिडिमार जातिसँग सम्बन्धित सामग्रीहरू मात्र प्राप्त हुन नसकेको अवस्थामा सकेसम्म त्यस जातिसँग मिल्दाजुल्दा सामग्रीहरू पनि प्रयोगमा ल्याएर शोध प्रतिवेदनलाई उद्देश्यमूलक बनाउने प्रयन्न गरिएको छ ।

प्रस्तुत अनुसन्धानको प्रबन्ध लेखनका क्रममा मुख्य पाठभित्र गर्भे टिप्पणी अर्थात् (प्यारेन्थेटिकल नोट) विधिको प्रयोग गरिएको छ । यसरी गर्भे टिप्पणी (प्यारेन्थेटिकल नोट) राख्दा ए.पी.ए.(अमेरिकन साइकोलोजिकल एसोसिएसन) शैलीका आधारमा राखिएको छ भने सन्दर्भ सामग्री सूचीमा पनि ए.पी.ए. शैलीको प्रयोग गरिएको छ । खासगरी मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालयले ए.पि.ए., एम.एल.ए. र पादटिप्पणी अर्थात सिकागो म्यानुयलले प्रयोगमा ल्याएको गरी तीनवटै विधिलाई स्वीकृति दिएको भएपनि प्रस्तुत प्रबन्ध लेखनका क्रममा ए.पी.ए. शैलीलाई अपनाइएको छ ।

अनुसन्धान विधि पनि विषय, शीर्षक, क्षेत्र र सीमाका आधारमा फरकफरक हुने गर्दछन् । यो अनुसन्धान इतिहास विषयसँग सम्बन्धित सामाजिक अनुसन्धानमा पनि जातिगत अध्ययनमा आधारित भएका कारण यस अनुसन्धानको प्रतिवेदन लेखनका क्रममा व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको हो ।

यस अनुसन्धानकै सिलसिलामा सङ्कलन गरिएका वा प्राप्त भएका ठोस तथा तथ्यपरक सामग्रीहरूलाई यथायोग्य स्थानमा जस्ताको तस्तै राख्दा प्रतिवेदन भरपर्दो र बढी विश्वासिलो हुने देखिएको अवस्थामा वर्णनात्मक विधि अपनाइएको छ । चिडिमार जातिका सम्बन्धमा प्राप्त ऐतिहासिक विवरण, यस जाति दलितमा पर्नाका कारणहरू, नेपालमा चिडिमार जातिको आगमन, उनीहरूका परम्परागत पेसा, सामाजिक-सांस्कृतिक अवस्था, रीतिरिवाज, शैक्षिक, धार्मिक अवस्थाहरू, यस जातिको उत्थानमा सरकारी र गैरसरकारी संघसंस्थाहरूको योगदान जस्ता विषयवस्तुहरू प्रस्तुत गर्दा वर्णनात्मक विधिको प्रयोगलाई उपयोगी मानिएको छ । कतिपय विषयवस्तुको प्रस्तुतिमा अन्य विधिबाट चर्चा गर्नुभन्दा वर्णनात्मक विधिका आधारमा स्रोतहरूको प्रस्तुति बढी उपयोगी ठानिएको हुनले यस शोध प्रबन्धमा यो विधिको सबैभन्दा बढी उपयोग गरिएको छ ।

बाँके जिल्लाका विभिन्न ठाउँमा छरिएर रहेका चिडिमार जातिका बस्तीहरूमा गरिएको स्थलगत भ्रमणका क्रमममा प्राप्त स्रोत सामग्रीहरू तथा अवलोकनका क्रममा देखापरेका विषयवस्तुहरू, जसलाई जस्ताको तस्तै राख्न नमिल्ने हुन्छ, त्यसलाई प्रतिवेदन लेखनका क्रममा विश्लेषणात्मक विधि अपनाएर प्रस्तुत गरिएको छ । चिडिमार जातिका बस्तीहरूमा प्रत्यक्ष अवलोकनका क्रममा मानिसको मृत्यु भई संस्कार कार्य सम्पन्न गरिरहेका, कोही भावविव्हल अवस्थामा रहेका, कोही चाडपर्व र उत्सवहरू मनाउने क्रममा उल्लासमय वातावरणमा

रमाइरहेका जस्ता भावनात्मक अभिव्यक्तिलाई यस अनुसन्धान प्रतिवेदन लेखनका क्रममा प्राप्त स्रोतहरूको प्रयोग गर्दा विश्लेषणात्मक विधि अपनाइएको छ । यस जातिका कतिपय लवाइखवाई, परम्परा, चाडपर्व मनाउने तरिका आदिको विश्लेषण अवलोकनपछि मात्र गर्न सकिएको हुँदा त्यसरी अवलोकन गरिएका विवरणको प्रस्तुति वर्णनात्मक विधि अपनाएर लेखिएको प्रतिवेदन प्रस्ट हुन नसकेको अवस्थामा शोधार्थीका तर्फबाट विश्लेषण गरेर प्रस्ट्याउने प्रयत्न गरिएको छ ।

## ३.३ स्रोत र स्रोत सामग्री सङ्कलन विधि

स्रोत भनेको अनुसन्धानलाई पुष्टि गर्ने मुख्य आधार हो । अनुसन्धानको प्रमुख अंश वा आत्मा भनेको स्रोत, स्रोत सामग्रीको सङ्कलन र सङ्कलित स्रोतहरूको आवश्यकतानुसारको उचित विश्लेषण गर्नु हो । अनुसन्धानका यी तीन चरणहरू पार गरेपछि मात्र अनुसन्धान प्रश्नको सही निष्कर्ष निस्कन सक्दछ । यसका लागि भरपर्दा र विश्वसनीय स्रोतहरू सङ्कलन गर्नु पर्दछ । प्रस्तुत अनुसन्धान तराई दलित समुदायका चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्थाको अध्ययन भएका कारण यही विषय शीर्षकसँग सम्बन्धित स्रोत सामग्रीहरू मात्र सङ्कलन गरिएको छ । यस अनुसन्धानमा चिडिमार जातिको समाज विगतदेखि नै के कस्तो अवस्थामा विकसित हुँदै आएको थियो, यस जातिका शैक्षिक, स्वास्थ्य र सांस्कृतिक अवस्थाहरू के कस्तो अवस्थामा रहँदै आएका छन् भन्ने विषयसँग सम्बन्धित सामग्रीहरू प्राथमिक र सहायक स्रोतका माध्यमबाट सङ्कलन गरिएको छ । यसरी स्रोतहरू सङ्कलन गर्दा अध्ययनलाई कसरी उद्देश्यमूलक बनाउदै निष्कर्षमा पुग्न तथा अनुसन्धान समस्याको समाधान गर्न सकिन्छ र त्यसलाई कसरी बस्तुपरक, तथ्यपरक बनाउन सकिन्छ भन्ने कुराहरूलाई विशेष ध्यानमा राखिएको छ ।

शोधप्रबन्धलाई पुष्टि गर्ने प्रमुख आधार तथा प्रमाणहरू स्रोतहरू हुन् । स्रोतविनाको अनुसन्धान प्रतिवेदन विश्वसनीय पनि हुन सक्दैन र त्यसले उद्देश्यअनुरुपको सफलता पनि प्राप्त गर्न सक्दैन । स्रोतले अनुसन्धानकर्तालाई सम्बन्धित विषयमा थप नयाँनयाँ कुराहरूको जानकारी पनि दिने गर्दछ । कतिपय जानकारी नै नभएका कुरा पनि स्रोतबाट थाहा पाउन सकिन्छ । कहिलेकाहीँ सामन्य जानकारी भएको विषय र स्रोतमा उल्लेख गरिएको विषय फरक पनि हुन सक्दछ । त्यस्तो अवस्थामा स्रोतमा उल्लेखित विषयलाई नै बढी विश्वाशिलो मान्नु पर्ने बाध्यात्मक अवस्था पनि रहन्छ । त्यस्ता स्रोतहरू विभिन्न प्रकारका हुने गर्दछन् । प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा मात्र दुईप्रकारका स्रोतहरूको प्रयोग गरिएको छ । ती स्रोतहरू र तिनको सङ्कलन गर्ने कार्य यसप्रकार गरिएको छ ।

### ३.३.१ द्वितीय स्रोत

अरुले प्रयोग गरिसकेका प्रकाशित वा अप्रकाशित स्रोतहरूलाई द्वितीय स्रोत भनिन्छ । यस्ता स्रोतहरूलाई कुनै ठाउँमा सहायक स्रोत पनि भन्ने गरिएको पाइन्छ । यस्ता स्रोतहरूमा प्रकाशित वा अप्रकाशित लेख रचनाहरू, शोध-अनुसन्धान प्रतिवेदनहरू, पुस्तक, जर्नल, म्यागेजिन आदि पर्दछन् । यस्ता स्रोतहरूलाई पनि साहित्यिक र रेकर्ड गरी दुई भागमा विभाजन गर्ने गरिएको पाइन्छ । प्रस्तुत अनुसन्धानमा पुस्तक पसलमा रहेका, पुस्तकालयमा रहेका, व्यक्तिका सङ्ग्रहमा रहेका, संघसस्था (सरकारी र गैरसरकारी) मा रहेका सहायक स्रोतहरूको सङ्कलन गरी त्यसबाट सहयोग लिने कार्य गरिएको छ । यस अनुसन्धानको प्रतिवेदन तयार पार्ने क्रमममा अनुसन्धान प्रस्नसँग सम्बन्धित स्रोतहरू मात्र प्रयोगमा ल्याइएको छ ।

द्वितीय स्रोतहरू खासगरी त्रि.वि.केन्द्रीय पुस्तकालय, कीर्तिपुर, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जमा रहेको मध्यपश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, नेपल ल क्याम्पस प्रदर्शनी मार्ग काठमाडौंमा रहेको पुस्तकालय, अनौपचारिक सेवा केन्द्र इन्सेक, काठमाडौं, राष्ट्रिय दलित आयोग, लगनखेल, ललितपुर, राष्ट्रिय पुस्तकालय ललितपुर, समता फाउण्डेसनको पुस्तकालय, ललितपुर, नेपाल नेशनल दलित सोसियल वेलफियर अर्गनाइजेसन, केन्द्रीय कार्यालय बखुण्डोल, ललितपुर, राष्ट्रिय तथ्याङ्क विभाग, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरालगायत अधिराज्यका पुस्तकालय र व्यक्तिहरूका संग्रहमा रहेका सामग्रीहरू सङ्कलन गर्ने कार्य गरिएको छ ।

झण्डै दुई वर्षको समय खर्चेर सङ्कलन गरिएका सामग्रीहरूलाई उद्देश्य र अध्याय शीर्षकहरूका आधारमा विभाजन गरी प्रतिवेदन लेखनका क्रममा आवश्यक विषयवस्तुलाई स्रोतका रुपमा प्रयोग गरिएको छ । त्यसरी प्रयोग गरिएका स्रोतहरूको सम्मान र जानकारीका लागि जुन पेजमा जुन स्रोतको प्रयोग गरिएको हो त्यही पेजामा त्यो स्रोतका लेखकको थर, प्रकाशन मिति र कृतिको पेज नम्वर राखिएको छ । अप्रकाशित सामग्री भए लेखकले के प्रयोजनका लागि तयार पारेको लेख हो भन्ने सामान्य जानकारी हुन सक्ने सङ्केत प्रस्तुत गरिएको छ भने त्यस्तो स्रोतको पुरा विवरण प्रतिवेदनको अन्त्यमा स्रोतसामग्री-सूचीमा प्रस्तुत गरिएको छ ।

### ३.३.२ प्राथमिक स्रोत

अरूले प्रयोग नगरेको पहिलोपल्ट आफैले प्रयोग गरेको स्रोत प्राथमिक स्रोत हो । यस्तो स्रोत प्रस्तुत अनुसन्धानको अध्ययन क्षेत्र बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वार्ड नं. १

धम्बोझी र वार्ड नं. १६ बेलासपुर तथा शमशेरगन्ज गा.वि.स.का वार्ड नं. ५ र ७ का हवल्दारपुर, प्रेमपुर, शंकरपुर र चौधरिया गाउँजस्ता ठाउँहरू, जहाँ चिडिमार जातिका मानिसहरूको बस्ती रहेको छ, तिनै ठाउँहरूबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोत पहिलोपल्ट आफैंले सङ्कलन गरेको स्रोत हुनाले प्रस्तुत प्रतिवेदन लेखनका क्रममा आवश्यकतानुसार पहिलोपल्ट नै प्रयोग गरिएको छ । अनुसन्धान प्रश्नको उत्तर र उद्देश्य प्राप्तिका लागि यस्ता स्रोतहरू द्वितीय स्रोतबाट पुष्टि हुन नसकेका विषवस्तुहरूको विश्लेषण र वर्णन गर्ने क्रममा मात्र प्रयोग गरिएको छ । यस्ता प्राथमिक स्रोतहरू विभिन्न विधि अपनाएर छनोट गरिएका नमुनाका आधारमा सङ्कलन गरिएको हुनाले ती स्रोतहरू कसरी सङ्कलन गरिएको थियो भन्ने जानकारी प्रस्तुत गर्नुभन्दा अगाडि नै नमुना छनोट गर्दा कुनकुन विधि अपनाइएको थियो भन्ने जानकारी प्रस्तुत गर्दा उपयुक्त हुने देखिएकोले यहाँ नमुना छनोट विधिको चर्चा गरिएको छ ।

#### ३.३.२.१ **नमुना छनोट**

अनुसन्धानको क्षेत्रसँग सम्बन्धित जनसङ्ख्याहरूमध्येबाट छानिएका त्यस्ता केही नमुना जनसङ्ख्या जसले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्न सक्दछन्, तिनीहरूको छनोट नै नमुना छनोट हो । प्रस्तुत अनुसन्धान नेपालको तराईका दतिल समुदायमध्ये चिडिमार जातिको सामाजिक-सांस्कृतिक अवस्थाको ऐतिहासिक अध्ययनसँग सम्बन्धित अनुसन्धान हो । जुनसुकै जातजातिका मानिसहरूका सामाजिक, सांस्कृतिक वा अन्य विविध पक्षहरूको अध्ययन अनुसन्धान गर्दा पुरै समूह, समुदाय वा जनसङ्ख्याको अध्ययन गर्न समयाभाव र आर्थिक रुपले समेत खर्चिलो हुने भएकाले त्यस समुदायको पुरै प्रतिनिधित्व हुन सक्ने केही इकाईहरूलाई मात्र छानेर उनीहरूबाट सूचना सङ्कलन गर्ने काम गरिएको छ । प्रस्तुत अनुसन्धानका क्रममा चिडिमार जाति र त्यससँग सम्बन्धित केही अन्य जातिका व्यक्तिहरूलाई समेत छनोट गरी प्रस्तुत अनुसन्धानको अनुसन्धान प्रश्नसँग सम्बन्धित रहेका जिज्ञासाका आधारमा स्रोतहरू सङ्कलन गर्ने कार्य गरिएको छ ।

सामान्यतः अनुसन्धानका क्रममा नमुना छनोट गर्दा सम्भावित नमुना छनोट पद्धति र असम्भावित नमुना छनोट पद्धतिहरूमध्ये कुनै एक वा दुवै विधिलाई पनि अपनाउन सकिन्छ । सम्भावित नमुना छनोट पद्धति भनेको समग्रमा रहेका सबै इकाईहरूको समान रुपले छनोट हुने सम्भावना बराबर भएको पद्धति हो । यसअन्तर्गत पनि दैव नमुना छनोट पद्धति, वर्गीकरण नमुना छनोट पद्धति र क्रमवद्ध नमुना छनोट पद्धतिका आधारमा तीन किसिमले प्राथमिक स्रोतहरू

सङ्कलन गर्न सकिन्छ । यसका अतिरिक्त असम्भावित नमुना छनोट पद्धति भनेको समग्रमा भएका इकाईहरूमध्येबाट बराबर छनोटमा पर्ने सम्भावना नभएको पद्धति हो ।

प्रस्तुत अनुसन्धानका क्रममा असम्भावित नमुना छनोट विधि (Non-Probability Sampling Method) को प्रयोग गरिएको छ । यस्तो नमुना छनोट विधि प्रयोग गर्दा कुनै निश्चित उमेर, वर्ग, समूहका मानिसहरूको छनोट नगरी आफ्नो अनुसन्धानको विषयसँग सम्बन्धित विषय विज्ञहरूको मात्र छनोट गर्ने स्वतन्त्रता रहन्छ । यस्तो नमुना छनोट विधिमा अनुसन्धान कर्ताको शोध समस्या, शोध प्रश्न, शोध उद्देश्य, शोध आवश्यकता, विवेक स्वतन्त्रता र रुचीका आधारमा तत्कालै बनाइएको नीतिअनुरुप नमुना छनोट गर्न पाउने अवस्था रहने हुनाले यस अनुसन्धानका क्रममा नमुना छनोट गर्दा यही असम्भावित नमुना छनोट विधिलाई अपनाइएको छ ।

असम्भावित नमुना छनोट विधिअन्तर्गत पनि अंश नमुना छनोट विधि, उद्देश्यपूर्ण नमुना छनोट विधि र स्नोवल नमुना छनोट विधि गरी तीनप्रकारले गर्न सकिन्छ । यस अनुसन्धानमा तिनीहरूमध्ये असम्भावित नमुना छनोट विधिअन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोट विधि (Purposive Sampling Method) अपनाइएको छ । यस्तो विधि अपनाउँदा अनुसन्धानको उद्देश्य, चाहना र रुचीका आधारमा विषय विज्ञहरूलाई छनोट गर्न सकिने स्वतन्त्रता रहने हुनाले प्रस्तुत अनुसन्धानमा प्रायः चिडिमार जातिका १०० घर परिवारका घरमुली र केही परिवारका जेष्ठ महिलाहरू तथा अन्य पढेलेखेका, टाठाबाठा, नेपाली भाषा राम्रोसँग बोल्न जान्ने तथा चिडिमार जातिको ऐतिहासिक विषवस्तुका बारेमा राम्रो ज्ञान भएका आदिलाई समेत नमुनाका रुपमा छनोट गरिएको छ । यस्तो नमुना छनोट विधिमा कुनै इकाईको छनोटको बराबार सम्भावना नहुने हुनाले आवश्यकतानुसार छानिएका व्यक्तिहरूसँग प्रत्यक्ष साक्षातकारका आधारमा स्रोत सङ्कलन गर्ने काम गरिएको छ । त्यसरी छानिएका स्रोतव्यक्तिहरूलाई उमेरगत आधारमा वर्गीकरण गर्दा निम्न अवस्था रहेको पाइएको छ ।

**तालिका नं. १ : अन्तर्वार्ता लिइएका चिडिमार जातिको उमेरगत समूह**

| क्र.सं. | उमेरगत समूह | सङ्ख्या |
|---|---|---|
| १. | २० वर्षभन्दा कम उमेरका | १ जना |
| २. | २० देखि २९ वर्ष उमेरका | ३५ जना |
| ३. | ३० देखि ३९ वर्ष उमेरका | ४३ जना |
| ४. | ४० देखि ४९ वर्ष उमेरका | ३५ जना |
| ५. | ५० देखि ५९ वर्ष उमेरका | २७ जना |
| ६. | ६० वर्षभन्दा माथि उमेरका | २५ जना |

यसरी विभिन्न उमेर समूहका १६६ जना चिडिमार जातिका मानिसहरू र १८ जना अन्य उमेर नखुलाइएका गैरचिडिमार जातिका मानिसहरू गरी कुल १८४ जना जानिफकारहरूबाट स्रोत सङ्कलन गरिएको छ । अन्तरवार्ता लिइएका चिडिमार जातिका कुल सङ्ख्यामध्ये पनि ६२ जना महिला र १०४ जना पुरुषहरू रहेका छन् । जसमा महिलाको प्रतिशत ३७.३५ र पुरुषको प्रतिशत ६२.६५ रहेको छ । यसरी अन्तर्वार्ता लिइएका चिडिमार जातिका व्यक्तिहरू रिक्सा चालक, पसले, कृषक, गृहिणी, पशुपालक, अर्काको पसलमा काम गर्ने, मिस्त्री, ज्याला मजदुरी गर्ने, शिक्षित-अशिक्षित आदि रहेका छन् । यसरी नमुना छनोट गर्दा असमान उमेरका समान सङ्ख्या नहुनुको कारण नै असम्भावित नमुना छनोट विधि अपनाउनाले भएको हो ।

### ३.३.२.२ अन्तरवार्ता

अनुसन्धानका क्रममा आवश्यक पर्ने स्रोत सामग्रीहरू सङ्कलन गर्दा सम्बन्धित विषयका ज्ञाताहरूसँग प्रत्यक्ष साक्षत्कार गरी उनीहरूका भित्री दृष्टिकोण बुझ्ने विधि अन्तरवार्ता विधि हो । यसलाई अप्रत्यक्ष तवरबाट पनि लिन सकिने भए पनि प्रस्तुत स्रोत सङ्कलनका क्रममा त्यो विधि अपनाइएको छैन । झण्डै छ महिना लगाएर सङ्कलन गरिएका सहायक वा द्वितीय स्रोतहरूले मात्र यस अनुसन्धान प्रतिवेदनको उद्देश्य प्राप्त नहुने देखिएपछि प्राथमिक स्रोतहरू पनि सङ्कलन गरिएको थियो । त्यसरी प्रस्तुत अनुसन्धानका क्रममा चिडिमार जाति वा केही गैरचिडिमार जातिका व्यक्तिहरू जो यस जातिका विषयसँग जानकार रहेका छन्, उनीहरूबाट पनि सूचना सङ्कलन गर्ने काम गरिएको छ । यस अनुसन्धानका क्रममा चिडिमार जातिका १०० घरपरिवारका १६६ जना युवायुवती, वृद्धवृद्धा, वुद्धिजिवी, समाजसेवीहरू तथा अन्य जातजातिका १८ जना शिक्षक, प्राध्यापक, बुद्धिजीवी तथा गन्यमान्य व्यक्तिहरू, भारतबाट आफन्तका घरमा आएका बहेलिया जातिका मानिसहरूबाट समेत जानकारी लिने काम गरिएको छ । यसरी प्राथमिक स्रोत सङ्कलनका क्रममा स्रोत व्यक्तिहरूको छनोट कसरी गरियो भन्ने सम्बन्धमा नमुना छनोट विधिमा चर्चा गरिसकिएको छ ।

### ३.३.२.३ अवलोकन

प्राथमिक स्रोत सङ्कलन गर्ने विधिहरूमध्ये अवलोकन विधि पनि एक हो । अध्ययन क्षेत्रसँग सम्बन्धित विषयवस्तुहरूलाई शोधकर्ता आफै उपस्थित भएर अवलोकन गरी स्रोत सङ्कलन गर्ने विधि अवलोकन विधि हो । यस विधिमा आवश्यक स्रोत सामग्रीहरू सङ्कलन

आफ्नै आँखाले हेरेर गर्ने गरिन्छ । चिडिमार जातिका वर्तमान सामाजिक-सांस्कृतिक, शैक्षिक, धार्मिक, स्वास्थ्यको अवस्था जस्ता विषवस्तुहरूको जानकारी प्राप्त गर्न यो विधि निकै उपयोगी भएको छ । यस्ता स्रोत सङ्कलनका लागि अवलोकनका क्रममा मिति पटक-पटक अध्ययन स्थलमा वा चिडिमार जातिका बस्तीहरूमा गएर उनीहरूका संस्कारहरू सम्पन्न गर्ने विधि, चाडपर्व मनाउने विधि, लवाइखवाई, वेषभूषा, आदिको अवलोकन गर्ने काम गरिएको छ । त्यसरी सङ्कलन गरिएका स्रोतको विश्वसनियताका लागि प्रस्तुत शोध प्रतिवेदनका अन्त्यमा फोटोका नमुनाहरू पनि प्रस्तुत गरिएको छ । ती अवलोकनबाट प्राप्त स्रोतहरूको प्रयोग विश्लेषण विधिका आधारमा प्रतिवेदन लेख्ने क्रममा गरिएको छ ।

### ३.३.२.४ **प्रश्नावली**

स्रोत सङ्कलन गर्ने विभिन्न विधिहरूमध्ये प्रश्नावली पनि प्राथमिक स्रोत सङ्कलन गर्ने एउटा लोकप्रिय विधि हो । यस्ता प्रश्नावलीहरू धेरै प्रकारका हुने भए पनि प्रस्तुत अनुसन्धानमा खुला र बन्द गरी दुईप्रकारका प्रश्नावलीहरूको प्रयोग गरिएको छ । निश्चित उत्तर आउने वस्तुगत प्रश्नावलीलाई बन्द र निश्चत उत्तर नआउने विषयगत प्रश्नावलीलाई खुल्ला प्रश्नावली भनिन्छ । यस्ता प्रश्नावलीहरूको माध्यमबाट स्रोत सङ्कलन गर्दा प्रश्नहरू हुलाकबाट वा अन्य माध्यमबाट पठाइने प्रचलन भएपनि प्रस्तुत अनुसन्धानका स्रोतहरू सङ्कलन गर्ने क्रममा चिडिमार जातिका केही व्यस्त मानिसहरू, जससँग प्रत्यक्ष साक्षातकार हुन सकेको थिएन त्यस्ता व्यक्तिहरूका परिवारका सदस्यहरूमार्फत छापिएका प्रश्नहरू दिने र केही दिनपछि परिवारमार्फत नै उत्तर प्राप्त गर्ने विधि प्रयोग गरिएको थियो । पछि तिनै व्यक्तिहरूलाई भेटेर अन्तर्वार्ता पनि लिइएको थियो ।

चिडिमार बस्तीमा ३२ वटा बन्द प्रश्नहरू बाँडिएका थिए । प्रश्नावली भरेका व्यक्तिहरूको स्रोत गर्भे टिप्पणीमा राखी उनीहरूको नाम, थर राखी प्रश्नोत्तर भनी उल्लेख गरिएको छ । जस्तै चिडिमार(गयादिन), प्रश्नोत्तर, २० फाल्गुण २०६९ । प्रश्नावली भरेका व्यक्तिहरूको नामावली सूची परिशिष्टमा पनि राखिएको छ । प्राप्त भएका प्रश्नावलीका उत्तरको प्रतिशतलाई तालिकामा यसरी उल्लेख गरिएको छ ।

**तलिका नं. २ : प्रश्नाली भरेका व्यक्ति र प्राप्त उत्तरको प्रतिशत**

| उत्तर दाता सङ्ख्या | प्रश्न सङ्ख्या | उत्तर सङ्ख्या | उत्तर प्रतिशत क | उत्तर प्रतिशत ख | उत्तर प्रतिशत ग |
|---|---|---|---|---|---|
| २० | ३२ | ३० | २८.१२५ | २८.१२५ | ३७.५ |

## ३.४ स्रोत सामग्री सङ्कलनका उपकरणहरू

अनुसन्धानकर्ताले अध्ययन गर्न खोजेको विषय र क्षेत्रसँग सम्बन्धित सामग्रीहरू विभिन्न स्थानमा लुकेर, छरिएर रहेका हुनेहुनाले त्यस्ता तथ्याङ्कहरूलई सङ्कलन गर्दा सम्बन्धित विषयका जानकार व्यक्तिहरूसँग अन्तरवार्ता, प्रश्नावली र स्थलगत अवलोकनको माध्यमबाट सङ्कलन गरिएको छ । यस अनुसन्धानका क्रममा पूर्वनिर्धारित प्रश्नहरू केही व्यक्तिहरूले भर्न हिचकिचाएका र अधिकांश चिडिमार जातिका मानिसहरू निरक्षरसमेत भएका कारण त्यस्ता निर्धारित प्रश्नहरूलाई हेरेर स्रोत सङ्लनका क्रममा अनुसन्धानकर्ता आफैँले पनि उनीहरूसँग प्रश्न सोधी उत्तर भराउने कार्य गरिएको छ । अन्तरवार्ता लिदा मोवाइल फोनको सेटमा रेकर्ड गरिएको, कतिपय कुराहरू कापिमा पनि टिपिएको र कतिपय घटनाहरू क्यामरामा भिडियो र फोटोग्राफका रूपमा पनि सङ्कलन गर्ने कार्य गरिएको थियो । चिडिमार जातिका मानिसहरूका बस्तीहरू गुजुमुज्ज परेर रहेका कारण यातायातका साधनको प्रयोग नगरी पैदल यात्राकै माध्ययमबाट छनोटमा परेका व्यक्तिहरूसँग अन्तरवार्ता लिने काम गरिएको थियो ।

## ३.५ अध्ययन क्षेत्रको छनोट

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बाँके जिल्ला प्राचीन मानव बस्ती भएको तर आधुनिककालमा खासगरी नेपालको एकीकरणपछि प्रथम राणाप्रधानमन्त्री जङ्गबहादुरको समयसम्म पनि असाध्यै कम र पातलो बस्ती भएको जिल्ला हो । वि.सं.१९१७ सालमा अङ्ग्रेज सरकारले राणाप्रधानमन्त्री जङ्गबहादुरमार्फत बाँकेलगायतका पश्चिम तराईका चारवटा जिल्लाहरू नेपाल सरकारलाई फिर्ता दिएपछि त्यस क्षेत्रमा विभिन्न ठाउँबाट विभिन्न जातजातिका मानिसहरूको आगमन भई बस्ती बसेको थियो । त्यस्ता जातजातिका मानिसहरूमध्ये चिडिमारहरू पनि एक थिए । सामान्यतः अन्य जातजातिका मानिसहरूभन्दा केही भिन्न स्वभाव र पेसा भएका, शिकारबाट जीविका चलाउने, चराको मासु खाने र बेच्नेसमेत पेसा अपनाएका जातिका बारेमा केही कुरा जान्ने बुझ्ने जिज्ञासा उठ्नु स्वभाविकै हो । त्यसमा पनि पिछडिएको, लोपोन्मुख, सिमान्तकृत अवस्थामा रहेको, आर्थिक, शैक्षिक दृष्टिले समेत निकै पिछडिएको, तराईका दलित समुदायमा पर्ने चिडिमार जातिको सामाजिक-सांस्कृतिक, धार्मिक, शैक्षिक, स्वास्थ्य अवस्थाको ऐतिहासिक दृष्टिले अध्ययन गर्ने जिज्ञासा शोधार्थीमा पलाएको हो । त्यसमा पनि ११ वर्षसम्म बाँके जिल्लाको चिडिमार बस्तीको निकटमा रहेर बसेको, विश्वविद्यालय अनुदान आयोगमा चिडिमार जातिकै विषयमा एक लघु अनुसन्धान प्रतिवेदन प्रस्तुत गरिसकेको र यस जातिका विषयमा अझ

धेरै अनुसन्धान गर्ने जिज्ञासा बढ्दै गएका आधारमा बाँके जिल्लामा बसोबास गर्दैआएका चिडिमार जाति सम्बन्धी विषय नै छनोट गरिएको हो । यातायातको दृष्टिले सुगम, चिडिमार जातिका मानिसहरूको बस्ती सहरी क्षेत्रकै नजिक रहेको, भाषिक दृष्टिले पनि शोधार्थी चिडिमार जातिका मानिसहरूले बोल्ने अवधी भाषा बुझ्ने भएको हुनाले यसै विषयमा अनुसन्धान गर्न प्रोत्साहन मिलेको हो ।

## ३.६ प्रस्तुतिकरण र प्रतिवेदन लेखन

कुनैपनि अनुसन्धान कार्यलाई बैधानिकता प्रदान गर्नका लागि त्यसका चरणहरूको क्रमबद्दतालाई पालना गर्नु पर्दछ । विभिन्न विधि र उपकरणहरूका आधारमा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई व्यवस्थित विधि अपनाएर प्रस्तुतिकरण र विश्लेषण गर्न सकियो भने मात्र त्यो अनुसन्धान कार्यले पूर्णता पाउन सक्दछ । सबैजसो अनुसन्धानहरू, त्यसमा पनि खासगरी सामाजिक अनुसन्धानमा स्रोतहरूको प्रस्तुतिकरण गर्दा गुणात्मक र सङ्ख्यात्मक विधि अपनाउने प्रचलन छ । प्रायःजसो सामाजिक परम्परा, इतिहास, धर्म, जाति, संस्कृति, मूल्य, मान्यता तथा मानव व्यवहार, स्वभाव, क्रियाकलाप जस्ता विषयहरूको अध्ययनमा यही गुणात्मक विधि अपनाउने प्रचलन भएअनुरूप यस अनुसन्धानमा प्राप्त स्रोतहरूका आधारमा धेरैजसो गुणात्मक विधि अपनाएर अनुसन्धान प्रतिवेदन तयार पार्ने काम गरिएको छ । माथि उल्लेखित विभिन्न विधिहरू अपनाएर सङ्कलन गरिएका स्रोतहरूलाई एक ठाउँमा राखी, सुद्धीकरण गरी त्यसलाई तालिकिकरण गरेर छनोटमा परेका स्रोतहरूको सहयोग लिएर त्यसलाई विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धान प्रतिवेदन लेखनका क्रममा खासगरी वर्णनात्मक र विश्लेषणात्मक विधिका आधारमा शोधकार्यलाई पुरा गरिएको छ ।

प्रस्तुत प्रविवेदन लेखनका क्रममा अपनाइएको ए.पी.ए. शैलीको प्रयोगका क्रममा पनि केही जटिलताहरू देखिएपछि त्यसलाई सरलीकरण गर्ने क्रममा अन्तरवार्ता लिएका प्रायः सबैजसो मानिसहरूका थर एउटै 'चिडिमार' भएका कारण यस शोधप्रबन्ध अवलोकनमा सरलता होस् भन्ने हेतुले गर्भे टिप्पणीमा नै थरसँगै कोष्ठमा नाम पनि प्रस्तुत गरिएको छ जस्तै (चिडिमार(रामु) र त्यसपछि भने ए.पी.ए. शैलीकै आधारमा अन्तरवार्ता लिएको गते र मिति प्रस्तुत गरिएको छ । यसका अतिरिक्त शर्मा, झा र रिजाल थर भएका व्यक्तिहरूको अन्तरवार्ता मिति तथा स्रोत सामग्री प्रकाशन मिति समान भएका अवस्थामा त्यसलाई छुट्टयाउनका लागि कोस्टमा शर्मा( प्रतिमा), झा(हरिवंश) जस्तै गरी नाम पनि उल्लेख गरिएको छ । अन्य लेखकहरूका सन्दर्भमा पनि स्रोतको मिति र लेखकको थर समान भएको अवस्थामा त्यसरी नै कोष्ठमा नाम उल्लेख गरेर

छुट्ट्याउने कार्य गरिएको छ । तर समान थर भएपनि स्रोतको प्रकाशन मितिका आधारमा छुट्ट्याउन सकिने भएमा भने नाम कोष्ठमा दिइएको छैन । तर सन्दर्भसामग्रीसूचीमा भने त्यसको पूर्ण विवरण प्रस्तुत गरिएको छ । प्रस्तुत प्रतिवेदनमा अवलोकनका आधारमा प्राप्त भएका र सङ्कलन गरिएका स्रोतहरूलाई शोध प्रबन्ध लेखनका क्रममा विश्लेषणात्मक विधि अपनाउँदा उपयोग गरिएको छ ।

## ३.७ स्रोत सामग्री सङ्कलनमा देखिएका समस्या

अनुसन्धान सामान्य वा वृहत जस्तोसुकै भए पनि विधिविधानको पालना हुन नसकेमा त्यसले सार्थकता प्राप्त गर्न सक्दैन । त्यसका लागि मिहिनेत, लगनशीलता र अनुशासनको पालना हुनु उतिकै जरुरी हुन्छ । अझ सजिलैसँग स्रोत उपलब्ध हुन नसक्ने प्रस्तुत अनुसन्धान जस्ता विषयवस्तुमा अधिकाङ्श प्राथमिक स्रोतहरूको प्रयोग गर्नु पर्ने बाध्यात्मक अवस्था रहेको हुन्छ । यो अनुसन्धानमा पनि त्यस्ता बाध्यताहरू प्रसस्त रहेका छन् । बाँके जिल्लामा रहेका चिडिमार जातिका बस्तीहरूमा प्राथमिक स्रोत सङ्कलन गर्न जाने क्रममा उनीहरूले सेधिएका प्रश्नहरूको जवाफ दिन हिचकिचाउने, केहीले हाँसिमजाकमा उडाउने प्रयास गर्ने, खास गरी चिडिमार जातिका महिलाहरूले 'फोकट्में पुछत्है' भन्दै जवाफ दिएवापत केही उपहारको अपेक्षा गर्ने र केही नपाउने आभास पाएपछि कुरै नगरी आफ्नो घरभित्र पस्ने जस्ता समस्याहरू पनि आएका थिए । चिडिमार जातिका पुरुषहरूले भने त्यसरी भाग्ने प्रयास नगरी, किन सोधेको ? यो केका लागि काम लाग्छ । यसबाट हामीलाई के फाइदा हुन्छ ? भन्नेजस्ता प्रश्नहरू गर्दै यस्ता धेरै मान्छेहरू सोध्न आए तर हामीलाई केही पनि दिएनन् भन्ने गरेका र उनीहरूलाई शोधको उद्देश्यका बारेमा प्रस्टसँग जानकारी दिएपछि मात्र उत्तर दिन उत्सुक भएको पाइएको थियो । कतिपय ठाउँमा मलाई फुर्सद छैन भन्दै आफ्नो काममा गइहाल्ने र शोधार्थीका कुरै नसुन्ने गरेको अनुभव पनि रहेको छ ।

स्रोत सङ्कलनका क्रममा चिडिमार जातिका मानिसहरू अवधी भाषा बोल्ने र शोधार्थीले नेपाली भाषामा प्रश्न गर्दा केही अप्ठ्यारो महसुस भएको थियो । चिडिमार बस्तीमा खासगरी विहानको समयमा मात्र मानिसहरू भेट हुने र साँझको समयतिर प्राय लोग्ने मानिसहरू जाँडरक्सी खाएर घरमा आउने हुनाले उनीहरूसँग अनावश्यक विवादको सामना पनि गर्नु पर्ने अवस्था आएको थियो । केही मानिसहरू काम गरेर थाकेर घरमा आएका बेला बोल्दा झिजो मान्ने गरेका पनि भेटिएका थिए । स्रोत सङ्कलनकै क्रममा साँझपख चिडिमार बस्तीमा हिड्दा त्यति उपयोगी नहुने अनुभव प्राप्त भएको थियो । त्यसैले प्रायः विहान र दिउँसोको समयमा स्रोत

सङ्कलन गर्ने कार्य गरिएको थियो । एक-दुई पटक जाँदैमा आवश्यक स्रोत नजुट्ने, पहिलो पटक भेट हुँदा चिडिमार जातिका मानिसहरू खुलेर कुरा गर्न नचाहने, उनीहरूका भित्री कुरा बुझ्न निकै मिहिनेत गर्नु पर्ने अवस्था आएको थियो । प्राप्त स्रोतहरूको वैधता परीक्षण गर्न एउटै प्रश्न धेरै व्यक्तिलाई सोध्नु पर्दा पनि केही अप्ठ्याराहरू आएका थिए । केही विषयवस्तु दुईवटाका बीचमा बाँझिएपछि तेस्रो, चौथोसँग पनि त्यस्ता समान प्रश्न राखेर तथ्य पत्तालगाउने प्रयास गरिएको थियो । यसरी स्रोत सङ्कलनका क्रममा चिडिमार समुदायका सबै मानिसहरूको एकै किसिमको व्यवहार भने रहेको थिएन । कतिपय यस जातिका मानिसहरूले आफूले जानेका कुरा खुलस्त भन्ने र त्यस विषयमा जानकारी भएका अन्य मानिसहरू भएको ठाउँसम्म पुऱ्याइदिएर सहयोग गर्ने पनि गरेका थिए । त्यसरी सहयोग गर्नेहरूमा रामु चिडिमार, गयादिन चिडिमार, दुर्गा चिडिमार, कोइली चिडिमार, भागरानी चिडिमार, आकादशी चिडिमार, महाबल चिडिमार आदि थिए ।

सिमित स्रोत र साधनका साथै विभिन्न कठिनाइका वावजुत पनि धैर्यताका साथ स्रोत सङ्कलन कार्यमा निरन्तर लागेर तयार पारिएको यस शोध प्रतिवेदनले चिडिमार जातिका सामाजिक-सांस्कृतिक अवस्था, स्वास्थ्य, महिला, बालबालिका, ऐतिहासिक विषयवस्तु, जीविकोपार्जनमा आएका कठिनाईहरू र वर्तमान अवस्थामा यस जातिमा आएका परिवर्तनका विषयवस्तु यथार्थ रूपले बाहिर आउन सकेको हुनाले सन्तोष गर्ने अवस्था भने रहेको छ ।